# भिमसेनथापा गाउँपालिका

# वस्तुगत विवरण, २०८२



नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय, गोरखा**

(गोरखा, लमजुङ, मनाङ)

ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, सामाजबाद उन्मुख नमुना गाउँपालिका

# भिमसेनथापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खान्चोक, गोरखा, गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४

चलानी नं. :

मिति: २०८३/०४/०१

**हार्दिक शुभकामना**

सूचना-संचारको आजको युगमा तथ्य-तथ्याङ्कको महत्व अधिक छ। सूचनाको शक्ति र तथ्याङ्कको मूल्यलाई आत्मसाथ गरी नेपालका प्रथम प्रधानमन्त्री मुख्तियार राष्ट्रिय विभूति भिमसेनथापाको नाम बाट नामाकण गरीएको भिमसेनथापा गाउँपालिका, खाञ्चोकले पालिकालाई ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजवाद उन्मूख नमूना गाउँपालिका बनाउने ध्येय अनूरुप पालिकाको आवधिक योजना, जनगणना, पशु गणना, किसान सूचिकरण, पारिवारीक स्वास्थ्य प्रोफाइल, आइ एल जी प्रोफाइल, एन वास, यातायात गुरुयोजना, जग्गाको बर्गीकरण लगायतका बैज्ञानिक तथ्याङ्कलाई एकिकृत गरी तुलनात्मक अध्ययन अन्वेषण गरी स्थानिय सरकारकै डाटा बैंक/डाटा सर्वर निर्माण र व्यवस्था गरी प्रदेश र संघ सरकारको तय्याङ्क अध्यावधिक गर्ने/ गरिरहने कार्यलाई निरन्तर्ता दिने गरी राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गतको तथ्याङ्क समन्वय कार्यालय गोरखाले भिमसेनथापा गाउँपालिकामा छरिएर रहेका तथ्याङ्कहरुलाई एकिकृत गरि **भिमसेनथापा गाउँपालिकाको वस्तुगत विवरण-२०८२** तयार गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ। स्थानीय नीति निर्माता, योजनाकार, अनुसन्धानकर्ता, अध्येता र सञ्चारकर्मीहरुका लागि खण्डकृत तथ्याङ्कको माग दिनानुदिन बढ्दै गइरहेको अनुभव हामीले गरेका छौ। यस प्रकाशनले भिमसेनथापा गाउँपालिकाको जनसाङ्ख्यिक, शैक्षिक, आर्थिक, सामाजिक, भौगोलिक सहित विभिन्न तथ्याङ्कहरुलाई स्थानिय तह अनुसारको तथ्याङ्क एकीकृत गरी आम प्रयोगकर्ताहरुको उपयोगको लागि उपलव्ध गराउने प्रयास गरेको छ। आगामी दिनमा यस प्रकाशनले तथ्याङ्क भण्डार समृद्ध हुनुका साथै प्रयोगकर्ताहरुको माग निकै हदसम्म सम्बोधन भई नीति निर्माता, योजनाविद्, अनुसन्धानकर्ता, विद्यार्थी, तथा सरोकारवालाहरुको निम्ति निकै सहयोगी हुने विश्वास मैले लिएको छु।

स्थानीय सरकारको वडास्तरसम्मका तथ्याङ्कहरु संग्रहित गर्ने यस्तो महत्त्वपूर्ण गाउँपालिका प्रोफाइल तयार गर्न खटिनु भएका तथ्याङ्क समन्वय कार्यालयका प्रमुख लगायत सम्पूर्ण तथ्याङ्क समन्वय कार्यालय परिवार र यहाँको तथ्याङ्क संकलन, उपलब्ध गराउन सहयोग पुर्याउने यस गाउँपालिकाका परिवार लाई धन्यवाद दिदै आगामी वर्षमा अझै परिस्कृत यथार्थपरक तथ्याङ्क प्रकाशनलाई समयानुकल अद्यावधिक गर्दै नवीन संस्करण प्रकाशन गर्न प्राथमिकता दिदै जाने प्रतिबद्धता सहित सबैमा हार्दिक शुभकामना ब्यक्त गर्दछु।

लोक प्रसाद बंजारा

**अध्यक्ष**

Email: bhimsenthapagaupalika@gmail.com, website: www.bhimsenthapamun.gov.np, Contact No: 9856010045

गाउँ टोल घर-घरमा स्थानीय सरकार

ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, सामाजबाद उन्मुख नमुना गाउँपालिका
भिमसेनथापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खान्चोक, गोरखा, गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं. :
मिति: २०८३/०४/०१

## हार्दिक शुभकामना

भिमसेनथापा गाउँपालिकाको समग्र परिचय, उपलब्ध स्रोत–साधन, जनसाङ्ख्यिक अवस्था, सामाजिक तथा आर्थिक संरचना, पूर्वाधार विकासलगायत विविध पक्षलाई समेटेर **'भिमसेनथापा गाउँपालिका वस्तुगत विवरण–२०८२ (Bhimsenthapa Rural Municipality Profile–2082)'** प्रकाशन हुनु अत्यन्तै सुखद् र प्रशंसनीय कार्य हो।

स्थानीय सरकारलाई उत्तरदायी, प्रभावकारी तथा परिणाममुखी बनाउन यथार्थपरक तथ्य र प्रमाणमा आधारित योजना तथा निर्णय आवश्यक हुन्छ। यस सन्दर्भमा तयार गरिएको यो वस्तुगत विवरण गाउँपालिकाको वर्तमान अवस्थालाई स्पष्ट रूपमा उजागर गर्ने महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित हुने विश्वास लिएको छु। यसले विकासका सम्भावना, चुनौती तथा प्राथमिकताहरू पहिचान गर्न सहयोग पुऱ्याउनुका साथै भविष्यका नीति, योजना तथा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण आधार प्रदान गर्नेछ।

यस प्रकाशनबाट जनप्रतिनिधि, कर्मचारी, विकास साझेदार, अनुसन्धानकर्ता, विद्यार्थी तथा अन्य सरोकारवालाहरूले आवश्यक तथ्याङ्क सहज रूपमा प्राप्त गरी अध्ययन, विश्लेषण र निर्णय प्रक्रियामा उपयोग गर्न सक्नेछन् भन्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यस महत्वपूर्ण प्रकाशनको तयारीमा समर्पित भई योगदान पुऱ्याउनुहुने राष्ट्रिय तथ्याङ्क कार्यालय अन्तर्गतको तथ्याङ्क समन्वय कार्यालय गोरखा, गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबै महानुभावहरूप्रती हार्दिक कृतज्ञता व्यक्त गर्दछु। आगामी दिनमा पनि यस्ता तथ्यमा आधारित प्रकाशनहरू निरन्तर परिमार्जित र अद्यावधिक हुँदै जाने विश्वासका साथ सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

अमृता देवी वस्ती (भट्ट)
**उपाध्यक्ष**

Email: bhimsenthapagaupalika@gmail.com, website: www.bhimsenthapamun.gov.np, Contact No: 9856010045
गाउँ टोल घर-घरमा स्थानीय सरकार

ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, सामाजबाद उन्मुख नमुना गाउँपालिका

# भिमसेनथापा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खान्चोक, गोरखा, गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०८३/०८४
चलानी नं. :

मिति: २०८३/०४/०१

भिमसेनथापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खान्चोक, गोरखा २०७३

**हार्दिक शुभकामना**

तथ्याङ्क समन्वय कार्यालय, गोरखाले समग्र भिमसेनथापा गाउँपालिकाको वस्तुस्थिति झल्किने गरी भिमसेनथापा गाउँपालिका वस्तुगत विवरण-२०८२ (Bhimsenthapa Rural Municipality Profile-2082) प्रकाशन गर्न सहजीकरण गरिदिनु भएकोमा अत्यन्तै खुशी लागेको छ।

यस गाउँपालिकाको सर्वाङ्गिण सन्तुलित विकासको लागि उत्कृष्ट नीति, योजना निर्माण र सोको कार्यान्वयन जति महत्त्वपूर्ण छ सो भन्दा बढी नीति र योजना निर्माणको महत्त्वपूर्ण आधार सही तथ्याङ्क हो भन्ने कुरामा दुइमत छैन। यस प्रकाशनले गाउँपालिकालाई आगामी वर्षका नीति तथा योजना निर्माणमा सहि मार्ग निर्देश गर्नेछ भने गाउँपालिकाको विभिन्न क्षेत्रमा अध्ययन गर्ने अनुसन्धानकर्ताहरुलाई समेत आधारभूत तथ्याङ्क उपलव्ध गराई ठूलो सहयोग पुग्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यो प्रकाशन तयार गर्न खटिनुहुने तथ्याङ्क समन्वय कार्यालयका कार्यालय प्रमुखज्यू, कार्यालय परिवार एवम् गाउँपालिकाका जनप्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै यस किसिमको प्रकाशनको निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु।

चित्र बहादुर अधिकारी
**प्रमुख प्रशासकीय अधिकृत**

Email: bhimsenthapagaupalika@gmail.com, website: www.bhimsenthapamun.gov.np, Contact No: 9856010045
गाउँ टोल घर-घरमा स्थानीय सरकार

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय, गोरखा
(गोरखा,लमजुङ,मनाङ)

प.सं.- ०८२/८३
च.नं.

## मन्तव्य

"**भिमसेनथापा गाउँपालिका वस्तुगत विवरण, २०८२**" भिमसेनथापा गाउँपालिका र तथ्याङ्क समन्वय कार्यालय गोरखाको सहकार्यमा तयार पारिएको हो। राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित जनगणना, कृषि गणना, आर्थिक गणना, गरिबीको लघु क्षेत्र अनुमानका नतिजाहरु र स्थानीय तह "भिमसेनथापा गाउँपालिका" को शिक्षा, स्वास्थ्य तथा अन्य सेवा प्रवाह सम्बन्धी प्रशासकीय अभिलेखलाई एकीकृत गरेर प्रस्तुत गरिएको छ।

सही तथ्याङ्कले समाजको वास्तविक स्वरुप प्रस्तुत गर्दछ। पालिकाको जनसाङ्ख्यिक, आर्थिक तथा सामाजिक अवस्था प्रतिविम्बित गर्ने यस प्रकाशनले **कृषि, पर्यटन र दिगो पूर्वाधार सहितको समृद्ध भिमसेनथापा गाउँपालिका निर्माणको** परिकल्पना साकार पार्न वास्तविक तथ्यमा आधारित नीति तथा योजना तर्जुमा गर्ने दिशामा महत्त्वपूर्ण योगदान गर्नेछ। यो प्रकाशन भिमसेनथापा गाउँपालिका प्रति चासो राख्ने सबै जनप्रतिनिधि, योजनाकार, शिक्षक, विद्यार्थी, पत्रकार र अनुसन्धानकर्ताका लागि सन्दर्भ सामग्री बन्ने अपेक्षा गरेको छु।

यो महत्त्वपूर्ण कार्य सम्पन्न गर्न मार्गदर्शन गर्ने राष्ट्रिय तथ्याङ्क कार्यालय प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। तथ्याङ्क उपलब्ध गराउन सहयोग पुर्‍याउनुहुने भिमसेनथापा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु प्रति आभारी छु। यो वस्तुगत विवरण तयार गर्ने क्रममा तथ्याङ्क संकलन, प्रविष्टि र विश्लेषण गर्ने कार्यमा योगदान दिनहुने सुपरिवेक्षक श्री विनोद विनोद विश्वकर्मा, सुपरिवेक्षक श्री युवराज चुडाल र खरिदार श्री नविन भण्डारीलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, आगामी दिनमा परिमार्जित तथा अद्यावधिक संस्करण प्रकाशन हुँदैजाने विश्वास लिएको छु। पाठकहरुबाट रचनात्मक सुझाव र प्रतिक्रिया प्राप्त हुने छ र प्राप्त सुझावको आधारमा यस संस्करणलाई थप परिस्कृत गरिदै लगिनेछ।

शिवलाल शर्मा
तथ्याङ्क समन्वय अधिकारी

.....

फोन नं. ०६४-४२०१९८ Email: sogorkha98@gmail.com


ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ समृद्ध, समाजवाद उन्मुख नमुना गाउँपालिका
गाउँ टोल घर-घरमा स्थानिय सरकार
बलिदान राष्ट्रका लागि
राणा विरोधी ४ अमर शहीद (राणाकाल)
सुखानीका अमर शहीदहरु (पञ्चायतकाल)
महान जनयुद्धका अमर शहीदहरु

# विषय सूची


परिचय ...................................................................................................................... ६

१.१ भिमसेन थापा गाउँपालिकाको सक्षिप्त परिचय ........................................................ ६

१.२ भौगोलिक अवस्थिति ......................................................................................... ७

१.३ भिमसेन थापा गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक विभाजन ........................ ८

१.४ गाउँपालिकाको वडा अनुसारको नक्सा .................................................................. ८

१.५ भिमसेन थापा गाउँपालिकाको कार्यालय देखि मातहतका वडा कार्यालय सम्मको दुरी ९

१.६ भू–उपयोग ........................................................................................................ ९

१.७ प्रमुख नदी र खोलाहरु ....................................................................................... ९

१.८ खानी र खनिज ................................................................................................. १०

१.९ प्राकृतिक सम्पदाः हावापानी वनस्पति तथा वन्यजन्तु ............................................ १०

१.१० ऐतिहासिक पृष्ठभुमि ......................................................................................... ११

१.११ सांस्कृतिक विविधता ........................................................................................ ११

१.१२ प्रमुख ऐतिहासिक, धार्मिक स्थलहरु तथा परम्परा एवं चाडपर्वहरु ........................ १२

१.१२.१ गाउँपालिका भित्रका प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरु ............................. १२

१.१२.२ गाउँपालिका भित्र मनाइने प्रमुख धार्मिक परम्पराहरु ........................................ १३

१.१२.३ गाउँपालिका भित्र मनाइने प्रमुख चाडपर्वहरु ...................................................... १३

१.१३ प्रमुख पर्यटकीय स्थलहरु ................................................................................ १३

१.१४ प्रमुख पदमार्गहरू .......................................................................................... १४

१.१५ भिमसेनथापा गाउँपालिकामा रहेका प्रमुख व्यापारी केन्द्र सम्वन्धी विवरण ......... १४

जनसांख्यिक विवरण .................................................................................................. १५

२.१ जनसंख्या, लैङ्गिक अनुपात, परिवारको औषत आकार, जनघनत्व, जनसंख्या वृद्धिदर र साक्षरता१५

२.२ परिवारको औषत आकार .................................................................................. १८

२.३ लैङ्गिक अनुपात .............................................................................................. १९

२.४ उमेरगत जनसंख्या ........................................................................................... २०

२.५ पाँच वर्ष उमेरसमूह अनुसार जनसंख्याको संरचना ............................................... २४

२.५ पाँच वर्ष उमेरसमूह अनुसार जनसंख्याको संरचना .................................... २६
२.७ उमेर अनुसार परिवारमुलीको संख्या ................................................ २७
२.८ गाउँपालिकामा जातजातिको अवस्था ................................................ २८
२.९ मातृभाषाको अवस्था........................................................................ ३१
२.१० दोस्रो भाषा अनुसारको जनसंख्या ................................................ ३२
२.११ पुर्खाको भाषा अनुसारको जनसंख्या ............................................... ३३
२.१२ धर्म सम्बन्धी विवरण .................................................................. ३४
२.१३ जनसंख्याको वैवाहिक स्थिति........................................................ ३५
२.१४ पहिलो विवाह गर्दाको उमेर......................................................... ३७
२.१५ अपाङ्गता सम्बन्धी विवरण........................................................... ३९
२.१६ वडाअनुसार अक्सर बसोबास गर्ने जनसंख्या र अनुपस्थित जनसंख्या............. ४१
२.१७ पाँच वर्ष उमेर समूहगत गाउँपालिका र वडागत जनसंख्या.......................... ४१
२.१८ वडाअनुसार बालबालिका (०—१७ वर्ष) अनुपात ...................................... ४९
२.१९ वडाअनुसार अपाङ्गता भएका व्यक्तिहरुको विवरण .................................. ५०
२.२० वडाअनुसार परिवारको संरचनागत विवरण.............................................. ५०
**घर तथा पारिवारिक विवरण ..............................................................५१**
३.१ घरको मुख्य प्रयोग............................................................................ ५१
३.२ घरको आयु ..................................................................................... ५२
३.३ घरको तला ..................................................................................... ५३
३.४ आवासीय घर निर्माणमा सरकारी अनुदान प्राप्त परिवार............................. ५३
३.७ बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको विवरण ..................................... ५६
३.८ घर वा आवसीय एकाइको स्वामित्व...................................................... ५७
३.१० घरको बाहिरी गारो.......................................................................... ५९
३.११ घरको छानो.................................................................................. ६०
३.१२ घरको भुईं अनुसार पारिवारीक विवरण................................................ ६२
३.१३ परिवारमा खानेपानीको मुख्य स्रोत..................................................... ६३
३.१४ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन ................................ ६५
३.१६ परिवारले प्रयोग गर्ने शौचालय........................................................... ६७

३.१७ परिवारले उपयोग गरेका साधन र सुविधाहरु.......................................... ६९
३.१८ परिवारमा अनुपस्थित (विदेश गएका) व्यक्ति ............................................ ७२
३.१९ परिवारमा अनुपस्थित व्यक्तिको उमेर समूह अनुसारको विवरण...................... ७२
३.२० अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देश अनुसारको विवरण...................... ७४
३.२१ अनुपस्थित विदेश रहेका व्यक्तिको विदेश जानुको कारण अनुसारको विवरण..... ७५
३.२४ घर तथा जग्गामा महिलाको स्वामित्व ................................................... ७६
३.२५ मृत्यु सम्बन्धी विवरण ........................................................................ ७६
३.२६ मृत्यु भएको व्यक्तिको उमेर समूह अनुसारको विवरण ................................ ७७
३.२७ विगत १२ महिनामा मृत्यु भएको कारण.................................................. ७८
३.२८ १५ देखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको अवस्था.............................. ७९
शैक्षिक तथ्याङ्क ................................................................................... ८१
४.१ विद्यालयको प्रकार अनुसार कक्षागत विद्यार्थी संख्या ..................................... ८१
४.२ शैक्षिक संस्थाहरूको विवरण ................................................................. ८१
४.३ स्थानीय तह भित्रका सामुदायिक विद्यालयको विवरण .................................. ८१
४.४ तहगत शिक्षक विवरण.......................................................................... ८२
४.५ अध्ययनरत विद्यार्थीको तहगत संख्या....................................................... ८३
४.६ शैक्षिक स्तर पूरा भएको जनसंख्या विवरण................................................ ८३
४.७ साक्षरता दर वर्ष वा सो भन्दा ५) माथिको उमेरका( ...................................... ८४
४.८ साक्षर जनसंख्याले उर्तिण गरेको तहसम्बन्धी विवरण .................................. ८६
४.९ हालस्कूल गईरहेका वा विगतमा गएको जनसंख्याको विवरण ......................... ८७
४.१० अध्ययन गरेको क्षेत्र .......................................................................... ८९
बसाईसराई सम्बन्धी विवरण ..................................................................... ९३
५.१ जन्मस्थानको आधारमा जनसंख्या .......................................................... ९३
५.२ जन्मेको देश ....................................................................................... ९४
५.३ पछिल्लो पटक बसाई सरेको स्थानको आधारमा जनसंख्या............................ ९४
५.४ मुलुकभित्रकै अर्को स्थानबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण......... ९५
५.६ विदेशबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण..............................१००

स्वास्थ्य र प्रजनन सम्बन्धी विवरण ............................................................. १०२
६.१ स्वास्थ्य संस्थाहरुको विवरण ..................................................................१०२
६.२ स्वास्थ्य संस्थाको जनशक्ति विवरण ..........................................................१०२
६.३ स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत (पछिल्लो ३ आ.व. को तथ्याङ्क).....१०३
६.४ दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउने प्रतिशत (पछिल्लो ३ आ.व. को).........१०३
६.५ खोप कभरेज..............................................................................................१०४
६.६ ५ वर्षमुनिका बच्चाहरुको तौल अनुगमन र कुपोषित प्रतिशत.......................१०४
६.७ जीवनकाल भरि जन्माएका बच्चाको संख्या अनुसारको महिला संख्या .............१०४
६.८ जीवितै जन्मिएका, जन्मिएर मरेका र हालसम्म जीवित बच्चाहरुको विवरण......१०६
६.९ विगत १२ महिनामा जीवितै जन्मिएका बच्चाहरु र जन्माएका महिलाहरुको संख्या१०७
आर्थिक क्रियाकलाप सम्बन्धी विवरण.......................................................... १०९
७.१ आर्थिक कार्य गरेको अवधि.........................................................................१०९
७.२ आर्थिक क्रियाकलाप सम्बन्धी विवरण........................................................११०
७.३ आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या ...........................१११
७.४ आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या ..................११२
७.५ आर्थिक काममा संलग्नताको प्रकार अनुसारको विवरण...............................११३
७.६ आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण.....................................११५
७.७ आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण.....................................११६
७.८ गाउँपालिकामा कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको विवरण ११७
७.१० आर्थिक काम नगर्नुको कारण ...............................................................११८
७.११ स्थानीय तहमा रहेका बैंक तथा वित्तीय संस्थासम्वन्धी विवरण २०८२........११९
कृषि वन तथा वातावारण तथ्याङ्क ............................................................. १२१
८.२ पछिल्लो तीन आ.व. को पशु संख्या सम्बन्धी विवरण.................................१२१
८.३ दुध तथा मासुको उत्पादनसम्बन्धी विवरणः आ व २०८१।८२ सम्म ...........१२१
८.४ कृषक परिवार संख्या सहितको कृषि भूमीको विवरण .................................१२३
८.५ जग्गाको स्वामित्वअनुसार जग्गा कमाउने परिवार संख्या र जग्गाको क्षेत्रफल ....१२३

८.६ कृषिचलनले चलन गरेको जग्गाको उपयोग ............................................१२४
८.७ विभिन्न अस्थायी बालीको क्षेत्रफल तथा कृषक परिवार संख्या ......................१२५
८.८ मुख्य अस्थायी बाली लागेका जग्गाको क्षेत्रफल तथा कृषक परिवार संख्या.......१२६
८.९ बगैचाको रुपमा लगाइएका जम्मा स्थायी बाली र कृषक परिवार संख्या ..........१२७
८.१० बगैचाको रुपमा लगाइएका मुख्य स्थायी बालीको विवरण .........................१२८
८.११ प्रमुख बालीहरुमा कृषि सामग्री प्रयोग गर्ने कृषक परिवार संख्या.................१२९
८.१२ पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार ................................१३१
८.१३ कृषि कामदारको किसिम र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या .........१३२
८.१४ कृषि कामदारको किसिम र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या .........१३३
८.१५ कृषि ऋृण, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार संख्या...................१३३
८.१६ जलवायु परिवर्तन बारेमा जानकार कृषक परिवार संख्या ..........................१३४
८.१७ कृषि चलनबाट निस्किएका फोहोरको व्यवस्थापन गरेका कृषक परिवार संख्या१३५
८.१८ लिङ्गअनुसार मुख्य कृषक तथा कृषक परिवारको संख्या ...........................१३६
८.१९ लिङ्गअनुसार कृषि तालिम तथा कृषि क्रियाकलापमा सरदर दिएको समय उल्लेख गर्ने कृषक परिवारको जनसंख्या..........................................................................१३६
८.२० कृषि चलनमा परिवारमूली र कृषि चलनको स्थिति.................................१३७
८.२१ कृषि चलनको प्रमुख क्रियाकलापअनुसार कृषक परिवार संख्या ..................१३८
८.२२ कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या १३८
८.२३ कृषक परिवार र आम्दानी सम्वन्धी विवरण ..........................................१३९

**सेवाप्रवाह र विविध..................................................................................१४१**

९.१ स्थानीय न्यायिक समितिको मुद्दा व्यवस्थापन सम्वन्धी...............................१४१
९.२ स्थानीय तहको विगत पाँच वर्षको आय र व्ययको विवरण.........................१४१
९.३ व्यक्तिगत घटना दर्ताको तथ्याङ्क ........................................................१४१
९.४ भिमसेन थापा गाउँपालिकाभित्र वडाका मतदाता संख्या..............................१४२
९.५ भिमसेन थापा गाउँपालिकाका जनप्रतिनिधीहरु.........................................१४२
अनुसूची १ जनसंख्या प्रक्षेपण : ............................................................१४५
अनुसूची २ तथ्याङ्क समन्वय कार्यालयहरु तथा कार्यक्षेत्रहरु :..............................१४६

अनुसूची ३ परिभाषा र विधि : जनसांख्यिक सूचकहरु :......................................१४७
अनुसूची ४: अवधारणा र परिभाषा..........................................................................१५२
सन्दर्भ सूची ..........................................................................................................१५४

**तालिका सूची**

तालिका २परिवार संख्या १., जनसंख्या, लैङ्गिक अनुपात, औषत आकार जनघनत्व र साक्षरता ..........१६
तालिका २गा २..पाको वडागत जनसांख्यीक विवरण ..........१६
तालिका २अक्सर बसोबासको स्थान अनुसारको विवरण : ३..........१७
तालिका २गाउँपालिकाको उमेरगत जनसंख्या ४. ..........२१
तालिका २वर्ष उमेर समुह अनुसार जनसंख्या ५ गाउँपालिकामा ५..........२४
तालिका २वर्ष उमेर समुह अनुसार जनसंख्या ५ गाउँपालिकामा ५..........२७
तालिका २उमेर अनुसार परिवारमुलीको संख्या ७..........२७
तालिका २जातजाति अनुसारको जनसंख्या ८. ..........२९
तालिका २जातजाति विवरण १० गाउँपालिकामा रहेका प्रमुख ९..........२९
तालिका २१०.: गाउँपालिकामा मातृभाषा अनुसारको जनसंख्या ..........३१
तालिका २गाउँपालिकामा बोलिने दोस्रो भाषा अनुसारको जनसंख्या : ११..........३२
तालिका २.१२ : गाउँपालिकामा बोलिने पुर्खाको भाषा अनुसारको जनसंख्या विवरण..........३३
तालिका २.१३ : गाउँपालिकामा धर्म अनुसारको जनसंख्या..........३४
तालिका २.१४ : वैवाहिक स्थिती अनुसारको जनसंख्या ..........३६
तालिका २.१५ : दश वर्ष वा सो भन्दा माथिका जनसंख्याको पहिलो विवाह गर्दाको उमेर..........३८
तालिका २.१६ : अपाङ्गता सम्बन्धी विवरण ..........४०
तालिका २.१७ : अपाङ्गताको प्रकार अनुसारको जनसंख्या..........४०
तालिका २वडाअनुसार अक्सर बसोबास गर्ने जनसंख्या : १८., स्वदेश अनुपस्थित जनसंख्या, विदेश अनुपस्थित जनसंख्या..........४१
तालिका २पाँच वर्ष उमेर समूहगत गाउँपालिका र वडागत जनसंख्या .१९..........४१
तालिका २ वडाअनुसार बालबालिका २०.(०वर्ष १७—) अनुपात ..........४९
तालिका २वडाअनुसार अपाङ्गता भएका व्यक्तिहरुको विवरण २१..........५०
तालिका २वडाअनुसार परिवारको संरचनागत विवरण २२..........५०
तालिका ३१.: घरको मुख्य प्रयोग अनुसारको विवरण (प्रतिशतमा) ..........५१
तालिका ३(प्रतिशतमा)घरको आयु अनुसारको विवरण : २. ..........५२
तालिका ३घरको तला अनुसारको विवरण : ३. (प्रतिशतमा)..........५३
तालिका ३आवासीय घर निर्माणमा सरकारी अनुदान प्राप्त :४..........५४
तालिका ३बैंक तथा वित्तीय संस्थामा बैंकखाता सम्बन :५.्धी विवरण(प्रतिशतमा)..........५५

तालिका ३(प्रतिशतमा) प्राविधिक तथा व्यवसायिक शिक्षा वा तालिम सम्बन्धी विवरण :६................ ५६
तालिका ३७.: बैंक तथा वित्तीय संस्थावाट ऋण लिएको विवरण................................................ ५६
तालिका ३८.: घरको स्वामित्व अनुसार परिवार संख्या र प्रतिशत........................................... ५७
तालिका ३९.: घरको जग अनुसार परिवार संख्या र प्रतिशत.................................................. ५८
तालिका ३१०.: घरको बाहिरी गारो अनुसार परिवार संख्या र प्रतिशत.................................... ६०
तालिका ३घरको छानो अनुसार परिवार संख्या र प्रतिशत :११.................................................. ६१
तालिका ३१२.: घरको भुई अनुसार परिवार संख्या र प्रतिशत.................................................. ६२
तालिका ३१३.: पिउने पानीको मुख्य स्रोतको आधारमा परिवार संख्या र प्रतिशत....................... ६४
तालिका ३घरमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनको आधारमा परिवार संख्या र :१४. प्रतिशत ........................................................................................................................... ६५
तालिका ३परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोतको आधारमा परिवार संख्या र :१५. प्रतिशत ........................................................................................................................... ६७
तालिका ३परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार संख्या र प्रतिशत :१६............. ६८
तालिका ३सुविधा परिवार संख्या र प्रतिशत/घरयासी साधन :१७............................................ ७०
तालिका ३१८.: परिवारमा अनुपस्थित विदेश.......................................................................... ७२
तालिका ३परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिहरुको विदेश जाँदाको उमेर तथा : १९. लिङ्ग अनुसारको संख्या र प्रतिशत विवरण..................................................................................................... ७३
तालिका ३ २०.:अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देश अनुसारको विवरण........................... ७४
तालिका ३ २१.: परिवारमा अनुपस्थित रहनुको कारण अनुसारको विवरण.................................. ७५
तालिका ३महिलाको स्वामित्वमा घर जग्गाको विवरण : २४.................................................. ७६
तालिका ३२५.: जनगणनाको समय भन्दा १२ महिना अगाडि कम्तिमा एक जनाको मृत्यु भएको परिवार संख्या र मृत्युको संख्या..................................................................................................... ७७
तालिका ३२६.: मृत्यु भएको व्यक्तिको उमेर समूह अनुसार को विवरण...................................... ७८
तालिका ३२७.: मृत्यु भएको व्यक्तिको मृत्युको कारण ........................................................... ७९
तालिका ३२८.: १५ देखि ४९ बर्षका महिलाको मृत्यु हुँदाको अवस्था....................................... ८०
तालिका ४शैक्षिक उपलब्धि सम्बन्धी विवरण १. ..................................................................... ८३
तालिका ४साक्षरता दर सम्बन्धी विवरण २. ............................................................................ ८५
तालिका ४३. साक्षर जनसंख्याले उतिर्ण गरेको तह.................................................................. ८७
तालिका ४.४ हाल स्कुल गईरहेका वा विगतमा स्कुल गएको जनसंख्याको विवरण........................ ८८

तालिका ४.५ अध्ययन गरेको क्षेत्र अनुसारको साक्षर जनसंख्याको विवरण....................................९०
तालिका ५१. : गाउँपालिकाको जन्मस्थानको आधारमा जनसंख्या................................................९३
तालिका ५ विदेशमा जन्म भएकाहरु : २.जन्म भएको देश अनुसारको जनसंख्या विवरण..................९४
तालिका ५.३ पछिल्लो पटक बसाई सरेको स्थानको आधारमा जनसंख्या .............................................९५
तालिका ५अर्को पालिका र अर्को जिल्लाबाट यस पालिकामा बसोबास गर्न आउको कारण ४............९६
तालिका ५५.: यस अघिको बसोबास विदेश हुनेहरुको बसोबास गरेको देश...................................९९
तालिका ५यस अघिको बसोबास विदेश हुनेको यस पालिकामा बसोबास गर्न आउनुको कारण ६....१००
तालिका ६भिमसेन थापा गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण :१......................१०२
तालिका ६२.: भिमसेन थापा गाउँपालिकाका स्वास्थ्य संस्थाहरुमा रहेका जनशक्ति सम्बन्धि विवरण..१०२
तालिका ६ १.: १५ वर्ष देखि ४९ वर्षको महिलाले अहिलेसम्म जीवित जन्माएको बच्चाको संख्या र महिलाको उमेर समूहको आधारमा महिलाको संख्या ।..........................................................१०५
तालिका ६वर्षको महिलाले अहिलेसम्म जन्माएका जीवित बच्चाहरुर ४९ देखि २ १५., जीवित जन्मेर मरेका बच्चाहरु र अहिलेसम्म जीवित रहेका बच्चाहरुको संख्या..............................................१०६
तालिका ६महिनामा जीवित जन्माएको बच्चाको संख्याको १२ वर्षको महिलाले विगत ४९ देखि ३ १५. आधारमा उमेर समूह अनुसार महिलाको संख्या...................................................................१०७
तालिका ७आर्थिक कार्य गरेको अवधिको आधारमा जनसंख्याको वितरण १..............................१०९
तालिका ७ आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको २.जनसंख्या........................................११०
तालिका ७आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण ३.....................................................१११
तालिका ७आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य पेशा अनुसारको विवरण ४.(१० वर्ष वा सो भन्दा बढी उमेरका(...................................................................................................११२
तालिका ७आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य औद्योगिक क्षेत्र अनुसारको विवरण ५.............११३
तालिका ७६. रोजगारीको अवस्था अनुसार आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण वर्ष वा सो १०) भन्दा बढी उमेरका)...............................................................................................११५
तालिका ७आर्थिक रुपले सक्रिय ७. जनसंख्याको मुख्य कामको संस्थागत क्षेत्र अनुसारको विवरण १०) वर्ष वा सो भन्दा बढी उमेरका)..............................................................................११६
तालिका ७ गाउँपालिकामा साना घरेलु. ८.ब्यवसाय सञ्चालन गर्ने परिवार संख्या र प्रतिशत............११७
तालिका ७९. : गाउँपालिकामा साना घरेलु ब्यवसाय सञ्चालन गर्ने पुरुष र महिलाको संख्या र प्रतिशत ........................................................................................................................११८

तालिका ७ आर्थिक काम नगर्नुको कारण अनुसार जनसंख्याको विवरण १०.(१० वर्ष वा सो भन्दा माथि(
..............................................................................................................११९
खाद्यान्न बाली..............................................................................................................१२१
तालिका नं१.८ . कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता संख्या, औषत कित्ता संख्या तथा सिंचित क्षेत्रफल
..............................................................................................................१२३
तालिका नं२.८ . जग्गाको स्वामित्वअनुसार जग्गा कमाउने परिवार संख्या तथा कमाएको जग्गाको क्षेत्रफल
..............................................................................................................१२४
तालिका ८३. कृषिचलनले चलन गरेको जग्गाको उपयोग.....................................................१२५
तालिका ८विभिन्न अस्थायी बालीको क्षेत्रफल तथा कृषक परिवार संख्या ४................................१२६
तालिका ८स्थानीय तहअनुसार मुख्य अस्थायी बाली लागेका जग्गाको क्षेत्रफल तथा कृषक परिवार संख्या ५.
..............................................................................................................१२७
तालिका ८बगैचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल ६., बोट संख्या, छरिएर रहेका बोट संख्या र कृषक परिवार संख्या..............................................................................१२८
तालिका ८बगैचाको रुपमा लगाइएका मुख्य स्थायी बालीको विवरण ७....................................१२९
तालिका ८ प्रमुख बालीहरुमा कृषि सामग्री ८.(बीउविजन, विषादी, मलप्रयोग गर्ने कृषक परिवार संख्या (
..............................................................................................................१३०
तलिक ८पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार ९............................................१३१
तालिका ८कृषि कामदारको किसिमअनुसार कामदारहरुको संख्या र कामदार प् १०.रयोग गर्ने कृषक परिवार संख्या..............................................................................................................१३२
तालिका ८ कृषि कामदारको किसिमअनुसार कामदारहरुको संख्या र कामदार प्रयोग गर्ने कृषक परिवार ११. संख्या..............................................................................................................१३३
तालिका ८कृषि ॠण १२., थप ॠणको आवश्यकता, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार संख्या
..............................................................................................................१३४
तालिका ८जलवायु परिवर्तन बारे जानकारी राख्ने र कृषि कार्यमा जलवायु परिवर्तनले पुर्‍याएको १३. प्रभावअनुसार कृषक परिवार संख्या...........................................................................१३५
तालिका ८कृषि चलनबाट निस्किएका फोहोरको निम्नअनुसार व्यवस्थापन गरेका कृषक परिवार संख्या १४.
..............................................................................................................१३६
तालिका ८लिङ्गअनुसार मुख्य कृषकको संख्या तथा कृषक परिवारको जनसंख्या १५.....................१३६

तालिका ८ १० लिङ्गअनुसार कृषि तालिम तथा कृषि क्रियाकलापमा सरदर दिएको समय उल्लेख गर्ने १६. वर्ष वा सोभन्दा माथी उमेरका कृषक परिवारको जनसंख्या....................................................१३७
तालिका ८कृषि चलनमा परिवारमूली र कृषि चलनको स्थिति १७. ..........................................१३८
तालिका ८कृषि चलनको प्रमुख उत्पादन १८./क्रियाकलापअनुसार कृषक परिवार संख्या...............१३८
तालिका ८ १९.कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या..१३९
तालिका ८कृषक परिवारको आम्दानीको मुख्य स्रोत २०., आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषि चलनको अवस्था तथा परिवारलाई खान नपुग्ने अवधिअनुसार कृषक परिवार संख्या........................................................................................१४०
तालिका ९वडा अनुसारको मतदाता संख्या १. ....................................................................१४२
तालिका ९भिमसेन थापा गाउँपालिकाका जनप्रतिनिधीहरु २. ...................................................१४२
तालिका ९को भिमसेन थापा गाउँपालिकाको मतपरिणाम २०७९ स्थानीय तह निर्वाचन ६.............१४३

## खण्ड – १

# परिचय

## १ १. भिमसेन थापा गाउँपालिकाको सक्षिप्त परिचय

नेपालको संबिधान, २०७२ बमोजिम नेपाल सरकारले स्थानिय निकायहरुको पुनःसंरचना को लागि गठन गरेको उच्च स्तरिय आयोगले २०७३ पुष २२ मा नेपाल सरकारलाई बुझाएको प्रतिबेदन नेपाल सरकारले परिमार्जन गरि २०७३ फागुन २७ गतेवाट स्थानिय तह लागु गर्ने निर्णय अनुसार गण्डकी प्रदेशको ऐतिहासिक तथा प्राचिन महत्व बोकेको गोरखा जिल्लामा अबस्थित बोर्लांगको चण्डीथोक गाउँमा जन्मिनुभएको नेपालका प्रथम तथा सबै भन्दा लामो समय सम्म पदमा रहेका नेपालका मुख्तियार तथा रास्ट्रिय विभुति भिमसेन थापाको नाम वाट यस भिमसेनथापा गाउँपालिकाको नामाकरण गरिएको हो। पूर्वमा बुढिगण्डकी (आरुघाट बुङ्कोटघाट), पश्चिममा गोरखा गाउँपालिका र दरौदी, उत्तरमा मोतिखोला (आरुघाट गाउँपालिका) र ताल खोला (बारपाक सुलिकोट गाउँपालिका) दक्षिणमा ज्यादुल खोला (सहिद लखन गाउँपालिका) को बिचमा अवस्थित साविकको मसेल, तान्द्राङ, धावा, बगुवा, अश्राङ्ग र वोर्लाङ्ग गा.वि.स. लाई मिलाएर भिमसेनथापा गाउँपालिका वनेको हो। भिमसेनथापा गाउँपालिकाको क्षेत्रफल १०१.३५ वर्ग कि मि , जनसंख्या १६,९८६ ( राष्ट्रिय जनगणना २०७८ को तथ्यांक) र वडाहरुको संख्या ८ रहेको छ।

जातजाती र समुदायलाई हेर्दा भिमसेनथापा गाउँपालिकाको वडा नम्बर १ मसेलमा ब्राम्हण, क्षेत्री, बराम, नेवार र दलित, वडा नम्बर २ सिद्धकाली अमरवस्तीमा ब्राम्हण, क्षेत्री र दलित वडा नम्बर ३ तान्द्राङ्गमा ब्राम्हण, क्षेत्री, दलित, बराम र भुजेल, वडा नंम्बर ४ धावामा ब्राम्हण, क्षेत्री, दलित, नेवार र तामाङ्ग वडा नम्बर ५ बगुवामा नेवार, ब्राम्हण क्षेत्री, दलित र बराम, वडा नम्बर ६ अश्राङ्गमा मगर, बाम्हण, क्षेत्री, नेवार, दलित र मुस्लिम, बडा नम्बर ७ र ८ वोर्लाङ्गमा दलित, नेवार, ब्राह्मण, क्षेत्री, दराई र कुमाल समुदायको बसोबास रहेको छ ।

सडक पूर्वाधारको हिसावले देशकै प्रमुख मार्गको रुपमा निर्माण भईरहेको पूर्वपश्चिम मध्यपहाडी लोकमार्गले यस गाउँपालिकाको वडा नं १, मसेल वडा नं. २, सिद्धकाली अमरवस्ती र वडा नं ३ तान्द्राङ्ग जोडेको छ भने यो लोकमार्गले आरुघाटदेखि निवेलसम्मको विकासको ढोका खुलेको छ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा निर्माण गर्न लागिएको बुढिगण्डकी जलविद्युत आयोजनाको सबै भन्दाबढि प्रभावित क्षेत्र आरुघाटदेखि बुङ्कोटघाट विचमा भिमसेन थापा गाउँपालिकाको वडा नं.३ तान्द्राङ्ग, वडा नं.४ धावा, वडा नं. ७ र ८ वोर्लाङ्ग पर्दछ ।

हरियो वन, नेपालको धन भन्ने भनाईलाई आत्मासाथ गर्दै ठूलो बन क्षेत्रले ओगटेको यस गाउँपालिकाले वन क्षेत्रको संरक्षण र सम्बद्र्धन गर्दै वनलाई जनताको आयआर्जनसँग जोड्न सक्ने पालिकासंग प्रसस्त सम्भावना रहेका छन्। कृषि, पर्यटन, साना तथा मझौला उद्योग व्यवस्थित गर्नसके थुप्रै रोजगारीको अवसर सृजना गर्नसक्ने अवस्था पालिकासंग रहेको छ। शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको क्षेत्रमा गुणस्तर काम गर्नु र गरिएका सबै प्रयासहरुलाई प्रविधिमैत्री बनाउँदै पारदर्शी र छिटोछरितो बनाउन निरन्तर प्रयास भइरहेको छ। भिमसेनथापा गाउँपालिकालाई ग्रेट (गौरव गर्न लायक), स्मार्ट (छिटोछरितो र सुन्दर) सम्वृद्ध (विकसित अभाव र तनावरहित) हरियाली, स्वच्छ र सु-संस्कृत समाजवाद उन्मुख समाजवादको नमुना योग्य आधारशिला बनाउन सकिने पालिकासंग प्रचुर सम्भावना छन्।

## १.२ भौगोलिक अवस्थिति

| क स | विवरण | मान |
|---|---|---|
| १ | देशान्तर | ८४° ४३' पुर्व |
| २ | अक्षाश | २८° ०२' उत्तर |
| ३ | सिमाना | पुर्व - धादिङ जिल्ला<br>पश्चीम - गोरखा गाउँपालिका र सिरानचोक गाउँपलिका<br>उत्तर - सुलिकोट गा.पा. र आरुघाट गा.पा.<br>दक्षिण —शहिद लखन गाउँपलिका |
| ४ | न्युनतम उचाइ | मीटर |
| ५ | अधिकतम उचाइ | मीटर |
| ६ | क्षेत्रफल | १०१.३५ बर्ग कि.मी. |
| ७ | कुल जनसंख्या | १६,९८६ |
| ८ | घरधुरी संख्या | ५,२३९ |
| ९ | जनघनत्व | ४०८ प्रति वर्ग किमी. |
| १० | नगरको प्रसासनिक | ८ वटा वडा |
| ११ | प्रसासकिय केन्द्र | खान्चोक |
| १२ | हावापानी | ठन्डा समशीतोष्ण |

*स्रोत:— भिमसेन थापा गाउँपालिका*

## १ ३.भिमसेन थापा गाउँपालिकाको राजनीतिक तथा प्रशासनिक विभाजन

| क्र.सं. | वडाहरु | समावेश गाविस / गाउँपालिका | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | मसेल गा. वि. स. (९-१) | २,८८५ | १४.९ |
| २ | २ | तान्द्राङ्ग गा. वि. स (८-५) | ५,१५६ | ४.३४ |
| ३ | ३ | तान्द्राङ्ग (४-१) | ४,८१५ | ११.८ |
| ४ | ४ | धावा (९-१) | ६,८६९ | १६.१ |
| ५ | ५ | बगुवा (९-१) | ६,१०६ | ६.४ |
| ६ | ६ | अश्राङ्ग (९-१) | ३,९१७ | १८.९ |
| ७ | ७ | वोर्लाङ्ग (१,४,८,९) | ४,०२७ | ११.३ |
| ८ | ८ | वोर्लाङ्ग (२,३,५,७) | ३,८०७ | १७.६ |
| | **जम्मा** | | **५९,२२७** | **१०१.३५** |

*स्रोत:— भिमसेन थापा गाउँपालिका*

## १.४ गाउँपालिकाको वडा अनुसारको नक्सा




*तथ्यांकीय प्रयोजको लागि तथ्याङ्क समन्वय कार्यालयद्वारा तयार पारिएको*

## १.५ भिमसेन थापा गाउँपालिकाको कार्यालय देखि मातहतका वडा कार्यालय सम्मको दुरी

| वडा नं. | स्थानिय तह रहेको ठाँउवाट वडा कार्यालय सम्मको दुरी | सडकको किसिम (गोरेटो पक्की सडक कच्ची सडक) |
|---|---|---|
| १ | ६.२ | पक्की सडक |
| २ | ७ | पक्की + कच्ची सडक |
| ३ | ११ | पक्की सडक |
| ४ | १४ | पक्की + ग्रावेल सडक |
| ५ | १.३ | पक्की सडक |
| ६ | ७.८ | पक्की सडक |
| ७ | १२.२ | पक्की + ग्रावेल सडक |
| ८ | १४.८ | पक्की + कच्ची सडक |

## १.६ भूउपयोग—

| सि. नं. | भूमिको प्रकार | क्षेत्रफल वर्गकिलोमिटर | प्रतिशत |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | १८०३.५३ | १७.८ |
| २. | आवास क्षेत्र | २७८८.७४ | २७.५ |
| ३. | वन क्षेत्र | ४२७९.६८ | ४२.२ |
| ४. | व्यवसायिक क्षेत्र | १३३.८४ | १.३ |
| ५. | नदी तथा ताल तलैया | १६६.५३ | १.६ |
| ६. | सार्वजनिक क्षैत्र | ९६७.६३ | ९.५ |
| | ओधोगिक क्षेत्र | ८.०९ | ०.१ |

*स्रोतः— भिमसेन थापा गाउँपालिका*

## १.७ प्रमुख नदी र खोलाहरु

| क्र.सं. | खोला तथा नदीहरू | पालिकामा जम्मा लम्बाई |
|---|---|---|
| १ | बूढीगण्डकी नदी (पूर्व सिमाना) | करिब १५ देखि १८ |
| २ | दरौंदी नदी (पश्चिम सिमाना) | करिब १० देखि १२ |
| ३ | मोती खोला उत्तर)सिमाना( | करिब ५ देखि ८ |
| ४ | ताल खोला (पश्चिम सिमाना-उत्तर) | करिब ५ देखि ८ |

| | | |
|---|---|---|
| ५ | ज्यादुल खोला (दक्षिण सिमाना) | करिब ५ देखि ८ |

*स्रोतः— भिमसेन थापा गाउँपालिका*

## १.८ खानी र खनिज

| सि.नं. | नाम | प्रमुख विशेषता |
|---|---|---|
| १ | | वालुवा उत्खनन् गर्ने |

*स्रोतः— भिमसेन थापा गाउँपालिका*

## १.९ प्राकृतिक सम्पदाः हावापानी वनस्पति तथा वन्यजन्तु

भिमसेन थापा गाउँपालिका भौगोलिक रूपमा समथर मैदानदेखि पहाडी भू–भागसम्म फैलिएको भएकाले यहाँको हावापानी समशीतोष्ण जलवायु प्रकारको छ। ४७० मिटरदेखि १७०० मिटर उचाइमा अवस्थित यस गाउँपालिकामा वर्षभर मध्यम तापक्रम रहन्छ र कृषि तथा वनस्पति वृद्धिका लागि अनुकूल वातावरण पाइन्छ। यहाँको उर्वरायुक्त माटो वनस्पति, नदि र नदिजन्य उत्पादन, खानी र विभिन्न प्रकारका वनस्पति तथा बन्यजन्तुहरु आदि रहेका छन् । यहाँ बिभिन्न प्रकारका बनहरुमा भौगोलिक स्वरूप अनुसारको विविधतामा पनि फरकपना देखिन्छ । केहि भूभागहरुमा कडा काठ तथा केहि क्षेत्रमा नरम काठका रुखहरु रहेका पाइन्छ। जैविक विविधताले समेत सम्पन्न विभिन्न सामुदायिक बन क्षेत्र समेत यस गाउँपालिका अन्तर्गत रहेको छ । प्राकृतिक रुपमा रहेका पर्यापर्यटन क्षेत्र, सम्म फाँटहरु र पहाडहरु समेत रहेका छन्। विविध हावापानी र भू–आकृतिक कारणले भिमसेन थापा गाउँपालिका जैविक विविधतामा धनी मानिन्छ। यस क्षेत्रमा रहेका वन, खोलानाला र डाँडाकाँडाले नगरको प्राकृतिक सुन्दरता र वातावरणीय सन्तुलन कायमराखेकाछन्। यस गाउँपालिकामा हुने मुख्य बनस्पति, बन्यजन्तुहरु तथा जडिबुटीहरु देहायका छन्

| | |
|---|---|
| वनस्पतिहरू | साल (सखुवा), खयर, सिमल, कर्मा (हल्दु), टिमुर, र बकाइनो, चिलाउने, कटुस (ढले कटुस, पात्ले कटुस), उत्तीस, महुआ, र सल्लो (खोटे सल्लो) आदि |
| वन्यजन्तुहरु | चितुवा (Leopard), वन बिरालो, रतुवा (Barking Deer), र बँदेल आदि |
| चराचुरुंगीहरु | कालिज (Pheasant), तित्रा, लुइँचे (जङ्गली कुखुरा), ढुकुर, भदौरे, न्याउली, र क्रेन/बकुल्ला (नदी तटीय क्षेत्रमा),चील, गिद्ध, र लाटोकोसेरो आदि। |
| जडीबुटीहरु | असुरो, तितेपाती, सिस्नो आदि। |

*स्रोतः— भिमसेन थापा गाउँपालिका*

## १.१० ऐतिहासिक पृष्ठभुमि

यस गाउँपालिकाको नामकरण नेपालका प्रथम प्रधानमन्त्री (मुख्तियार) तथा राष्ट्रिय विभूति भीमसेन थापा को नामबाट गरिएको हो। विक्रम संवत १८३२ मा भीमसेन थापाको जन्म यसै गाउँपालिकाको वडा नं. ४, बोरलाङ (साविकको बोरलाङ गाविस) मा भएको थियो। नेपालको भौगोलिक सिमाना विस्तार गर्न, अङ्ग्रेजहरूसँगको युद्ध (एङ्ग्लो-नेपाल युद्ध) का बेला राष्ट्रियताको रक्षा गर्न र नेपालमा आधुनिक प्रशासनिक, सैन्य तथा कानुनी सुधारहरू सुरु गर्न उनको अतुलनीय योगदान छ। आफ्ना ऐतिहासिक सपूतको सम्मानमा स्थानीय तहको पुनर्संरचना गर्दा यस पालिकाको नाम 'भीमसेनथापा गाउँपालिका' राखियो।

## ११.१ सांस्कृतिक विविधता

यस पालिकाभित्र ब्राह्मण, क्षेत्री, नेवार, मगर, गुरुङ, कुमाल, भुजेल तथा दलित समुदायको बाक्लो उपस्थिति छ।

थापा/क्षेत्री संस्कृतिः राष्ट्रिय विभूति भीमसेन थापाको जन्मथलो (बोरलाङ) समेत रहेकाले यहाँ क्षेत्री/थापा समुदायको ऐतिहासिक र पारिवारिक कुलपूजा (देवाली) तथा रीतिरिवाजको विशेष प्रभाव छ।

नेवारी संस्कृतिः आरुघाट, घ्याम्पेशाल, अश्राङ तथा पुराना व्यापारिक केन्द्र र बजारहरूमा नेवार समुदायको बाक्लो बसोबास छ। उनीहरूले आफ्नो रैथाने नेवारी संस्कृति र जात्राहरूलाई जीवन्त राखेका छन्।

मगर र गुरुङ संस्कृतिः पालिकाका माथिल्लो भेग र पहाडी गाउँहरूमा मगर र गुरुङ समुदायको आफ्नै मौलिक भेषभूषा, भाषा र रीतिरिवाज प्रचलित छन्।

यहाँ वर्षभरी नै विभिन्न परम्परागत र ऐतिहासिक जात्राहरू धुमधामका साथ मनाइन्छः

**भैरव जात्रा र लाखे नाचः** श्रीकृष्ण अष्टमी र गाईजात्राको अवसरमा घ्याम्पेशाल, आरुघाट बजार लगायतका नेवार बस्तीहरूमा परम्परागत लाखे नाच, भैरव जात्रा, र हिले नाच प्रदर्शन गरिन्छ।

सोरठी, मारुनी र कौरा नाचः मगर र गुरुङ समुदायको बाहुल्यता रहेका गाउँहरूमा विवाह, पर्व तथा विशेष उत्सवहरूमा मारुनी, सोरठी र कौरा जस्ता परम्परागत लोकनृत्यहरू प्रस्तुत गरिन्छ।

**झ्याउरे र रत्यौलीः** ब्राह्मण-क्षेत्री समुदायमा विवाह र व्रतवन्धका अवसरमा गाउने मौलिक रत्यौली र झ्याउरे गीतहरूको आफ्नै रौनक हुन्छ।

यस पालिकामा ऐतिहासिक र सामरिक महत्व बोकेका थुप्रै कोट तथा मन्दिरहरू छन्, जहाँ वर्षमा दुई पटक (बडादसैं र चैते दसैं) विशेष पूजा र मेला लाग्ने गर्छ

**तान्द्राङकोट र अश्राङकोट कालिका मन्दिरः** यी ऐतिहासिक कोटहरूमा परम्परागत रूपमा गरिने बली पूजा र दसैंको जमरा राख्ने विधिको ठूलो धार्मिक र सांस्कृतिक महत्व छ।

**स्थानीय देवीदेवताः** विभिन्न वडाहरूमा रहेका भीमसेन मन्दिर, माईका थानहरू, र शिव मन्दिरहरूमा स्थानीय समुदायले सामूहिक रूपमा पूजाआजा गर्ने गर्दछन्, जसले सामाजिक एकता बढाएको छ।

नेपालमा मनाइने मुख्य चाडपर्वहरू (दसैं, तिहार, माघे संक्रान्ति, चैते दसैं, तीज) बाहेक यहाँका केही विशिष्ट सांस्कृतिक पर्वहरू छन्ः

**साउने संक्रान्ति र तिज मेलाः** असारको रोपाईं सकिएपछि साउने संक्रान्ति मनाउने र भाद्र महिनामा महिलाहरूले मौलिक दर खाने र तीजका गीत गाउने परम्परा यहाँ निकै उत्साहजनक हुन्छ।

**तटीय क्षेत्रको कुमाल संस्कृतिः** दरौंदी र बूढीगण्डकी नदी किनारका रैथाने कुमाल समुदायको आफ्नै विशिष्ट सांस्कृतिक पहिचान र चाडपर्वहरू (जस्तै माघे संक्रान्तिमा नदी स्नान र विशेष पूजा) रहेका छन्।

## ११.२ प्रमुख ऐतिहासिक, धार्मिक स्थलहरु तथा परम्परा एवं चाडपर्वहरु

वडा नं. ४ बोरलाङको पिपलथोकमा भीमसेन थापा र उनको परिवारको पुरानो ऐतिहासिक हवेली (दरबार) को भग्नावशेष र इतिहास अझै पनि अवस्थित छ। यस ठाउँमा थापा वंशका पूर्वजहरू बस्ने गर्दथे। तत्कालीन समयमा यो क्षेत्र काठमाडौं र गोरखा दरबार जोड्ने एउटा महत्त्वपूर्ण रणनीतिक र प्रशासनिक विन्दुसमेत रहेको थियो।

तान्द्राङकोट र अश्राङकोट लगायतका क्षेत्रहरू ऐतिहासिक रूपमा सुरक्षा र निगरानीका लागि 'कोट' (गढी) का रूपमा प्रयोग गरिन्थे। बाइसे-चौबिसे राज्यकाल र गोरखा राज्यको प्रारम्भिक कालमा शत्रुहरूबाट जोगिन र सैन्य कमाण्ड पोस्ट खडा गर्न यी डाँडाहरूको प्रयोग हुन्थ्यो। आज पनि यी स्थानहरूमा ऐतिहासिक र धार्मिक महत्वका कोट देवीका मन्दिरहरू रहेका छन्।

### १.१२.१ गाउँपालिका भित्रका प्रमुख ऐतिहासिक तथा धार्मिक स्थलहरु

| सि.नं. | ऐतिहासिक धार्मिक स्थलहरु | अवस्थित ठाँउ |
|---|---|---|
| १ | तान्द्रङकोट कालिका मन्दिर | तान्द्राङ |
| २ | भीमसेन थापाको जन्मस्थल र ऐतिहासिक हवेली | पिपलथोक |
| ३ | अश्राङकोट | आश्राङ |
| ४ | बुङ्कोटघाट | बुढिगण्डकी किनार |

*स्रोतः— भिमसेन थापा गाउँपालिका*

## ११.२ २.गाउँपालिका भित्र मनाइने प्रमुख धार्मिक परम्पराहरु

| क्र.स. | स्थानीय जात्रा र मेला तथा पर्वहरूको नाम | मनाइने क्षेत्र र स्थान |
|---|---|---|
| १. | लाखे नाच र जात्रा | भिमसेनथापा गाउँपालिका |
| २. | भैरव जात्रा र हिले नाच | भिमसेनथापा गाउँपालिका |
| ३. | भीमसेन एकादशी जात्रा | भिमसेनथापा गाउँपालिका |
| ४. | तान्द्राङकोट र अश्राङकोट मेला | भिमसेनथापा गाउँपालिका |
| ५. | माघे संक्रान्ति मेला | बुङ्कोटघाट |
| ६. | हरितालिका तीज र औंसी मेला | |

*स्रोतः— भिमसेन थापा गाउँपालिका*

## ११.२ ३.गाउँपालिका भित्र मनाइने प्रमुख चाडपर्वहरु

| क्र.स. | चाडपर्वको नाम | मनाइने क्षेत्र र स्थान | जातजाती |
|---|---|---|---|
| १ | दशैं | भिमसेनथापा गाउँपालिका | ब्रामण,क्षेत्री,नेवार |
| २ | तिहार | भिमसेनथापा गाउँपालिका | ब्रामण,क्षेत्री,नेवार |
| ३ | तीज | भिमसेनथापा गाउँपालिका | ब्रामण,क्षेत्री,नेवार |
| ४ | मातातिर्थरकुशे औंसी | भिमसेनथापा गाउँपालिका | ब्रामण,क्षेत्री,नेवार |
| ५ | जनैपूर्णिमा | भिमसेनथापा गाउँपालिका | ब्रामण,क्षेत्री,नेवार |
| ६ | माघी पर्व | भिमसेनथापा गाउँपालिका | ब्रामण,क्षेत्री,नेवार |
| ७ | फागु पूर्णिमा | भिमसेनथापा गाउँपालिका | ब्रामण,क्षेत्री,नेवार |
| ८ | ठूलो एकादशी | भिमसेनथापा गाउँपालिका | ब्रामण,क्षेत्री,नेवार |
| ९ | इद | भिमसेनथापा गाउँपालिका | मुस्लिम |
| १० | ल्होसार | भिमसेनथापा गाउँपालिका | तामाङ |
| ११ | क्रिशमस | भिमसेनथापा गाउँपालिका | क्रिश्चियन |

*स्रोतः— भिमसेन थापा गाउँपालिका*

## १.१३ प्रमुख पर्यटकीय स्थलहरु

| सि.नं. | विवरण | अवस्थित ठाँउ |
|---|---|---|
| | **पर्यटकीय स्थलहरु** | |
राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालका ग्रामीण तथा पहाडी भेगमा अझै पनि कम तला भएका (१ र २ तला) घरहरूको बाहुल्यता रहेको स्पष्ट देखिन्छ। राष्ट्रिय स्तरमा १ तला भएका घरहरू ५९.८२% र २ तला भएका घरहरू २८.७८% रहँदा, गण्डकी प्रदेशमा भने १ तला (४५.७४%) र २ तला (४४.८३%) भएका घरहरूको अनुपात लगभग बराबर देखिन्छ। गोरखा जिल्लामा सबैभन्दा बढी ६७.१०% घरहरू एक तले रहेका छन् भने भिमसेनथापा गाउँपालिकामा ५६.२३% घरहरू एक तले र ४२.३८% घरहरू दुई तले रहेका छन्। समग्रमा, भिमसेनथापा गाउँपालिका र गोरखा जिल्ला दुवैमा ३ तला वा सोभन्दा माथिका घरहरूको संख्या निकै न्यून (भिमसेनथापामा करिब १.३%) मात्रै हुनुले यी क्षेत्रहरूमा भूकम्प प्रतिरोधी मापदण्ड र परम्परागत पहाडी आवासको शैली अनुरूप कम तलाका घर निर्माणमा जोड दिएको तथ्यलाई पुष्टि गर्दछ।यसको विस्तृत विवरण तलको तालिका ३.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.३ : घरको तला अनुसारको विवरण (प्रतिशतमा)**

| क्षेत्र | जम्मा घर संख्या | घरको तला अनुसार प्रतिशत | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५-७ | ८-९ | १० भन्दा | नखुलेको |
| नेपाल | ७५५२०६ | ५९.८२ | २८.७८ | ९.१७ | १.३० | ०.६४ | ०.०१ | ०.०० | ०.२८ |
| गण्डकी | ७७६६८६ | ४५.७ | ४४.८ | ७.७ | ०.९१ | ०.३१ | ०.० | ०.० | ०.४१ |
| गोरखा | ९६०५६ | ६७.१० | २८.९० | २.७५ | ०.६ | ०.१९ | ०.० | ०.० | ०.४६ |
| भिमसेनथा | ७३१४ | ५६.२३ | ४२.३८ | १.२६ | ०.०१ | ०.० | ०.० | ०.० | ०.०८ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३ ४ आवासीय घर निर्माणमा सरकारी अनुदान प्राप्त परिवार.

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर समग्रमा जम्मा १०.२७% र गण्डकी प्रदेशमा १४.७०% परिवारले मात्र सरकारी अनुदान प्राप्त गर्दा, भूकम्पको केन्द्रविन्दु आसपास रहेको गोरखा जिल्लामा ७०.२३% र भिमसेनथापा गाउँपालिकामा त झन्डै ८२.९३% परिवारले आवास निर्माणका लागि सरकारी

अनुदान लिएका छन्। भिमसेनथापामा जम्मा १६.५७% परिवारले मात्र अनुदान नलिएको देखिनुले यस क्षेत्रका बहुसंख्यक नागरिक भूकम्पबाट प्रभावित भई आवास पुनर्निर्माणको सरकारी अभियान र राहत प्याकेजमा पूर्ण रूपमा समेटिएको तथ्यलाई अकाट्य रूपमा पुष्टि गर्दछ। यसको विस्तृत विवरण तलको तालिमा ३.४ मा राखिएको छ ।

**तालिका ३.४ः आवासीय घर निर्माणमा सरकारी अनुदान प्राप्त**

| क्षेत्र | परिवार संख्या (संस्थागत बाहेक) | आवासीय घर निर्माणमा सरकारी अनुदान प्राप्त परिवारको प्रतिशतमा | | |
|---|---|---|---|---|
| | | लिएका | नलिएका | नखुलेको |
| नेपाल | ६६६०८४१ | १०.२७ | ८९.३३ | ०.४० |
| गण्डकी | ६६१६३२ | १४.७० | ८४.९७ | ०.३३ |
| गोरखा | ७१७२९ | ७०.२३ | २८.४३ | १.३४ |
| भिमसेनथापा | ५२३९ | ८२.९३ | १६.५७ | ०.५० |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.५ बैंक तथा वित्तीय संस्थामा बैंक खाता सम्बन्धी विवरण

माथि प्रस्तुत तथ्याङ्क अनुसार, राष्ट्रिय औसतको तुलनामा गण्डकी प्रदेश, गोरखा जिल्ला र भिमसेनथापा गाउँपालिकामा वित्तीय पहुँचको अवस्था समग्रमा सकारात्मक देखिन्छ। नेपालभर ६१.८९% परिवारको कम्तिमा एउटा बैंक खाता हुँदा गण्डकी प्रदेशमा यो दर सबैभन्दा बढी (७२.४०%) र भिमसेनथापा गाउँपालिकामा ६६.१२% रहेको छ, जसले स्थानीय तहमा वित्तीय चेतना राम्रो रहेको सङ्केत गर्छ। यद्यपि, व्यक्तिगत रूपमा बैंक खाता हुनेहरूको प्रतिशत भने अझै पनि न्यून छ, जसमा नेपालभर २५.५६% र भिमसेनथापामा २८.९७% मात्र रहेको देखिन्छ। विशेष गरी भिमसेनथापा गाउँपालिकामा पुरुष र महिलाबीच वित्तीय पहुँचमा ठूलो खाडल देखिन्छ, जहाँ पुरुषको खाता हुने दर ३७.४७% रहँदा महिलाको दर भने २१.९०% मात्रै सीमित छ, जसले आगामी दिनमा महिला केन्द्रित वित्तीय साक्षरता र पहुँचका कार्यक्रमहरू बढाउनुपर्ने आवश्यकतालाई औंल्याउँछ। गर्दछ। यसको विस्तृत विवरण तलको तालिमा ३.५ मा राखिएको छ ।

**तालिका ३.५: बैंक तथा वित्तीय संस्थामा बैंकखाता सम्बन्धी विवरण(प्रतिशतमा)**

| क्षेत्र | परिवार संख्या (संस्थागत बाहेक) | जनसंख्या (सस्थागत बाहेक) | | | कम्तिमा एउटा खाता भएको परिवारको प्रतिशत | बैंक खाता भएको व्यक्तिको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| नेपाल | ६६६०८४१ | २८९८५३६४ | १४११८९९१ | १४८६६३७३ | ६१.८९ | २५.५६ | २६.४२ | २४.७४ |
| गण्डकी | ६६१६३२ | २४६३६८७ | ११६८९०९ | १२९४७७८ | ७२.४० | ३४.६८ | ३३.९५ | ३५.३५ |
| गोरखा | ७१७२९ | २४८२८७ | ११६२३१ | १३२०५६ | ६४.४९ | २७.६४ | ३०.६९ | २४.९६ |
| भिमसेनथापा | ५२३९ | १६९८६ | ७७०७ | ९२७९ | ६६.१२ | २८.९७ | ३७.४७ | २१.९० |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.६ प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम

राष्ट्रिय जनगणना २०७८ अनुसार १८ वर्ष वा सोभन्दा माथिको जनसंख्यामा व्यावसायिक तथा प्राविधिक तालिम प्राप्त व्यक्तिहरूको अनुपात राष्ट्रिय, प्रादेशिक र स्थानीय तहमा लगभग समान प्रकृतिको देखिन्छ। गण्डकी प्रदेशमा कम्तिमा एक जना तालिम प्राप्त सदस्य भएका परिवारको हिस्सा सबैभन्दा बढी (१३.७४%) र १८ वर्षमाथिको जनसंख्यामा तालिम प्राप्त व्यक्तिहरूको प्रतिशत ६.७०% रहेको छ, जुन राष्ट्रिय औसत (५.६७%) भन्दा केही माथि हो। गोरखा जिल्ला (११.४८%) र भिमसेनथापा गाउँपालिका (११.४५%) मा भने तालिम प्राप्त परिवारको दर राष्ट्रिय औसत (१२.५५%) भन्दा सामान्य न्यून देखिन्छ। यद्यपि, भिमसेनथापा गाउँपालिकामा १८ वर्षभन्दा माथिका कुल नागरिकमध्ये ५.७४% ले प्राविधिक तालिम लिएको देखिन्छ, जुन गोरखा जिल्लाको औसत (५.५९%) र राष्ट्रिय औसतभन्दा थोरै बढी हो। समग्रमा, यी क्षेत्रहरूमा झन्डै ८८% भन्दा बढी परिवारमा अझै पनि कुनै पनि प्राविधिक वा व्यावसायिक तालिम प्राप्त जनशक्ति नभएकाले आगामी दिनमा स्थानीय तहमै रोजगारी र स्वरोजगार सिर्जना गर्न सीपमूलक तालिमको दायरा बढाउनुपर्ने आवश्यकता देखिन्छ। यसको विस्तृत विवरण तलको तालिका ३.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.६: प्राविधिक तथा व्यवसायिक शिक्षा वा तालिम सम्बन्धी विवरण (प्रतिशतमा)**

| क्षेत्र | परिवार संख्या (संस्थागत बाहेक) | १८ वर्ष र सो भन्दा माथिको जनसंख्या | व्यसायिक तथा प्राविधिक तालिम लिएको परिवार तथा जनसंख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | व्यसायिक तथा प्राविधिक तालिम लिएको व्यक्ति कम्तिमा १ जना भएको परिवार | | जनसंख्या | |
| | | | संख्या | प्रतिशत | व्यसायिक तथा प्राविधिक तालिम लिएको जनसंख्या | प्रतिशत (१८ वर्ष र सो भन्दा माथिको) |
| नेपाल | ६६६०८४१ | १९०७५२२४ | ८३६१२७ | १२.५५ | १०८१६४६ | ५.६७ |
| गण्डकी | ६६१६३२ | १७१५३०० | ९०९२६ | १३.७४ | ११४९८६ | ६.७० |
| गोरखा | ७१७२९ | १७६५०३ | ८२३८ | ११.४८ | ९८५९ | ५.५९ |
| भिमसेनथापा | ५२३९ | १२३९४ | ६०० | ११.४५ | ७११ | ५.७४ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.७ बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर समग्रमा २५.५९% र गण्डकी प्रदेशमा २५.२३% परिवारले बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको अवस्था रहँदा, गोरखा जिल्लामा भने २१.५२% र भिमसेनथापा गाउँपालिकामा २२.३८% परिवार मात्रै ऋणको दायरामा बाँधिएका छन्। यसको अर्थ भिमसेनथापा गाउँपालिकाका झन्डै ७७.६२% परिवारहरू बाह्य ऋण भारबाट मुक्त छन्, जुन वित्तीय आत्मनिर्भरता वा परम्परागत बचत गर्ने बानीका हिसाबले सकारात्मक मान्न सकिन्छ। यद्यपि, अर्को पाटोबाट हेर्दा यसले ग्रामीण क्षेत्रमा उद्यमशीलता, व्यावसायिक कृषि वा व्यापार व्यवसाय विस्तारका लागि औपचारिक बैंकिङ तथा वित्तीय संस्थाहरूबाट कर्जा परिचालनको दर अझै पनि बढाउनुपर्ने आवश्यकता रहेको संकेत गर्दछ। यसको विस्तृत विवरण तालिका ३.७ मा प्रस्तुत गरिएकोछ ।

**तालिका ३.७: बैंक तथा वित्तीय संस्थावाट ऋण लिएको विवरण**

| क्षेत्र | परिवार संख्या (संस्थागत बाहेक) | ऋण लिएका परिवाको प्रतिशत | |
|---|---|---|---|
| | | लिएको | नलिएको |
| नेपाल | ६६६०८४१ | २५.५९ | ७४.४१ |
| गण्डकी | ६६१६३२ | २५.२३ | ७४.७७ |
| गोरखा | ७१७२९ | २१.५२ | ७८.४८ |

| | | | |
|---|---|---|---|
| भिमसेनथापा | ५२३९ | २२.३८ | ७७.६२ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.८ घर वा आवसीय एकाइको स्वामित्व

राष्ट्रिय जनगणना २०७८ अनुसार यस भिमसेनथापा गाउँपालिकामा आफ्नै स्वामित्वको घरमा बस्ने परिवारहरूको हिस्सा अत्यधिक उच्च रहेको देखिन्छ, जसले ग्रामीण क्षेत्रको परम्परागत बसोबासको स्वरूपलाई प्रष्ट पार्छ। गाउँपालिकाभरिका कुल ५,२३९ परिवारमध्ये ९८.४५% (५,१५८ परिवार) आफ्नै घरमा बसोबास गर्छन् भने भाडामा बस्नेहरू जम्मा १.२२% (६४ परिवार) मात्र रहेका छन्। वडागत रूपमा हेर्दा, वडा नं. ५ मा सबैभन्दा बढी ९९.७८% परिवारको आफ्नै घर रहेको छ भने वडा नं. १ मा भाडामा बस्ने परिवारको संख्या (२८ परिवार) र संस्थागत आवासमा बस्नेको संख्या (७ परिवार) अन्य वडाको तुलनामा केही बढी देखिन्छ। वडा नं. १ गाउँपालिकाको प्रमुख प्रशासनिक वा व्यापारिक केन्द्र (जस्तै घ्याम्पेशाल क्षेत्र) हुनसक्ने भएकाले सरकारी कर्मचारी, शिक्षक वा व्यापारीहरू भाडामा बस्दा यहाँ गैर-निजी स्वामित्वको दर केही बढी देखिएको हो। समग्रमा, यस पालिकामा घरभाडा बजार निकै सानो रहेको र रैथाने बसोबासको बाहुल्यता रहेको तथ्यलाई यस तथ्याङ्कले पुष्टि गर्दछ। यसको विस्तृत विवरण तलको तालिका ३.८ प्रस्तुत गरिएको छ ।

**तालिका ३.८ः घरको स्वामित्व अनुसार परिवार संख्या र प्रतिशत**

| वडा नं | संख्या र प्रतिशत | जम्मा परिवार संख्या | घरको स्वामित्व | | | |
|---|---|---|---|---|---|---|
| | | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| १ | संख्या | १०१९ | ९८२ | २८ | ७ | २ |
| | प्रतिशत | १९.४५ | १९.०४ | ४३.७५ | ७७.७८ | २५.०० |
| २ | संख्या | ४८० | ४७६ | ४ | ० | ० |
| | प्रतिशत | ९.१६ | ९.२३ | ६.२५ | ०.०० | ०.०० |
| ३ | संख्या | ५०५ | ४९१ | १० | १ | ३ |
| | प्रतिशत | ९.६४ | ९.५२ | १५.६३ | ११.११ | ३७.५० |
| ४ | संख्या | ८५० | ८४२ | ६ | १ | १ |
| | प्रतिशत | १६.२२ | १६.३२ | ९.३८ | ११.११ | १२.५० |
| ५ | संख्या | ४४८ | ४४७ | १ | ० | ० |
| | प्रतिशत | ८.५५ | ८.६७ | १.५६ | ०.०० | ०.०० |
| ६ | संख्या | ७८३ | ७७६ | ६ | ० | १ |
| | प्रतिशत | १४.९५ | १५.०४ | ९.३८ | ०.०० | १२.५० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | संख्या | ५०७ | ५०१ | ५ | ० | १ |
| | प्रतिशत | ९.६८ | ९.७१ | ७.८१ | ०.०० | १२.५० |
| ८ | संख्या | ६४७ | ६४३ | ४ | ० | ० |
| | प्रतिशत | १२.३५ | १२.४७ | ६.२५ | ०.०० | ०.०० |
| जम्मा | संख्या | ५२३९ | ५१५८ | ६४ | ९ | ८ |
| | प्रतिशत | १०० | ९८.४५ | १.२२ | ०.१७ | ०.१५ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.९ घरको जग अनुसार परिवारको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार भिमसेनथापा गाउँपालिकामा परम्परागत र आधुनिक दुवै प्रकारका घरका जगहरूको समिश्रण रहेको देखिन्छ, जसमा सिमेन्ट र पिल्लर प्रविधिको बढ्दो प्रयोग स्पष्ट रूपमा झल्कन्छ। गाउँपालिकाभरिका कुल ५,२३९ घरहरूमध्ये सबैभन्दा बढी ४८.५६% (२,५४४ घर) माटो जडित इट्टा वा ढुङ्गाको जगमा बनेका छन् भने त्यसको लगत्तै पछि सिमेन्ट जडित इट्टा वा ढुङ्गाको जग भएका घरहरू ४३.२१% (२,२६४ घर) रहेका छन्। वडागत रूपमा हेर्दा, वडा नं. ४ (५६९ घर), वडा नं. ६ (५२० घर) र वडा नं. ७ (४२४ घर) मा अझै पनि माटो जडित परम्परागत जगको बाहुल्यता देखिन्छ। अर्कोतर्फ, वडा नं. १ (६६५ घर) र वडा नं. ३ (३५८ घर) मा सिमेन्ट जडित पक्की जग भएका घरहरूको संख्या उल्लेख्य रूपमा बढी छ। यद्यपि, आधुनिक ढलान पिल्लर (RCC) प्रविधिको जग भएका घरहरू गाउँपालिकाभर जम्मा ६.९५% (३६४ घर) मात्र रहेका छन्। यसको वडा अनुसार विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.९: घरको जग अनुसार परिवार संख्या र प्रतिशत**

| वडा नं | संख्या र प्रतिशत ( प्रतिशत) | जम्मा परिवार संख्या | घरको जग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | माटो जडित इट्टा/ ढुङ्गा | सिमेन्ट जडित इट्टा/ढुङ्गा | ढलान पिल्लर सहितको | काठ बाँसको खम्बा गाडेको | अन्य |
| १ | संख्या | १०१९ | २८३ | ६६५ | ६६ | २ | ३ |
| | प्रतिशत | १९.४५ | ११.१२ | २९.३७ | १८.१३ | ३.७७ | २१.४३ |
| २ | संख्या | ४८० | १३५ | ३०८ | ३६ | १ | ० |
| | प्रतिशत | ९.१६ | ५.३१ | १३.६० | ९.८९ | १.८९ | ०.०० |
| ३ | संख्या | ५०५ | ९५ | ३५८ | ४५ | ४ | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | ९.६४ | ३.७३ | १५.८१ | १२.३६ | ७.५५ | २१.४३ |
| ४ | संख्या | ८५० | ५६९ | २२२ | ३३ | २६ | ० |
| | प्रतिशत | १६.२२ | २२.३७ | ९.८१ | ९.०७ | ४९.०६ | ०.०० |
| ५ | संख्या | ४४८ | १५१ | २४८ | ४४ | ३ | २ |
| | प्रतिशत | ८.५५ | ५.९४ | १०.९५ | १२.०९ | ५.६६ | १४.२९ |
| ६ | संख्या | ७८३ | ५२० | १८७ | ६६ | ५ | ५ |
| | प्रतिशत | १४.९५ | २०.४४ | ८.२६ | १८.१३ | ९.४३ | ३५.७१ |
| ७ | संख्या | ५०७ | ४२४ | ४२ | ३० | ११ | ० |
| | प्रतिशत | ९.६८ | १६.६७ | १.८६ | ८.२४ | २०.७५ | ०.०० |
| ८ | संख्या | ६४७ | ३६७ | २३४ | ४४ | १ | १ |
| | प्रतिशत | १२.३५ | १४.४३ | १०.३४ | १२.०९ | १.८९ | ७.१४ |
| जम्मा | संख्या | ५२३९ | २५४४ | २२६४ | ३६४ | ५३ | १४ |
| | प्रतिशत | १०० | ४८.५६ | ४३.२१ | ६.९५ | १.०१ | ०.२७ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.१० घरको बाहिरी गारो

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस गाउँपालिकामा घरको बाहिरी गारो निर्माण गर्दा परम्परागत माटोको जोडाई भन्दा सिमेन्ट जडित आधुनिक गारोको प्रयोग बढी (५२.९८%) रहेको देखिन्छ, जसले आवासीय संरचनाहरू बिस्तारै पक्की बन्दै गएको संकेत गर्छ। गाउँपालिकाभरिका कुल ५,२३९ घरहरूमध्ये २,८०४ घरमा सिमेन्ट जडित इट्टा वा ढुङ्गाको बाहिरी गारो लगाइएको छ भने ४३.७२% (२,३१४ घर) मा अझै पनि स्थानीय माटो जोडाईको गारो प्रयोगमा छ। वडागत रूपमा हेर्दा, वडा नं. १ मा सबैभन्दा बढी ८३३ घरमा सिमेन्ट जडित आधुनिक गारो लगाइएको छ, जुन यस वडाको कुल घर संख्याको झन्डै ८१.७% हुन आउँछ। यसको विपरीत वडा नं. ४ (४६१ घर), वडा नं. ६ (४६७ घर) र वडा नं. ७ (४१५ घर) मा भने माटो जडित गारोको बाहुल्यता बढी देखिन्छ। यसका साथै, भूकम्पपछिको अस्थायी वा प्रवलिकरण (Retrofitting) संरचनाका रूपमा जस्ता/टिनको गारो प्रयोग गर्ने परिवारहरूको संख्या पालिकाभर जम्मा १.२८% (६८ घर) मात्रै छ, जसमध्ये सबैभन्दा बढी ३५ वटा घर वडा नं. ४ मा रहेका छन्। समग्रमा, यो तथ्याङ्कले पालिकाभित्र भौतिक पूर्वाधार र सुरक्षित पक्की आवास निर्माणमा उल्लेखनीय सुधार आएको तथ्यलाई प्रष्ट पार्छ। वडागत रुपमा घरको बाहिरी गारोको बनोट अनुसार परिवार संख्या र प्रतिशत विस्तृत रुपमा तलको तालिका ३.१० मा दिइएको छ ।

**तालिका ३.१०: घरको बाहिरी गारो अनुसार परिवार संख्या र प्रतिशत**

| वडा नं. | संख्या र प्रतिशत ( प्रतिशत ) | जम्मा परिवार संख्या | घरको बाहिरी गारो | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | माटो जडित इट्टा | सिमेन्ट जडित इट्टा | काठ/ फल्याक | बाँसजन्य सामाग्री | काँचो इट्टा | जस्ता/टिन | प्रिफ्याब | अन्य |
| १ | संख्या | १०१९ | १६५ | ८३३ | ३ | ० | ९ | ८ | ० | १ |
| | प्रतिशत | १९.४ | ७.१३ | २९.७१ | १३.०४ | ०.०० | ५२.९ | ११.७६ | ० | ५०.० |
| २ | संख्या | ४८० | १०९ | ३६९ | २ | ० | ० | ० | ० | ० |
| | प्रतिशत | ९.१६ | ४.७१ | १३.१६ | ८.७० | ०.०० | ०.०० | ०.०० | ० | ० |
| ३ | संख्या | ५०५ | १८० | ३०५ | ० | ४ | ० | १६ | ० | ० |
| | प्रतिशत | ९.६४ | ७.७८ | १०.८ | ०.०० | ३६.३६ | ०.०० | २३.५३ | ० | ० |
| ४ | संख्या | ८५० | ४६१ | ३४४ | ५ | १ | ४ | ३५ | ० | ० |
| | प्रतिशत | १६.२२ | १९.९२ | १२.२७ | २१.७४ | ९.०९ | २३.५३ | ५१.४७ | ० | ० |
| ५ | संख्या | ४४८ | १५० | २९१ | ० | ० | २ | ५ | ० | ० |
| | प्रतिशत | ८.५५ | ६.४८ | १०.३८ | ०.०० | ०.०० | ११.७६ | ७.३५ | ० | ० |
| ६ | संख्या | ७८३ | ४६७ | ३०७ | ३ | ० | १ | ४ | ० | १ |
| | प्रतिशत | १४.९ | २०.१ | १०.९५ | १३.०४ | ०.०० | ५.८८ | ५.८८ | ० | ५०.० |
| ७ | संख्या | ५०७ | ४१५ | ७८ | ८ | ६ | ० | ० | ० | ० |
| | प्रतिशत | ९.६८ | १७.९३ | २.७८ | ३४.७ | ५४.५ | ०.०० | ०.०० | ० | ० |
| ८ | संख्या | ६४७ | ३६७ | २७७ | २ | ० | १ | ० | ० | ० |
| | प्रतिशत | १२.३५ | १५.८६ | ९.८८ | ८.७० | ०.०० | ५.८८ | ०.०० | ० | ० |
| जम्मा | संख्या | ५२३९ | २३१४ | २८०४ | २३ | ११ | १७ | ६८ | ० | २ |
| | प्रतिशत | १०० | ४३.७ | ५२.९ | ०.४३ | ०.२१ | ०.३२ | १.२८ | ०.०० | ०.०४ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

# ३.११ घरको छानो

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस गाउँपालिकामा घरको छानो छाउनका लागि जस्तापाता (टिन) को प्रयोग अत्यधिक र सर्वव्यापी रहेको देखिन्छ, जुन भूकम्पपछिको सुरक्षित तथा हलुका आवास निर्माण नीतिको प्रत्यक्ष परिणाम हो। गाउँपालिकाभरिका कुल ५,२३९ घरहरूमध्ये ७८.७७% (४,१२७ घर) को छानो जस्ता/टिन/च्यादरले छाएको छ भने १९.०७% (९९९ घर) मा आधुनिक सिमेन्ट ढलान गरिएको छानो रहेको छ। वडागत रूपमा हेर्दा, वडा नं. ४ मा सबैभन्दा बढी ९०.००% र वडा

नं. ७ मा ८९.१५% घरहरूमा जस्ताको छानो रहेको देखिन्छ, जुन यस क्षेत्रमा परम्परागत खरको छानो पूर्ण रूपमा विस्थापित भएको सङ्केत हो। अर्कोतर्फ, पालिकाको मुख्य क्षेत्र वा बजार सुविधायुक्त वडा नं. १ (२९२ घर) र वडा नं. २ (१४८ घर) मा सिमेन्ट ढलान भएका आधुनिक घरहरूको अनुपात ३०% को हाराहारीमा पुगिसकेको छ। पहाडी भेगको परम्परागत मौलिकता बोकेको ढुङ्गा वा स्लेटको छानो भने पालिकाभर जम्मा १.७८% (९३ घर) मा मात्रै सीमित हुन पुगेको छ, जसमध्ये सबैभन्दा बढी २४ वटा घर वडा नं. ८ मा रहेका छन्। यसको विस्तृत विवरण तलको तालिका नं. ३.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ३.११: घरको छानो अनुसार परिवार संख्या र प्रतिशत**

| वडा नं. | संख्या र प्रतिशत ( प्रतिशत) | जम्मा परिवार संख्या | घरको छानो | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जस्ता/ टिन/ च्यादर | सिमेन्ट/ ढलान | खर/ पराल/ छवाली | टायल/खपडा/ झिंगटी | ढुंगा/ स्लेट | काठ/ फल्याक | माटो | अन्य |
| १ | संख्या | १०१९ | ७०६ | २९२ | ० | २ | १९ | ० | ० | ० |
| | प्रतिशत | १९.४५ | १७.११ | २९.२३ | ०.०० | ४०.०० | २०.४३ | ०.०० | ०.०० | ०.०० |
| २ | संख्या | ४८० | ३२५ | १४८ | १ | ० | ६ | ० | ० | ० |
| | प्रतिशत | ९.१६ | ७.८७ | १४.८१ | ९.०९ | ०.०० | ६.४५ | ०.०० | ०.०० | ०.०० |
| ३ | संख्या | ५०५ | ४४५ | ५१ | ० | २ | ७ | ० | ० | ० |
| | प्रतिशत | ९.६४ | १०.७८ | ५.११ | ०.०० | ४०.०० | ७.५३ | ०.०० | ०.०० | ०.०० |
| ४ | संख्या | ८५० | ७६५ | ८१ | १ | १ | १ | १ | ० | ० |
| | प्रतिशत | १६.२२ | १८.५४ | ८.११ | ९.०९ | २०.०० | १.०८ | ३३.३३ | ०.०० | ०.०० |
| ५ | संख्या | ४४८ | ३१४ | १२२ | ० | ० | ११ | १ | ० | ० |
| | प्रतिशत | ८.५५ | ७.६१ | १२.२१ | ०.०० | ०.०० | ११.८३ | ३३.३३ | ०.०० | ०.०० |
| ६ | संख्या | ७८३ | ६२१ | १४७ | ३ | ० | ११ | ० | ० | १ |
| | प्रतिशत | १४.९५ | १५.०५ | १४.७१ | २७.२७ | ०.०० | ११.८३ | ०.०० | ०.०० | १००.०० |
| ७ | संख्या | ५०७ | ४५२ | ४० | १ | ० | १४ | ० | ० | ० |
| | प्रतिशत | ९.६८ | १०.९५ | ४.०० | ९.०९ | ०.०० | १५.०५ | ०.०० | ०.०० | ०.०० |
| ८ | संख्या | ६४७ | ४९९ | ११८ | ५ | ० | २४ | १ | ० | ० |
| | प्रतिशत | १२.३५ | १२.०९ | ११.८१ | ४५.४५ | ०.०० | २५.८१ | ३३.३३ | ०.०० | ०.०० |
| जम्मा | संख्या | ५२३९ | ४१२७ | ९९९ | ११ | ५ | ९३ | ३ | ० | १ |
| | प्रतिशत | १०० | ७८.७७ | १९.०७ | ०.२१ | ०.१० | १.७८ | ०.०६ | ०.०० | ०.०२ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.१२ घरको भुईं अनुसार पारिवारीक विवरण

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस घरको भुईंको प्रकार हेर्दा परम्परागत माटोको भुईंलाई विस्थापित गर्दै आधुनिक सिमेन्ट प्लास्टर वा ढलान गर्ने क्रम निकै बढेको देखिन्छ। गाउँपालिकाभरिका कुल ५,२३९ घरहरूमध्ये बहुसंख्यक अर्थात् ६४.३३% (३,३७० घर) को भुईं सिमेन्ट ढलान वा प्लास्टर गरिएको छ भने ३३.१२% (१,७३५ घर) मा अझै पनि परम्परागत माटोकै भुईं रहेको छ। वडागत रूपमा हेर्दा, वडा नं. १ (८९० घर), वडा नं. ३ (४३३ घर) र वडा नं. २ (३९९ घर) मा सिमेन्टको भुईं भएका पक्की संरचनाहरूको हिस्सा ८०% भन्दा माथि रही निकै सुदृढ अवस्थामा देखिएको छ। यसको विपरीत, भौगोलिक विकटता वा ग्रामीण जनजीवनको प्रभावका कारण वडा नं. ७ (५८.१८%) र वडा नं. ८ (५३.९४%) मा भने अझै पनि आधाभन्दा बढी घरहरूमा माटोको भुईं नै प्रयोगमा छ। आधुनिक र खर्चिलो मानिने सेरामिक टायल वा मार्बलको प्रयोग भने पालिकाभर जम्मा ४ वटा घरमा मात्र सीमित रहनुले यस क्षेत्रमा महँगा आधुनिक निर्माण सामग्रीको पहुँच भर्खरै सुरुवाती चरणमा रहेको तथ्यलाई उजागर गर्दछ। यसको विस्तृत विवरण तलको तालिका ३.१२ मा देखाइएको छ ।

**तालिका ३.१२: घरको भुई अनुसार परिवार संख्या र प्रतिशत**

| वडा नं. | संख्या र प्रतिशत ( प्रतिशत) | जम्मा परिवार संख्या | घरको भुई | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | माटो | काठको फल्याक/ बाँस | इट्टा/ ढुंगा | सेरामिक टायल | सिमेन्ट ढलान | अन्य |
| १ | संख्या | १०१९ | ११३ | १२ | १ | १ | ८९० | २ |
| | प्रतिशत | १९.४५ | ६.५१ | १४.८१ | ५.८८ | २५.०० | २६.४१ | ६.२५ |
| २ | संख्या | ४८० | ७० | ७ | २ | ० | ३९९ | २ |
| | प्रतिशत | ९.१६ | ४.०३ | ८.६४ | ११.७६ | ०.०० | ११.८४ | ६.२५ |
| ३ | संख्या | ५०५ | ६४ | ७ | १ | ० | ४३३ | ० |
| | प्रतिशत | ९.६४ | ३.६९ | ८.६४ | ५.८८ | ०.०० | १२.८५ | ०.०० |
| ४ | संख्या | ८५० | ३६३ | १२ | ५ | ० | ४६४ | ६ |
| | प्रतिशत | १६.२२ | २०.९२ | १४.८१ | २९.४१ | ०.०० | १३.७७ | १८.७५ |
| ५ | संख्या | ४४८ | १६३ | ५ | १ | ० | २७७ | २ |
| | प्रतिशत | ८.५५ | ९.३९ | ६.१७ | ५.८८ | ०.०० | ८.२२ | ६.२५ |
| ६ | संख्या | ७८३ | ३१८ | १६ | ३ | १ | ४३७ | ८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | १४.९५ | १८.३३ | १९.७५ | १७.६५ | २५.०० | १२.९७ | २५.०० |
| ७ | संख्या | ५०७ | २९५ | १४ | ३ | ० | १९४ | १ |
| | प्रतिशत | ९.६८ | १७.०० | १७.२८ | १७.६५ | ०.०० | ५.७६ | ३.१३ |
| ८ | संख्या | ६४७ | ३४९ | ८ | १ | २ | २७६ | ११ |
| | प्रतिशत | १२.३५ | २०.१२ | ९.८८ | ५.८८ | ५०.०० | ८.१९ | ३४.३८ |
| जम्मा | संख्या | ५२३९ | १७३५ | ८१ | १७ | ४ | ३३७० | ३२ |
| | प्रतिशत | १०० | ३३.१२ | १.५५ | ०.३२ | ०.०८ | ६४.३३ | ०.६१ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.१३ परिवारमा खानेपानीको मुख्य स्रोत

राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार भिमसेनथापा बहुसंख्यक नागरिकहरूमा पिउने पानीका लागि पाइप प्रणाली (धारा) को पहुँच पुगिसकेको देखिन्छ, जसमा घरभित्रै वा परिसर भित्रको निजी धाराको हिस्सा निकै बलियो छ। गाउँपालिकाभरिका कुल ५,२३९ परिवारमध्ये ८१.३५% (४,२६२ परिवार) ले घरभित्र वा घर बाहिर सार्वजनिक/सामुदायिक धारा वा पाइपको पानी प्रयोग गरिरहेका छन्, जसमा ५५.८५% को घर परिसरभित्रै निजी धारा हुनुले खानेपानीको क्षेत्रमा भएको सकारात्मक विकासलाई दर्शाउँछ। वडागत रूपमा हेर्दा वडा नं. ६ (९६.६८%) र वडा नं. २ (९६.२५%) का प्रायः सबै घरधुरीमा धाराको पानी पुगेको देखिन्छ। यद्यपि, पालिकामा अझै पनि १५.४६% (८१० परिवार) पिउने पानीका लागि असुरक्षित मानिने नदी तथा खोलाको पानीमा निर्भर रहनुपर्ने बाध्यता छ, जसमा सबैभन्दा बढी वडा नं. १ का ३९१ परिवार (३८.३७%) र वडा नं. ४ का १२८ परिवार रहेका छन्। यसका साथै परम्परागत प्राकृतिक स्रोत जस्तै मुल धारा र इनार/कुवाको पानी प्रयोग गर्ने परिवार २.५६% रहेका छन्। वडा अनुसार परिवारमा पिउने पानीको मुख्य श्रोतको विस्तृत विवरण तलको तालिका ३.१३ देखाइएको छ ।

## तालिका ३.१३: पिउने पानीको मुख्य स्रोतको आधारमा परिवार संख्या र प्रतिशत

| वडा नं. | संख्या र प्रतिशत (प्रतिशत) | जम्मा परिवार संख्या | पिउने पानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धारा/पाइप (घर परिसर भित्र) | धारा/पाइप (घर परिसर बाहिर) | ट्युववेल/हातेपम्प | ढाकिएको इनार/कुवा | खुल्ला इनार/कुवा | मुल धारा | नदी/खोला | जार/बोतल | अन्य |
| १ | संख्या | १०१९ | ५५३ | ७० | ० | १ | ४ | ३९१ | ० | ० | ० |
| | प्रतिशत | १९.४५ | १८.९० | ५.२४ | ०.०० | २.३३ | ४.४० | ४८.२७ | ०.०० | ०.०० | ०.०० |
| २ | संख्या | ४८० | ४२१ | ४१ | ० | ० | १८ | ० | ० | ० | ० |
| | प्रतिशत | ९.१६ | १४.३९ | ३.०७ | ०.०० | ०.०० | १९.७८ | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३ | संख्या | ५०५ | २८७ | १९१ | ० | ० | ४ | २२ | ० | ० | १ |
| | प्रतिशत | ९.६४ | ९.८१ | १४.३० | ०.०० | ०.०० | ४.४० | २.७२ | ०.०० | ०.०० | ३३.३३ |
| ४ | संख्या | ८५० | २९४ | ३३१ | ० | ३९ | २९ | १२८ | २९ | ० | ० |
| | प्रतिशत | १६.२२ | १०.०५ | २४.७८ | ०.०० | ९०.७० | ३१.८७ | १५.८० | ९६.६७ | ०.०० | ०.०० |
| ५ | संख्या | ४४८ | २१४ | १९४ | ० | ० | ४ | ३६ | ० | ० | ० |
| | प्रतिशत | ८.५५ | ७.३१ | १४.५२ | ०.०० | ०.०० | ४.४० | ४.४४ | ०.०० | ०.०० | ०.०० |
| ६ | संख्या | ७८३ | ५५९ | १९८ | ० | ० | २२ | १ | १ | ० | २ |
| | प्रतिशत | १४.९५ | १९.१० | १४.८२ | ०.०० | ०.०० | २४.१८ | ०.१२ | ३.३३ | ०.०० | ६६.६७ |
| ७ | संख्या | ५०७ | २३७ | १४५ | ० | २ | १ | १२२ | ० | ० | ० |
| | प्रतिशत | ९.६८ | ८.१० | १०.८५ | ०.०० | ४.६५ | १.१० | १५.०६ | ०.०० | ०.०० | ०.०० |
| ८ | संख्या | ६४७ | ३६१ | १६६ | ० | १ | ९ | ११० | ० | ० | ० |
| | प्रतिशत | १२.३५ | १२.३४ | १२.४३ | ०.०० | २.३३ | ९.८९ | १३.५८ | ०.०० | ०.०० | ०.०० |
| जम्मा | संख्या | ५२३९ | २९२६ | १३३६ | ० | ४३ | ९१ | ८१० | ३० | ० | ३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | १०० | ५५.८५ | २५.५० | ०.०० | ०.८२ | १.७४ | १५.४६ | ०.५७ | ०.०० | ०.०६ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.१४ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन

राष्ट्रिय जनगणना २०७८ को प्राप्त नतिजा अनुसार भिमसेनथापा खाना पकाउने इन्धनका रूपमा अझै पनि परम्परागत जैविक ऊर्जा (काठ/दाउरा) को वर्चस्व अत्यधिक रहेको देखिन्छ, जसले वन क्षेत्रमाथिको परम्परागत निर्भरतालाई दर्शाउँछ। गाउँपालिकाभरिका कुल ५,२३९ परिवारमध्ये ७७.२१% (४,०४५ परिवार) ले खाना पकाउन मुख्य स्रोतका रूपमा दाउराकै प्रयोग गरिरहेका छन् भने आधुनिक र स्वच्छ इन्धनका रूपमा एल.पी. ग्याँस प्रयोग गर्ने परिवार २१.७८% (१,१४१ परिवार) रहेका छन्। वडागत रूपमा हेर्दा, विकट वा परम्परागत ग्रामीण परिवेश बढी भएका वडा नं. २ (८२.५०%) र वडा नं. ४ (८१.४१%) मा दाउराको प्रयोग सबैभन्दा उच्च छ। अर्कोतर्फ, तुलनात्मक रूपमा बजार क्षेत्र वा सुविधायुक्त मानिने वडा नं. ५ मा ग्याँस प्रयोगकर्ताको अनुपात सबैभन्दा बढी (३४.१५%) पुगेको छ। वातावरणीय दृष्टिले राम्रो मानिने बायोग्याँस (गोवरग्याँस) को प्रयोग पालिकाभर जम्मा ०.८४% (४४ परिवार) मा मात्र सीमित छ, जसमा वडा नं. ७ (१८ घर) र वडा नं. ८ (१४ घर) अगाडि देखिन्छन्। खाना पकाउन अक्सर प्रयोग गरिएको इन्धन अनुसारको परिवारको विस्तृत विवरण तलको तालिका ३.१४ देखाइएको छ ।

**तालिका ३.१४: घरमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनको आधारमा परिवार संख्या र प्रतिशत**

| वडा नं. | संख्या र प्रतिशत ( प्रतिशत) | जम्मा परिवार संख्या | खाना पकाउने इन्धनको मुख्य स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | काठ/ दाउरा | एल.पी.ग्याँस | बिजुली | गुइठा/ गोरहा | बायोग्यास | मट्टितेल | अन्य |
| १ | संख्या | १०१९ | ७९८ | २१७ | २ | ० | २ | ० | ० |
| | प्रतिशत | १९.४५ | १९.७३ | १९.०२ | ६६.६७ | ०.०० | ४.५५ | ०.०० | ०.०० |
| २ | संख्या | ४८० | ३९६ | ८३ | ० | ० | १ | ० | ० |
| | प्रतिशत | ९.१६ | ९.७९ | ७.२७ | ०.०० | ०.०० | २.२७ | ०.०० | ०.०० |
| ३ | संख्या | ५०५ | ३८५ | ११८ | १ | ० | १ | ० | ० |
| | प्रतिशत | ९.६४ | ९.५२ | १०.३४ | ३३.३३ | ०.०० | २.२७ | ०.०० | ०.०० |
| ४ | संख्या | ८५० | ६९२ | १५१ | ० | ० | २ | ५ | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | १६.२२ | १७.११ | १३.२३ | ०.०० | ०.०० | ४.५५ | ८३.३३ | ०.०० |
| ५ | संख्या | ४४८ | २९४ | १५३ | ० | ० | ० | १ | ० |
| | प्रतिशत | ८.५५ | ७.२७ | १३.४१ | ०.०० | ०.०० | ०.०० | १६.६७ | ०.०० |
| ६ | संख्या | ७८३ | ६१५ | १६२ | ० | ० | ६ | ० | ० |
| | प्रतिशत | १४.९५ | १५.२० | १४.२० | ०.०० | ०.०० | १३.६४ | ०.०० | ०.०० |
| ७ | संख्या | ५०७ | ३७८ | १११ | ० | ० | १८ | ० | ० |
| | प्रतिशत | ९.६८ | ९.३४ | ९.७३ | ०.०० | ०.०० | ४०.९१ | ०.०० | ०.०० |
| ८ | संख्या | ६४७ | ४८७ | १४६ | ० | ० | १४ | ० | ० |
| | प्रतिशत | १२.३५ | १२.०४ | १२.८० | ०.०० | ०.०० | ३१.८२ | ०.०० | ०.०० |
| जम्मा | संख्या | ५२३९ | ४०४५ | ११४१ | ३ | ० | ४४ | ६ | ० |
| | प्रतिशत | १०० | ७७.२१ | २१.७८ | ०.०६ | ०.०० | ०.८४ | ०.११ | ०.०० |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.१५ परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार भिमसेनथापा गाउँपालिकामा उज्यालोका लागि ऊर्जाको पहुँचमा पूर्ण साक्षरता वा उच्चतम सुधार भएको देखाउँछ, जहाँ परम्परागत र हानिकारक इन्धनहरू पूर्ण रूपमा विस्थापित हुने चरणमा पुगेका छन्। गाउँपालिकाका कुल ५,२३९ परिवारमध्ये ९७.६९% (५,११८ परिवार) मा राष्ट्रिय प्रसारण लाइन वा स्थानीय लघुजलविद्युत् मार्फत 'बिजुली' को पहुँच पुगिसकेको छ, जसले पालिकाको आधुनिक र तीव्र विकासको गतिलाई प्रस्तुत गर्दछ। वडागत रूपमा हेर्दा, सबै वडाहरूमा बिजुलीको पहुँच ९४% भन्दा माथि रहेको छ, जसमा वडा नं. ३ मा सबैभन्दा बढी ९८.८१% घरधुरी समेटिएका छन्। बिजुलीको वैकल्पिक उपायका रूपमा १.८५% (९७ परिवार) ले 'सोलार/सौर्य उर्जा' प्रयोग गरिरहेका छन्, जसमा भौगोलिक अवस्थिति वा प्राविधिक कारणले वडा नं. ५ का सबैभन्दा बढी २५ परिवार (५.५८%) आश्रित छन्। विगतमा बत्ती बाल्ने मुख्य माध्यम मानिने मट्टितेल र टुक्री बत्ती (अन्य स्रोत) को प्रयोग भने क्रमशः ०.३१% र ०.१५% मा झरेर लगभग शून्यको अवस्थामा पुगेको छ।वडा अनुसार बत्ती बाल्न प्रयोग गरिएको स्रोत अनुसारको परिवारको विस्तृत विवरण तलको तालिका ३.१५ देखाइएको छ ।

**तालिका ३.१५: परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोतको आधारमा परिवार संख्या र प्रतिशत**

| वडा नं. | संख्या र प्रतिशत ( प्रतिशत) | जम्मा परिवार संख्या | बत्ती बाल्न प्रयोग गरिने इन्धनको मुख्य स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बिजुली | सोलार/ सौर्यउर्जा | मट्टितेल | बायोग्यास | अन्य |
| १ | संख्या | १०१९ | १००३ | १३ | ३ | ० | ० |
| | प्रतिशत | १९.४५ | १९.६० | १३.४० | १८.७५ | ०.०० | ०.०० |
| २ | संख्या | ४८० | ४७२ | ८ | ० | ० | ० |
| | प्रतिशत | ९.१६ | ९.२२ | ८.२५ | ०.०० | ०.०० | ०.०० |
| ३ | संख्या | ५०५ | ४९९ | ५ | १ | ० | ० |
| | प्रतिशत | ९.६४ | ९.७५ | ५.१५ | ६.२५ | ०.०० | ०.०० |
| ४ | संख्या | ८५० | ८३६ | ५ | ७ | ० | २ |
| | प्रतिशत | १६.२२ | १६.३३ | ५.१५ | ४३.७५ | ०.०० | २५.०० |
| ५ | संख्या | ४४८ | ४२३ | २५ | ० | ० | ० |
| | प्रतिशत | ८.५५ | ८.२६ | २५.७७ | ०.०० | ०.०० | ०.०० |
| ६ | संख्या | ७८३ | ७६८ | १५ | ० | ० | ० |
| | प्रतिशत | १४.९५ | १५.०१ | १५.४६ | ०.०० | ०.०० | ०.०० |
| ७ | संख्या | ५०७ | ४९२ | ११ | २ | ० | २ |
| | प्रतिशत | ९.६८ | ९.६१ | ११.३४ | १२.५० | ०.०० | २५.०० |
| ८ | संख्या | ६४७ | ६२५ | १५ | ३ | ० | ४ |
| | प्रतिशत | १२.३५ | १२.२१ | १५.४६ | १८.७५ | ०.०० | ५०.०० |
| जम्मा | संख्या | ५२३९ | ५११८ | ९७ | १६ | ० | ८ |
| | प्रतिशत | १०० | ९७.६९ | १.८५ | ०.३१ | ०.०० | ०.१५ |

*स्रोत: राष्ट्रिय जनगणना-२०७८*

## ३.१६ परिवारले प्रयोग गर्ने शौचालय

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार भिमसेनथापा गाउँपालिकामा सरसफाइ र आधुनिक शौचालयको पहुँच अत्यन्तै उच्च र उत्साहजनक रहेको देखिन्छ, जसले पालिकाको पूर्ण सरसफाइको स्थितिलाई बलियो आधार प्रदान गर्दछ। गाउँपालिकाभरिका कुल ५,२३९ परिवारमध्ये ८६.८३% (४,५४९ परिवार) सँग फ्लस प्रविधियुक्त (सार्वजनिक ढल वा सेफ्टिक ट्याङ्क भएको) आधुनिक र सुरक्षित शौचालयको पहुँच रहेको छ भने १२.६२% (६६१ परिवार) ले अझै पनि परम्परागत साधारण चर्पी प्रयोग गरिरहेका छन्। वडागत रूपमा विश्लेषण गर्दा, वडा नं. ५ (९८.६६%) र वडा नं. २

(९७.०८%) मा फ्लस शौचालयको प्रयोग शतप्रतिशतको नजिक पुगेको देखिन्छ। यसको विपरीत, वडा नं. ७ मा भने अझै पनि ५५.२३% (२८० परिवार) ले साधारण चर्पी नै प्रयोग गरिरहेका छन्, जुन पालिकाको औसतभन्दा निकै बढी हो। समग्र पालिकामा चर्पी नभएका परिवारहरूको संख्या जम्मा २४ (०.४६%) मात्र रहनुले खुला दिसामुक्त अभियानको सफलतालाई पुष्टि गर्दछ; यद्यपि वडा नं. ४ मा अझै पनि ८ परिवार र वडा नं. १ मा ६ परिवार चर्पीविहीन हुनुले पूर्ण सरसफाइ सुनिश्चित गर्न ती क्षेत्रमा लक्षित कार्यक्रम आवश्यक रहेको देखाउँछ। वडागत रुपमा शौचालय प्रयोग गर्ने परिवार संख्या र तिनको प्रतिशत तलको तालिका ३.१६ मा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

**तालिका ३.१६: परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार संख्या र प्रतिशत**

| वडा नं. | संख्या र प्रतिशत (प्रतिशत) | जम्मा परिवार संख्या | परिवारले प्रयो गर्ने शौचालय | | | | चर्पी नभएको |
|---|---|---|---|---|---|---|---|
| | | | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेफ्टिक ट्यांक) | साधारण | सार्वजनिक | |
| १ | संख्या | १०१९ | ६ | ९३५ | ७२ | ० | ६ |
| | प्रतिशत | १९.४५ | १.९७ | २२.०३ | १०.८९ | ०.०० | २५.०० |
| २ | संख्या | ४८० | १४ | ४५२ | १४ | ० | ० |
| | प्रतिशत | ९.१६ | ४.६१ | १०.६५ | २.१२ | ०.०० | ०.०० |
| ३ | संख्या | ५०५ | ११ | ४३८ | ५१ | ० | ५ |
| | प्रतिशत | ९.६४ | ३.६२ | १०.३२ | ७.७२ | ०.०० | २०.८३ |
| ४ | संख्या | ८५० | ५ | ७४७ | ९० | ० | ८ |
| | प्रतिशत | १६.२२ | १.६४ | १७.६० | १३.६२ | ०.०० | ३३.३३ |
| ५ | संख्या | ४४८ | ६ | ४३६ | ५ | ० | १ |
| | प्रतिशत | ८.५५ | १.९७ | १०.२७ | ०.७६ | ०.०० | ४.१७ |
| ६ | संख्या | ७८३ | २१० | ५३४ | ३१ | ५ | ३ |
| | प्रतिशत | १४.९५ | ६९.०८ | १२.५८ | ४.६९ | १००.०० | १२.५० |
| ७ | संख्या | ५०७ | ० | २२७ | २८० | ० | ० |
| | प्रतिशत | ९.६८ | ०.०० | ५.३५ | ४२.३६ | ०.०० | ०.०० |
| ८ | संख्या | ६४७ | ५२ | ४७६ | ११८ | ० | १ |
| | प्रतिशत | १२.३५ | १७.११ | ११.२१ | १७.८५ | ०.०० | ४.१७ |
| जम्मा | संख्या | ५२३९ | ३०४ | ४२४५ | ६६१ | ५ | २४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | १०० | ५.८० | ८१.०३ | १२.६२ | ०.१० | ०.४६ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.१७ परिवारले उपयोग गरेका साधन र सुविधाहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाका नागरिकहरूको जीवनस्तर, आधुनिक प्रविधिको पहुँच र सूचनाको उपयोगमा निकै उत्साहजनक सुधार आएको देखिन्छ। गाउँपालिकाभरिका कुल ५,२३९ परिवारहरूमध्ये ९५.८८% (५,०२३ परिवार) सँग कम्तिमा एक वा सोभन्दा बढी घरायसी सुविधाका साधनहरू उपलब्ध छन् भने आधुनिक सञ्चारको मेरुदण्ड मानिने मोबाइल फोन (साधारण र स्मार्ट दुवै गरी) को पहुँच झण्डै ९०% भन्दा माथि पुगिसकेको छ, जसमा ४४.७४% परिवारसँग स्मार्टफोन उपलब्ध छ। वडागत रूपमा हेर्दा, वडा नं. २ मा सबैभन्दा कम अर्थात् जम्मा १ परिवार (०.४६%) मात्र सुविधाविहीन रहेको छ भने प्रविधिको उच्च उपयोगमा वडा नं. ५ र ७ अग्रस्थानमा देखिन्छन्। यातायातको साधनका रूपमा मोटरसाइकल वा स्कुटरको प्रयोग पालिकाभर १८.३२% (९६० परिवार) मा पुगेको छ, जसमा वडा नं. १ (१८८ वटा) र वडा नं. ८ (१८६ वटा) अगाडि छन्। यसका साथै, पालिकामा पूर्ण विद्युतीकरणको प्रभावका कारण २०.९२% घरधुरीमा विद्युतीय पंखा र ९.४५% घरमा रेफ्रिजरेटर (फ्रिज) जस्ता आधुनिक उपकरणहरूको प्रयोग बढ्दो क्रममा छ। यद्यपि, कम्प्युटर/ल्यापटप (१.०१%) र संस्थागत इन्टरनेट सुविधा (३.००%) को पहुँच अझै पनि न्यून र सुरुवातकै चरणमा रहनुले डिजिटल साक्षरता र सूचना प्रविधिको पूर्वाधार विकासमा स्थानीय सरकारले थप जोड दिनुपर्ने आवश्यकतालाई औंल्याउँछ।यस गाउँपालिकाको परिवारमा भएको घरायसी सुविधा साधनहरुको उपलब्धताको विस्तृत विवरण तलको तालिका ३.१७ मा प्रस्तुत गरिएको छ ।

## तालिका ३.१७: घरयासी साधन/सुविधा परिवार संख्या र प्रतिशत

| वडा नं. | संख्या र प्रतिशत ( प्रतिशत) | जम्मा परिवार संख्या | कुनै सुविधा नभएको परिवार | कम्तिमा एक सुविधा भएको परिवार | घरायसी सुविधाका साधनहरु | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | रेडियो | टेलिभिजन | ल्याण्डलाइन टेलिफोन | मोबाइल फोन (साधारण) | स्मार्ट मोबाइल फोन | कम्प्युटर/ ल्यापटप | इन्टरनेट सुविधा | कार/ जीप/ भ्यान | मोटरसाइकल/ स्कुटर | साइकल | विधुतीय पंखा | रेफ्रिजेरेटर | वासिङ मेसिन | एयर कन्डिसनर |
| १ | संख्या | १०१९ | २८ | ९९१ | ४१३ | ५३९ | १० | ९३८ | ४३५ | ५२ | १८८ | ८ | ७३ | १९ | २०३ | १४५ | १ | १ |
| | प्रतिशत | १९.४५ | १२.९६ | १९.७३ | १५.०१ | १७.२९ | १८.८७ | २०.४३ | १८.५६ | ३३.१२ | १९.५८ | २३.५३ | २०.५६ | २२.८९ | १८.५२ | २९.२९ | ११.११ | ११.११ |
| २ | संख्या | ४८० | १ | ४७९ | ३३६ | ३१६ | ४ | ४७० | १३५ | ० | ४२ | ६ | ४० | ८ | १७ | १ | ० | ५ |
| | प्रतिशत | ९.१६ | ०.४६ | ९.५४ | १२.२१ | १०.१३ | ७.५५ | १०.२४ | ५.७६ | ०.०० | ४.३८ | १७.६५ | ११.२७ | ९.६४ | १.५५ | ०.२० | ०.०० | ५५.५६ |
| ३ | संख्या | ५०५ | ३५ | ४७० | २९४ | २८३ | २ | ४५३ | २४९ | १४ | ४ | २ | २९ | ८ | ४१ | १७ | ० | १ |
| | प्रतिशत | ९.६४ | १६.२० | ९.३६ | १०.६९ | ९.०८ | ३.७७ | ९.८७ | १०.६२ | ८.९२ | ०.४२ | ५.८८ | ८.१७ | ९.६४ | ३.७४ | ३.४३ | ०.०० | ११.११ |
| ४ | संख्या | ८५० | ४३ | ८०७ | ४७१ | ४६६ | ४ | ६९६ | ३५९ | २१ | ४४ | ४ | ४८ | १६ | १७० | ४४ | १ | ० |
| | प्रतिशत | १६.२२ | १९.९१ | १६.०७ | १७.१२ | १४.९५ | ७.५५ | १५.१६ | १५.३२ | १३.३८ | ४.५८ | ११.७६ | १३.५२ | १९.२८ | १५.५१ | ८.८९ | ११.११ | ०.०० |
| ५ | संख्या | ४४८ | ७ | ४४१ | १९० | २९६ | ६ | ३९१ | २६२ | १६ | १६९ | ३ | ३२ | १ | ११६ | ९० | १ | १ |
| | प्रतिशत | ८.५५ | ३.२४ | ८.७८ | ६.९१ | ९.४९ | ११.३२ | ८.५२ | ११.१८ | १०.१९ | १७.६० | ८.८२ | ९.०१ | १.२० | १०.५८ | १८.१८ | ११.११ | ११.११ |
| ६ | संख्या | ७८३ | ६६ | ७१७ | ४२६ | ४६५ | २२ | ६६० | २८० | १७ | १४२ | १ | २९ | ७ | ६९ | ४३ | ४ | ० |
| | प्रतिशत | १४.९५ | ३०.५६ | १४.२७ | १५.४९ | १४.९१ | ४१.५१ | १४.३८ | ११.९५ | १०.८३ | १४.७९ | २.९४ | ८.१७ | ८.४३ | ६.३० | ८.६९ | ४४.४४ | ०.०० |
| ७ | संख्या | ५०७ | १५ | ४९२ | ३३९ | ३३५ | २ | ४४४ | ३०६ | २६ | १८५ | ८ | ५७ | २० | २२३ | ७१ | १ | १ |
| | प्रतिशत | ९.६८ | ६.९४ | ९.७९ | १२.३२ | १०.७४ | ३.७७ | ९.६७ | १३.०५ | १६.५६ | १९.२७ | २३.५३ | १६.०६ | २४.१० | २०.३५ | १४.३४ | ११.११ | ११.११ |

| वडा नं. | संख्या र प्रतिशत ( प्रतिशत) | जम्मा परिवार संख्या | कुनै सुविधा नभएको परिवार | कम्तिमा एक सुविधा भएको परिवार | घरायसी सुविधाका साधनहरु | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | रेडियो | टेलिभिजन | ल्याण्डलाइन टेलिफोन | मोबाइल फोन (साधारण) | स्मार्ट मोबाइल फोन | कम्प्युटर/ ल्यापटप | इन्टरनेट सुविधा | कार/ जीप/ भ्यान | मोटरसाइकल/ स्कुटर | साइकल | विधुतीय पंखा | रेफ्रिजरेटर | वासिङ मेसिन | एयर कन्डिसनर |
| ८ | संख्या | ६४७ | २१ | ६२६ | २८२ | ४१८ | ३ | ५३९ | ३१८ | ११ | १८६ | २ | ४७ | ४ | २५७ | ८४ | १ | ० |
| | प्रतिशत | १२.३५ | ९.७२ | १२.४६ | १०.२५ | १३.४१ | ५.६६ | ११.७४ | १३.५७ | ७.०१ | १९.३८ | ५.८८ | १३.२४ | ४.८२ | २३.४५ | १६.९७ | ११.११ | ०.०० |
| जम्मा | संख्या | ५२३९ | २१६ | ५०२३ | २७५१ | ३११८ | ५३ | ४५९१ | २३४४ | १५७ | ९६० | ३४ | ३५५ | ८३ | १०९६ | ४९५ | ९ | ९ |
| | प्रतिशत | १०० | ४.१२ | ९५.८८ | ५२.५१ | ५९.५२ | १.०१ | ८७.६३ | ४४.७४ | ३.०० | १८.३२ | ०.६५ | ६.७८ | १.५८ | २०.९२ | ९.४५ | ०.१७ | ०.१७ |

## ३.१८ परिवारमा अनुपस्थित (विदेश गएका) व्यक्ति

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गण्डकी प्रदेश र गोरखा जिल्लाको तुलनामा भिमसेनथापा गाउँपालिकामा वैदेशिक रोजगारी तथा अध्ययनका लागि विदेशिने युवा शक्तिको निर्भरता उच्च रहेको देखाउँछ, जसले स्थानीय स्तरमा रेमिट्यान्स (विप्रेषण) को ठूलो भूमिका र रोजगारीको अभाव दुवैलाई इङ्गित गर्दछ। भिमसेनथापा गाउँपालिकाका कुल ५,२३९ परिवारहरूमध्ये २५.२९% (१,३२५ परिवार) बाट कम्तिमा एकजना सदस्य वैदेशिक रोजगारी वा अध्ययनका लागि घरमा अनुपस्थित रहेका छन्, जुन गोरखा जिल्लाको औसत (२४.२४%) भन्दा बढी र गण्डकी प्रदेशको औसत (३१.४२%) भन्दा केही कम हो। गाउँपालिकाबाट कुल १,८२४ जना व्यक्तिहरू विदेशिएका छन्, जसमा पुरुषको संख्या ८३.१७% (१,५१७ जना) र महिलाको संख्या १६.८३% (३०७ जना) रहेको छ। यो लैङ्गिक अनुपात गण्डकी प्रदेश (८३.६७% पुरुष) र गोरखा जिल्ला (८३.७७% पुरुष) को प्रवृत्तिसँग मिल्दोजुल्दो छ, जसले वैदेशिक बसाइँसराइमा अझै पनि पुरुष वर्गकै बाहुल्यता रहेको स्पष्ट पार्दछ। परिवारमा अनुपस्थित विदेश रहेको जनसङ्ख्याको विवरण तलको तालिका ३.१८ मा विस्तृत रुपमा प्रस्तुत गरिएको छ।

**तालिका ३.१८: परिवारमा अनुपस्थित विदेश**

| क्षेत्र | जम्मा परिवार | कम्तिमा एकजना विदेश अनुपस्थित भएको परिवार | अनुपस्थित विदेश संख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| गण्डकी | ६६१६३२ | २०७९१० | २८६५९३ | २३९७८८ | ४६८०५ |
| प्रतिशत | १०० | ३१.४२ | १०० | ८३.६७ | १६.३३ |
| गोरखा | ७१७२९ | १७३८४ | २३०६८ | १९३२५ | ३७४३ |
| प्रतिशत | १०० | २४.२४ | १०० | ८३.७७ | १६.२३ |
| भिमसेनथापा | ५२३९ | १३२५ | १८२४ | १५१७ | ३०७ |
| प्रतिशत | १०० | २५.२९ | १०० | ८३.१७ | १६.८३ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.१९ परिवारमा अनुपस्थित व्यक्तिको उमेर समूह अनुसारको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसर यस गाउँपालिकामा श्रम बजारमा प्रवेश गर्ने एकदमै कलिलो उमेरका युवाहरू र उत्पादक जनशक्ति विदेशिने दर उच्च रहेको देखिन्छ। गाउँपालिकाबाट विदेशिएका कुल १,८२४ जनामध्ये सबैभन्दा ठूलो हिस्सा १५ देखि २४ वर्ष उमेर समूहका युवाहरूको छ, जसको अनुपात ४३.५३% (७९४ जना) रहेको छ र यसमा पनि २०-२४ वर्षको उमेरमा विदेशिनेहरू मात्रै ३०.४८% छन्। यसैगरी,

२५ देखि ३४ वर्षको मुख्य कार्यशील उमेर समूहका ३०.९८% (५६५ जना) नागरिकहरू घरमा अनुपस्थित छन्, जसको अर्थ भिमसेनथापा गाउँपालिकाको कुल वैदेशिक बसाइँसराइको झण्डै ७४.५१% हिस्सा १५ देखि ३४ वर्षका सक्रिय युवा शक्तिको रहेको छ। लैङ्गिक आधारमा हेर्दा, विदेशिने महिलाहरूमा कलिलो उमेर (१५ वर्ष मुनि) को हिस्सा १५.६४% हुनु र १५-२४ वर्ष उमेर समूहमा ४८.८६% महिला हुनुले पुरुषको तुलनामा युवा र नव-प्रवेशी महिलाहरू अध्ययन वा पारिवारिक कारणले विदेशिने प्रवृत्ति बढ्दो रहेको संकेत गर्छ। भिमसेनथापा गाउँपालिकाको यो उमेरगत बनोट गोरखा जिल्ला (४५.६६%) र गण्डकी प्रदेश (४९.२२%) को युवा समूहको प्रवृत्तिसँग अनुकूल नै छ, जसले स्थानीय स्तरमा उच्च शिक्षा र रोजगारीको अवसर नपाउँदा उमेर पुग्ने बित्तिकै युवाहरू बाहिरिने गरेको तथ्यलाई पुष्टि गर्दछ।। विदेश जाँदाको उमेर समूह अनुसारको विस्तृत विवरण तलको तालिका २.२१ मा दिइएको छ।

**तालिका ३.१९ : परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिहरुको विदेश जाँदाको उमेर तथा लिङ्ग अनुसारको संख्या र प्रतिशत विवरण**

| क्षेत्र | लिङ्ग | जम्मा | विदेश जाँदाको उमेर समूह | | | | | | | | | | | | | | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ००-०४ | ०५-०९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५+ | |
| गण्डकी | जम्मा | २८६५९३ | ५९७२ | ३०१९ | ५७८३ | ४०२३४ | १००८२१ | ५९०३२ | ३०४१४ | १७५६४ | ७९१४ | ३४०७ | १५५४ | ८१६ | ६५४ | ८९५ | ८५१४ |
| | प्रतिशत | १०० | २.०८ | १.०५ | २.०२ | १४.०४ | ३५.१८ | २०.६० | १०.६१ | ६.१३ | २.७६ | १.१९ | ०.५४ | ०.२८ | ०.२३ | ०.३१ | २.९७ |
| | पुरुष | २३९७८८ | ३२८१ | १८१० | ४६४८ | ३४९८० | ८४७६२ | ४९४१९ | २६४५६ | १५७०८ | ७१२३ | २९८७ | १२४८ | ५९६ | ३८३ | ५१६ | ५८७१ |
| | प्रतिशत | १०० | १.३७ | ०.७५ | १.९४ | १४.५९ | ३५.३५ | २०.६१ | ११.०३ | ६.५५ | २.९७ | १.२५ | ०.५२ | ०.२५ | ०.१६ | ०.२२ | २.४५ |
| | महिला | ४६८०५ | २६९१ | १२०९ | ११३५ | ५२५४ | १६०५९ | ९६१३ | ३९५८ | १८५६ | ७९१ | ४२० | ३०६ | २२० | २७१ | ३७९ | २६४३ |
| | प्रतिशत | १०० | ५.७५ | २.५८ | २.४२ | ११.२३ | ३४.३१ | २०.५४ | ८.४६ | ३.९७ | १.६९ | ०.९० | ०.६५ | ०.४७ | ०.५८ | ०.८१ | ५.६५ |
| गोरखा | जम्मा | २३०६८ | ५३२ | ३६८ | ४५६ | २७२७ | ७८०६ | ४९१४ | २७०६ | १५२६ | ६९१ | २८५ | १२४ | ७५ | ५६ | १०३ | ६९९ |
| | प्रतिशत | १०० | २.३१ | १.६० | १.९८ | ११.८२ | ३३.८४ | २१.३० | ११.७३ | ६.६२ | ३.०० | १.२४ | ०.५४ | ०.३३ | ०.२४ | ०.४५ | ३.०३ |
| | पुरुष | १९३२५ | ३०७ | २११ | ३४६ | २३२३ | ६४७७ | ४२२३ | २३६१ | १४०५ | ६३८ | २६१ | १०५ | ५९ | ४२ | ६६ | ५०१ |
| | प्रतिशत | १०० | १.५९ | १.०९ | १.७९ | १२.०२ | ३३.५२ | २१.८५ | १२.२२ | ७.२७ | ३.३० | १.३५ | ०.५४ | ०.३१ | ०.२२ | ०.३४ | २.५९ |
| | महिला | ३७४३ | २२५ | १५७ | ११० | ४०४ | १३२९ | ६९१ | ३४५ | १२१ | ५३ | २४ | १९ | १६ | १४ | ३७ | १९८ |
| | प्रतिशत | १०० | ६.०१ | ४.१९ | २.९४ | १०.७९ | ३५.५१ | १८.४६ | ९.२२ | ३.२३ | १.४२ | ०.६४ | ०.५१ | ०.४३ | ०.३७ | ०.९९ | ५.२९ |
| [illegible] | जम्मा | १८२४ | ६७ | १८ | ४४ | २३८ | ५५६ | ३७४ | १९१ | ११० | ५३ | २५ | २१ | १३ | १३ | ३४ | ६७ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | १०० | ३.६७ | ०.९९ | २.४१ | १३.०५ | ३०.४८ | २०.५० | १०.४७ | ६.०३ | २.९१ | १.३७ | १.१५ | ०.७१ | ०.७१ | १.८६ | ३.६७ |
| | पुरुष | १५१७ | ३१ | ११ | ३९ | २०४ | ४४० | ३१८ | १७० | १०२ | ५१ | २५ | १९ | १३ | १३ | ३१ | ५० |
| | प्रतिशत | १०० | २.०४ | ०.७३ | २.५७ | १३.४५ | २९.०० | २०.९६ | ११.२१ | ६.७२ | ३.३६ | १.६५ | १.२५ | ०.८६ | ०.८६ | २.०४ | ३.३० |
| | महिला | ३०७ | ३६ | ७ | ५ | ३४ | ११६ | ५६ | २१ | ८ | २ | ० | २ | ० | ० | ३ | १७ |
| | प्रतिशत | १०० | ११.७३ | २.२८ | १.६३ | ११.०७ | ३७.७९ | १८.२४ | ६.८४ | २.६१ | ०.६५ | ०.०० | ०.६५ | ०.०० | ०.०० | ०.९८ | ५.५४ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.२० अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देश अनुसारको विवरण

राष्ट्रिय जनगणना २०७८ को गन्तव्यगत तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकाबाट वैदेशिक बसाइँसराइमा जाने नागरिकहरूको भौगोलिक रोजाइमा स्पष्ट भिन्नता र लैङ्गिक विशिष्टता देखिन्छ। गाउँपालिकाबाट बाहिरिएका कुल १,८२४ जना नागरिकमध्ये सबैभन्दा ठूलो हिस्सा ३६.४६% (६६५ जना) मध्यपूर्वका खाडी मुलुकहरूमा कार्यरत छन्, जसले स्थानीय अर्थतन्त्र रेमिटयान्स (विप्रेषण) मा कति निर्भर छ भन्ने देखाउँछ। यसैगरी, दोस्रो ठूलो गन्तव्यका रूपमा छिमेकी मुलुक भारत रहेको छ, जहाँ २३.७९% (४३४ जना) नागरिकहरू आर्थिक उपार्जनका लागि पुगेका छन्। लैङ्गिक दृष्टिकोणबाट हेर्दा पुरुष र महिलाको गन्तव्य रोजाइ निकै फरक पाइएको छ; विदेशिने कुल पुरुषहरूमध्ये झण्डै ४१.७९% खाडी मुलुक र २४.७९% भारत गएका छन्, जसले पुरुषहरूको बसाइँसराइ मुख्यतः अदक्ष वा अर्धदक्ष श्रम बजार केन्द्रित रहेको संकेत गर्छ। यसको विपरीत, विदेशिने महिलाहरूमा मध्यपूर्व जानेको संख्या जम्मा १०.१०% मात्रै छ भने सबैभन्दा बढी ३३.२२% महिलाहरू 'अन्य एसियाली देश' र १५.९६% महिलाहरू उत्तर अमेरिका पुगेका छन्। विदेश जाँदाको उमेर समूह अनुसारको विस्तृत विवरण तलको तालिका ३.२२ मा दिइएको छ ।

**तालिका ३.२० :अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देश अनुसारको विवरण**

| लिङ्ग | जम्मा | देश | | | | | | | | | | | | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भारत | सार्क | आसियान | मध्यपूर्व | अन्य एसियाली | युरोपियन युनियन | अन्य युरोपियन देश | उत्तर अमेरिका | दक्षिण अमेरिका | अफ्रिका | प्यासिफिक | अन्य | |
| जम्मा | १८२४ | ४३४ | १२ | ९९ | ६६५ | २७४ | ११२ | १८ | १२० | ४ | ७ | ७७ | १ | १ |
| प्रतिशत | १०० | २३.७९ | ०.६६ | ५.४३ | ३६.४६ | १५.०२ | ६.१४ | ०.९९ | ६.५८ | ०.२२ | ०.३८ | ४.२२ | ०.०५ | ०.०५ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १५१७ | ३७६ | १० | ९५ | ६३४ | १७२ | ८६ | १२ | ७१ | ३ | ७ | ४९ | १ | १ |
| प्रतिशत | १०० | २४.७९ | ०.६६ | ६.२६ | ४१.७९ | ११.३४ | ५.६७ | ०.७९ | ४.६८ | ०.२० | ०.४६ | ३.२३ | ०.०७ | ०.०७ |
| महिला | ३०७ | ५८ | २ | ४ | ३१ | १०२ | २६ | ६ | ४९ | १ | ० | २८ | ० | ० |
| प्रतिशत | १०० | १८.८९ | ०.६५ | १.३० | १०.१० | ३३.२२ | ८.४७ | १.९५ | १५.९६ | ०.३३ | ०.०० | ९.१२ | ०.०० | ०.०० |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.२१ अनुपस्थित विदेश रहेका व्यक्तिको विदेश जानुको कारण अनुसारको विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाबाट विदेशमा रहेका कुल १८२४ जना बासिन्दाहरूमध्ये आधाभन्दा बढी अर्थात् ६०.२५% नागरिकहरू तलब वा ज्याला लिने गरी वैदेशिक रोजगारीमा आबद्ध छन्। लैङ्गिक आधारमा यो उद्देश्य पुरुषहरूमा अझ बढी (६६.३२%) देखिन्छ, जसले गाउँपालिकाको युवा पुरुष शक्ति मुख्य गरी श्रम बजारमा केन्द्रित रहेको पुष्टि गर्छ। अर्कोतर्फ, विदेशिने महिलाहरूको हकमा अनुपस्थितिको कारण निकै फरक र विविधीकृत पाइएको छ। महिलाहरूमा रोजगारीका लागि जाने (३०.२९%) र परिवारको आश्रित सदस्यका रूपमा जाने (३०.६२%) को अनुपात लगभग बराबरी छ भने उच्च शिक्षा र तालिमका लागि विदेशिने महिलाहरूको हिस्सा २६.३८% (८१ जना) रहेको छ, जुन पुरुषको तुलनामा (९.५६%) प्रतिशतको हिसाबले निकै उच्च हो।। लिङ्ग अनुसार विदेशिनुका कारण सम्वन्धी विस्तृत विवरण तलको तालिका ३.२१ मा देखाइएको छ ।

**तालिका ३.२१ : परिवारमा अनुपस्थित रहनुको कारण अनुसारको विवरण**

| लिङ्ग | जम्मा | तलब/ ज्याला | व्यापार/व्यवसाय | अध्ययन/ तालिम | कामको खोजी | आश्रित | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १८२४ | १०९९ | १७ | २२६ | १३१ | २५४ | २७ | ७० |
| प्रतिशत | १०० | ६०.२५ | ०.९३ | १२.३९ | ७.१८ | १३.९३ | १.४८ | ३.८४ |
| पुरुष | १५१७ | १००६ | १३ | १४५ | ११७ | १६० | १२ | ६४ |
| प्रतिशत | १०० | ६६.३२ | ०.८६ | ९.५६ | ७.७१ | १०.५५ | ०.७९ | ४.२२ |
| महिला | ३०७ | ९३ | ४ | ८१ | १४ | ९४ | १५ | ६ |
| प्रतिशत | १०० | ३०.२९ | १.३० | २६.३८ | ४.५६ | ३०.६२ | ४.८९ | १.९५ |

*स्रोतः राष्ट्रिय जनगणना-२०७८*

## ३.२४ घर तथा जग्गामा महिलाको स्वामित्व

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस गाउँपालिकामा महिलाको नाममा सम्पत्तिको स्वामित्व (Property Ownership) को अवस्था राष्ट्रिय र प्रादेशिक औसतभन्दा केही कमजोर रहेको देखाउँछ, जसले लैङ्गिक आर्थिक सशक्तीकरणका क्षेत्रमा थप प्रयास गर्नुपर्ने आवश्यकतालाई औंल्याउँछ। गाउँपालिकाका कुल ५,२३९ परिवारहरूमध्ये जम्मा १९.०१% (९९६ परिवार) मा मात्र महिलाको नाममा सम्पत्तिको स्वामित्व रहेको पाइएको छ, जसमा ९.८१% (५१४ परिवार) सँग घर र जग्गा दुवै, ८.२५% सँग जग्गा मात्र र ०.९५% सँग घर मात्र महिलाको स्वामित्वमा छ। यसको विपरीत, पालिकाका ७७.८८% (४,०८० परिवार) मा घर वा जग्गामध्ये कुनै पनि सम्पत्ति महिलाको नाममा दर्ता छैन, जुन गण्डकी प्रदेशको औसत (६८.५३%) र गोरखा जिल्लाको औसत (७५.९४%) भन्दा बढी हो। ।महिलाको स्वामित्वमा रहेको स्थायी सम्पत्तिको विस्तृत विवरण तलको तालिका ३.२६ मा देखाइएको छ ।

**तालिका ३.२४ : महिलाको स्वामित्वमा घर जग्गाको विवरण**

| पुरुष | ३७६१ | ४० | २२८ | ४२३ | ५१६ | ७४५ | ९२३ | ८८६ |
| महिला | ३५०१ | १९ | १८१ | ४१२ | ५२९ | ६९८ | ८३१ | ८३१ |
| हालसम्म जीवितै रहेका बच्चाहरुको संख्या (Children still Alive) | | | | | | | | |
| जम्मा | ७०२४ | ५९ | ४०३ | ८१८ | १०२१ | १३८९ | १६९५ | १६३९ |
| पुरुष | ३६१७ | ४० | २२२ | ४१३ | ५०३ | ७११ | ८९० | ८३८ |
| महिला | ३४०७ | १९ | १८१ | ४०५ | ५१८ | ६७८ | ८०५ | ८०१ |
| जीवितै जन्मेर मृत्यु भएका बच्चाहरुको संख्या (Children Death) | | | | | | | | |
| जम्मा | २३८ | ० | ६ | १७ | २४ | ५४ | ५९ | ७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पुरुष | १४४ | ० | ६ | १० | १३ | ३४ | ३३ | ४८ |
| महिला | ९४ | ० | ० | ७ | ११ | २० | २६ | ३० |

*स्रोतः— राष्ट्रिय जनगणना २०७८*

## ६.९ विगत १२ महिनामा जीवितै जन्मिएका बच्चाहरु र जन्माएका महिलाहरुको संख्या

राष्ट्रिय जनगणना, २०७८ को नतिजा अनुसार भिमसेनथापा गाउँपालिकाका १५—४९ वर्ष उमेर समूहका एक पटक विवाह भएका कुल ३,३७८ जना महिलाहरूमध्ये अत्यधिक ठूलो हिस्सा अर्थात् ३,१८८ जना महिलाहरूले विगत एक वर्षभित्र कुनै पनि बच्चा जन्माएका छैनन्। सोही अवधिमा कुल १९० जना महिलाहरूले मात्र बच्चा जन्माएको देखिन्छ, जसमध्ये १८६ जनाले एक वटा बच्चा र केवल ४ जना महिलाले दुई वटा बच्चा जन्माएका छन् भने तीन वटा बच्चा जन्माउनेको सङ्ख्या शून्य छ। यस गाउँपालिकामा विगत एक वर्षभित्र जीवितै जन्मेका कुल बच्चाहरूको सङ्ख्या १९४ रहेको छ, जसमा बालक (पुरुष) १०२ जना र बालिका (महिला) ९२ जना रहेका छन्। उमेर समूहका आधारमा विश्लेषण गर्दा, सबैभन्दा बढी बच्चा जन्माउनेमा २०—२४ वर्ष उमेर समूहका महिलाहरू (७८ जना बच्चा) र त्यसपछि २५—२९ वर्ष उमेर समूहका महिलाहरू (४९ जना बच्चा) अग्रस्थानमा देखिन्छन्, जसले यो उमेर समूहमा प्रजनन् दर उच्च रहेको पुष्टि गर्दछ। उमेर बढ्दै जाँदा, विशेष गरी ४५—४९ वर्ष उमेर समूहमा पुग्दा एक वर्षभित्र बच्चा जन्माउने महिलाहरूको सङ्ख्या घटेर केवल ३ मा सीमित भएको देखिन्छ। समग्रमा, यो तथ्याङ्कले गाउँपालिकाभित्रको हालैको प्रजनन् अवस्था र लैङ्गिक जन्मदरको सन्तुलित स्थितिलाई प्रष्ट पार्दछ।

**तालिका ६.३ १५ देखि ४९ वर्षको महिलाले विगत १२ महिनामा जीवित जन्माएको बच्चाको संख्याको आधारमा उमेर समूह अनुसार महिलाको संख्या**

| एक पटक विवाह भएको महिला | जम्मा | महिलाको उमेर समूह (वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १५—१९ वर्ष | २०—२४ वर्ष | २५—२९ वर्ष | ३०—३४ वर्ष | ३५—३९ वर्ष | ४०—४४ वर्ष | ४४—४९ वर्ष |
| एक पटक विवाह भएको महिला | | | | | | | | |
| जम्मा महिला संख्या | ३३७८ | १०२ | ४१९ | ५३२ | ५०४ | ५७६ | ६३६ | ६०९ |
| बच्चा नजन्माएको | ३१८८ | ८४ | ३४२ | ४८४ | ४७८ | ५६२ | ६३१ | ६०७ |
| एक वटा बच्चा जन्माएको | १८६ | १८ | ७६ | ४७ | २६ | १३ | ५ | १ |
| दुई वटा बच्चा जन्माएको | ४ | ० | १ | १ | ० | १ | ० | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तिन वटा बच्चा जन्माएको | ० | ० | ० | ० | ० | ० | ० | ० |
| एकवर्ष भित्र जीवितै जन्मेका बच्चाहरुको संख्या | | | | | | | | |
| **जम्मा** | **१९४** | **१८** | **७८** | **४९** | **२६** | **१५** | **५** | **३** |
| पुरुष | १०२ | १३ | ४१ | २५ | ७ | ११ | ३ | २ |
| महिला | ९२ | ५ | ३७ | २४ | १९ | ४ | २ | १ |

*स्रोतः— राष्ट्रिय जनगणना २०७८*

## खण्ड ७

# आर्थिक क्रियाकलाप सम्बन्धी विवरण

## ७.१ आर्थिक कार्य गरेको अवधि

राष्ट्रिय जनगणना २०७८ अनुसार यस भिमसेन थापा गाउँपालिकाका १० वर्ष वा सोभन्दा बढी उमेर समूहको कुल १४,८२० जनसंख्यामध्ये झण्डै आधा हिस्सा अर्थात् ४९.४५ प्रतिशत नागरिक ६ महिना वा सोभन्दा बढी समय आर्थिक कार्यमा संलग्न भई पूर्ण रूपमा सक्रिय रहेको देखिन्छ। लैङ्गिक आधारमा हेर्दा, पुरुषहरू महिलाको तुलनामा दीर्घकालीन आर्थिक कार्यमा बढी सक्रिय छन्, जहाँ ५३.३३ प्रतिशत पुरुष ६ महिना वा सोभन्दा बढी काम गर्छन् भने महिलाको यो अनुपात ४६.३६ प्रतिशत मात्र रहेको छ। यद्यपि, ३ देखि ६ महिना र ३ महिनाभन्दा कम अवधिको अल्पकालीन आर्थिक कार्यमा भने पुरुषको तुलनामा महिलाहरूको संलग्नता केही बढी देखिन्छ। अर्कोतर्फ, कुल जनसंख्याको एक ठूलो हिस्सा अर्थात् ३०.३८ प्रतिशत नागरिक कुनै पनि आर्थिक कार्यमा संलग्न नभई पूर्ण रूपमा निष्क्रिय रहेका छन्, जसमा पुरुष (२८.५०%) को तुलनामा महिलाको संख्या (३१.८९%) बढी छ।यस सम्वन्धी विस्तृत विवरण तलको तालिका ७.१ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.१ आर्थिक कार्य गरेको अवधिको आधारमा जनसंख्याको वितरण**

| लिङ्ग | संख्या/प्रतिशत | जम्मा | ६ महिना वा सो भन्दा बढी काम गरेको | ३ देखि ६ महिना काम गरेको | ३ महिना भन्दा कम काम गरेको | कुनै पनि आर्थिक काम नगरेको |
|---|---|---|---|---|---|---|
| जम्मा | संख्या | १४८२० | ७३२९ | १७१६ | १२७२ | ४५०३ |
| | प्रतिशत | १०० | ४९.४५ | ११.५८ | ८.५८ | ३०.३८ |
| पुरुष | संख्या | ६५८२ | ३५१० | ६७६ | ५२० | १८७६ |
| | प्रतिशत | १०० | ५३.३३ | १०.२७ | ७.९० | २८.५० |
| महिला | संख्या | ८२३८ | ३८१९ | १०४० | ७५२ | २६२७ |
| | प्रतिशत | १०० | ४६.३६ | १२.६२ | ९.१३ | ३१.८९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ७.२ आर्थिक क्रियाकलाप सम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार यस पालिकाका १० वर्ष वा सोभन्दा माथि उमेर समूहको कुल १४,८२० जनसंख्यामध्ये ७२.२१ प्रतिशत (१०,७०२ जना) नागरिक आर्थिक रूपले सक्रिय रहेका छन् भने २६.९४ प्रतिशत (३,९९३ जना) नागरिक आर्थिक रूपले निष्क्रिय रहेका देखिन्छन्; बाँकी ०.८४ प्रतिशतको भने आर्थिक क्रियाकलाप खुलेको छैन। कुल जनसंख्यामा महिलाको हिस्सा (५५.५९%) पुरुषको तुलनामा (४४.४१%) बढी रहेकाले संख्यात्मक रूपमा आर्थिक रूपले सक्रिय जनशक्तिमा पनि पुरुष (४,८५५ जना) को तुलनामा महिला (५,८४७ जना) को संख्या बढी देखिन्छ। यद्यपि, कुल जनसंख्याको अनुपातका आधारमा हेर्दा, आर्थिक रूपले निष्क्रिय जनसंख्यामा पनि पुरुषको तुलनामा महिलाकै हिस्सा (१५.७४%) बढी रहेको पाइन्छ। समग्रमा, यस तथ्याङ्कले उल्लेखित क्षेत्रमा झण्डै तीन-चौथाई जनसंख्या कुनै न कुनै रूपमा आर्थिक रूपमा सक्रिय रहेका छन्। छ।यस सम्वन्धी विस्तृत विवरण तलको तालिका ७.२ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.२ आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या**

| संख्या / प्रतिशत | दश वर्ष वा सो भन्दा माथि (को जनसंख्या) | | | आर्थिक क्रियाकलापमा संलग्नता | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आर्थिक रुपले सक्रिय | | | आर्थक रुपले निस्कृय | | | आर्थिक क्रियाकलाप नखुलेको | | |
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| संख्या | १४८२० | ६५८२ | ८२३८ | १०७०२ | ४८५५ | ५८४७ | ३९९३ | १६६१ | २३३२ | १२५ | ६६ | ५९ |
| प्रतिशत | १०० | ४४.४१ | ५५.५९ | ७२.२१ | ३२.७६ | ३९.४५ | २६.९४ | ११.२१ | १५.७४ | ०.८४ | ०.४५ | ०.४० |

*स्रोतः— राष्ट्रिय जनगणना २०७८*

## ७.३ आर्थिक कामको पेशागत वर्गीकरण अनुसारको जनसंख्या

जनगणनाको नतिजा अनुसार आर्थिक रूपले सक्रिय कुल १०,७०२ जनसंख्याको आन्तरिक अवस्थालाई हेर्दा, यस समूहमा पनि महिलाको हिस्सा (५४.६३ प्रतिशत) पुरुषको तुलनामा (४५.३७ प्रतिशत) बढी रहेको देखिन्छ। कुल सक्रिय जनशक्तिमध्ये ३४.४१ प्रतिशत (३,६८३ जना) नागरिक अक्सर रोजगारको अवस्थामा छन् भने २.२६ प्रतिशत (२४२ जना) अक्सर बेरोजगार रहेका छन्। यसैगरी, श्रम बजारमा निरन्तर संलग्न भइरहने 'अक्सर सक्रिय' जनशक्तिको हिस्सा ३८.७३ प्रतिशत (४,१४५ जना) रहेको छ, जसमा पुरुषको संख्या ९३० र महिलाको संख्या १,४४० रहेको छ। अर्कोतर्फ, सक्रिय सूचीमा परे तापनि विभिन्न कारणले 'अक्सर निष्क्रिय' रहनेहरूको अनुपात २.४५ प्रतिशत (२६२ जना) मात्रै देखिन्छ। समग्रमा यस तथ्याङ्कले आर्थिक रूपले सक्रिय भनिएको जनशक्तिभित्र अक्सर सक्रिय र अक्सर रोजगार भएका नागरिकहरूको बाहुल्यता (झण्डै ७३ प्रतिशत) रहेको र बेरोजगारीको दर तुलनात्मक रूपमा निकै कम रहेको स्पष्ट पार्छ। यस सम्वन्धी विस्तृत विवरण तलको तालिका ७.३ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.३ आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण**

| संख्या/ प्रतिशत | आर्थिक रुपले सक्रिय | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अक्सर सक्रिय | | | | | | | | |
| | | | | अक्सर रोजगार | | | अक्सर बेरोजगार | | | | | |
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| संख्या | १०७०२ | ४८५५ | ५८४७ | ३६८३ | ४१४५ | २४२ | २६२ | ९३० | १४४० | १०७०२ | ४८५५ | ५८४७ |
| प्रतिशत | १०० | ४५.३७ | ५४.६३ | ३४.४१ | ३८.७३ | २.२६ | २.४५ | ८.६९ | १३.४५ | १०० | ४५.३७ | ५४.६३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ७.४ आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसारको जनसंख्या

जनगणनाको नतिजा अनुसार यस पालिकामा आर्थिक काममा संलग्न कुल १०,३१७ जनशक्तिको पेशागत वर्गीकरणलाई हेर्दा सबैभन्दा ठूलो हिस्सा पेशाविद् (Professionals) हरूको रहेको देखिन्छ, जसले कुल जनशक्तिको ७४.४० प्रतिशत (७,६७६ जना) ओगटेको छ। यस पेशागत विधामा पुरुषको तुलनामा महिलाहरूको उपस्थिति बलियो देखिन्छ, जहाँ कुल महिला जनशक्तिको ७७.१९ प्रतिशत र पुरुषको ७१.०८ प्रतिशत संलग्न छन्। यसैगरी, दोस्रो ठूलो आकर्षक क्षेत्रका रूपमा सैनिक अधिकारीहरू रहेका छन्, जसको हिस्सा १२.७३ प्रतिशत (१,३१३ जना) रहेको छ। बाँकी अन्य पेशाहरू जस्तै मेसिन अपरेटर (३.५६%), शिल्पकला तथा कालिगढ (३.३२%), र प्राथमिक पेशाका कामदारहरू (२.१४%) को उपस्थिति न्यून परिमाणमा छ भने व्यवस्थापकीय र सेवा क्षेत्रमा संलग्नहरूको अनुपात १ प्रतिशतभन्दा पनि कम देखिन्छ। समग्रमा, यो तथ्याङ्कले उल्लेखित क्षेत्रको श्रम बजार उच्च दक्ष र प्राज्ञिक विधा (पेशाविद् र सुरक्षा निकाय) तर्फ अत्यधिक केन्द्रित रहेको र परम्परागत कृषि वा सेवामूलक व्यापारमा यस जनशक्तिको प्रत्यक्ष संलग्नता निकै न्यून रहेको स्पष्ट पार्छ। यस सम्वन्धी विस्तृत विवरण तलको तालिका ७.४ मा प्रस्तुत गरिएको छ।

**तालिका ७.४ आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य पेशा अनुसारको विवरण(१० वर्ष वा सो भन्दा बढी उमेरका)**

| आर्थिक कामको पेशागत विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | १०३१७ | १०० | ४७०६ | १०० | ५६११ | १०० |
| कृषि,वन र माछापालन कार्यका दक्ष कामदारहरु | ४ | ०.०४ | ४ | ०.०८ | ० | ० |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | २२१ | २.१४ | १२३ | २.६१ | ९८ | १.७५ |
| शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने | ३४३ | ३.३२ | १८५ | ३.९३ | १५८ | २.८२ |
| व्यवस्थापकहरु | ७४ | ०.७२ | ३४ | ०.७२ | ४० | ०.७१ |
| सेवा तथा वस्तु विक्री गर्ने कामदारहरु | ६४ | ०.६२ | ३२ | ०.६८ | ३२ | ०.५७ |
| यन्त्र तथा मेसिन अपरेटर र जडान गर्ने कामदारहरु | ३६७ | ३.५६ | १९० | ४.०४ | १७७ | ३.१५ |
| पेशाविद्हरु | ७६७६ | ७४.४० | ३३४५ | ७१.०८ | ४३३१ | ७७.१९ |
| प्राविधिक तथा सहायक पेशाविद्हरु | १५७ | १.५२ | १२५ | २.६६ | ३२ | ०.५७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कार्यालय सहायकहरु | ९४ | ०.९१ | ९० | १.९१ | ४ | ०.०७ |
| सैनिक अधिकारीहरु | १३१३ | १२.७३ | ५७६ | १२.२४ | ७३७ | १३.१३ |
| उल्लेख नभएको | ४ | ०.०४ | २ | ०.०४ | २ | ०.०४ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## ७.५ आर्थिक काममा संलग्नताको प्रकार अनुसारको विवरण

आर्थिक रूपमा सक्रिय कुल १०,३१७ जनशक्तिको उद्योगगत संलग्नतालाई हेर्दा यस क्षेत्रको अर्थतन्त्र अझै पनि अत्यधिक रूपमा कृषिमा आश्रित रहेको देखिन्छ, जहाँ कुल जनशक्तिको ठूलो हिस्सा अर्थात् ८०.०६ प्रतिशत (८,२६० जना) नागरिक कृषि, वन र माछापालन क्षेत्रमा संलग्न छन्। कृषि क्षेत्रमा पुरुषहरू (७६.५२%) को तुलनामा महिलाहरूको संलग्नता (८३.०३%) उल्लेखनीय रूपमा बढी रहेको पाइन्छ। गैर-कृषि क्षेत्रतर्फ, थोक एवं खुद्रा व्यापार दोस्रो ठूलो क्षेत्रका रूपमा स्थापित छ, जसले ७.८२ प्रतिशत (८०७ जना) हिस्सा ओगटेको छ र यसमा लैङ्गिक सहभागिता (४०७ पुरुष र ४०० महिला) लगभग सन्तुलित देखिन्छ। यसबाहेक, शिक्षा क्षेत्रमा ३.१३ प्रतिशत, निर्माणमा २.३७ प्रतिशत र औद्योगिक उत्पादनमा १.११ प्रतिशत जनशक्ति आबद्ध रहेका छन् भने यातायात, सार्वजनिक प्रशासन, स्वास्थ्य, वित्तीय तथा सञ्चार जस्ता सेवामूलक क्षेत्रहरूको उपस्थिति संयुक्त रूपमा ३ प्रतिशतभन्दा पनि कम देखिन्छ। समग्रमा, यो तथ्याङ्कले गैर-कृषि तथा आधुनिक सेवा क्षेत्रतर्फ आर्थिक विविधीकरणको गति सुस्त रहेको र ग्रामीण वा परम्परागत प्रकृतिको कृषि क्षेत्रले नै अझै पनि ठूलो परिमाणमा रोजगारी धानेको यथार्थलाई उजागर गर्दछ। यसको विस्तृत विवरण तलको तालिका ७.५ मा उल्लेख गरीएको छ ।

**तालिका ७.५ आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य औद्योगिक क्षेत्र अनुसारको विवरण**

| आर्थिक कामको क्षेत्र वा उद्योग | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | १०३१७ | १०० | ४७०६ | १०० | ५६११ | १०० |
| कृषि, वन र माछापालन | ८२६० | ८०.०६ | ३६०१ | ७६.५२ | ४६५९ | ८३.०३ |
| खानी तथा उत्खनन् | ७ | ०.०७ | २ | ०.०४ | ५ | ०.०९ |
| औद्योगिक उत्पादन | ११५ | १.११ | ७५ | १.५९ | ४० | ०.७१ |
| विद्युत, ग्याँस, बाफ तथा वातानुकुलित सेवा | १७ | ०.१६ | १० | ०.२१ | ७ | ०.१२ |
| पानीको आपुर्ति, ढलनिकास, फोहर व्यवस्थापन र शुद्धिकरण | १९ | ०.१८ | १२ | ०.२५ | ७ | ०.१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| निर्माण | २४४ | २.३७ | १४२ | ३.०२ | १०२ | १.८२ |
| थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरु | ८०७ | ७.८२ | ४०७ | ८.६५ | ४०० | ७.१३ |
| यातायात तथा भण्डारण | ८० | ०.७८ | ७७ | १.६४ | ३ | ०.०५ |
| आवास तथा भोजन सम्वन्धी क्रियाकलाप | ६० | ०.५८ | २५ | ०.५३ | ३५ | ०.६२ |
| सुचना तथा संचार | १० | ०.१० | ६ | ०.१३ | ४ | ०.०७ |
| वित्तीय तथा विमासम्बन्धी क्रियाकलापहरु | ३४ | ०.३३ | १४ | ०.३० | २० | ०.३६ |
| घरजग्गा कारोबारका व्यवसायिक क्रियाकलापहरु | २ | ०.०२ | १ | ०.०२ | १ | ०.०२ |
| पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलापहरु | १६ | ०.१६ | १२ | ०.२५ | ४ | ०.०७ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलापहरु | ११ | ०.११ | १० | ०.२१ | १ | ०.०२ |
| सार्वजनिक प्रशासन र सुरक्षा सम्बन्धी | ५३ | ०.५१ | ३३ | ०.७० | २० | ०.३६ |
| शिक्षा | ३२३ | ३.१३ | १७० | ३.६१ | १५३ | २.७३ |
| मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलापहरु | ५० | ०.४८ | १६ | ०.३४ | ३४ | ०.६१ |
| कला, मनोरञ्जन तथा मनोविज्ञान | २ | ०.०२ | १ | ०.०२ | १ | ०.०२ |
| अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरु | १८८ | १.८२ | ८४ | १.७८ | १०४ | १.८५ |
| घरपरिवारका घरायसी क्रियाकलापहरु | ७ | ०.०७ | ४ | ०.०८ | ३ | ०.०५ |
| बाह्य संघसंस्था एवं यसका अङ्गहरुको क्रियाकलापहरु | ८ | ०.०८ | ३ | ०.०६ | ५ | ०.०९ |
| उल्लेख नभएको | ४ | ०.०४ | १ | ०.०२ | ३ | ०.०५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## ७.६ आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण

यहाँ १० वर्ष वा सोभन्दा बढी उमेरका आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य कामलाई संस्थागत क्षेत्रका आधारमा वर्गिकरण गरीएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक काममा संलग्न कुल १०,३१७ जनशक्तिको रोजगारीको प्रस्थितिलाई विश्लेषण गर्दा अधिकांश नागरिकहरू स्वरोजगारमा केन्द्रित रहेको देखिन्छ, जहाँ कुल संख्याको ७४.५० प्रतिशत (७,६८६ जना) हिस्सा आफ्नै काम गर्ने श्रेणीमा पर्दछन्। यस स्वरोजगारको अवस्थामा पुरुषहरू (७३.२०%) को तुलनामा महिलाहरूको अनुपात (७५.५८%) केही बढी देखिन्छ। यसैगरी, दोस्रो ठूलो हिस्सा परिवारमा सघाउने मात्र (विना ज्याला घरायसी आर्थिक काममा संलग्न) जनशक्तिको रहेको छ, जसले कुल हिस्साको १४.६५ प्रतिशत (१,५११ जना) ओगटेको छ र यसमा पनि पुरुषको तुलनामा महिलाकै बाहुल्यता (१५.५८%) रहेको पाइन्छ। अर्कोतर्फ, कुनै संस्था वा व्यक्तिअन्तर्गत अरुको काम गर्ने (ज्यालादारी/तलबभोगी) कर्मचारीहरूको अनुपात ९.७५ प्रतिशत (१,००६ जना) मात्र रहेको छ, जहाँ महिलाको तुलनामा पुरुषहरूको सहभागिता अलि बढी छ। अरूलाई रोजगारी दिने रोजगारदाताहरूको उपस्थिति भने केवल १.१० प्रतिशत (११३ जना) मात्रै रहेको छ। समग्रमा, यो तथ्याङ्कले उल्लेखित क्षेत्रमा संस्थागत वा औपचारिक रोजगारीको दायरा सीमित रहेको र अर्थतन्त्र मुख्य रूपमा पारिवारिक स्तरका साना व्यवसाय वा परम्परागत स्वरोजगारमूलक (विशेष गरी कृषि तथा घरायसी) उद्यममा आधारित रहेको यथार्थलाई प्रष्ट पार्छ। यसको विस्तृत विवरण तलको तालिका ७.६ मा दिइएको छ ।

**तालिका ७.६ रोजगारीको अवस्था अनुसार आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण (१० वर्ष वा सो भन्दा बढी उमेरका)**

| रोजगारीको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | १०३१७ | १०० | ४७०६ | १०० | ५६११ | १०० |
| अरुको काम गर्ने | १००६ | ९.७५ | ५४९ | ११.६७ | ४५७ | ८.१४ |
| रोजगारदाता | ११३ | १.१० | ७५ | १.५९ | ३८ | ०.६८ |
| आफ्नै काम गर्ने | ७६८६ | ७४.५० | ३४४५ | ७३.२० | ४२४१ | ७५.५८ |
| परिवारमा सघाउने | १५११ | १४.६५ | ६३७ | १३.५४ | ८७४ | १५.५८ |
| उल्लेख नभएका | १ | ०.०१ | ० | ० | १ | ०.०२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ७.७ आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको विवरण

यहाँ १० वर्ष वा सोभन्दा बढी उमेरका आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य कामलाई संस्थागत क्षेत्रका आधारमा वर्गिकरण गरीएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार आर्थिक कार्यमा संलग्न कुल १०,३१७ जनशक्ति कार्यरत रहेको संस्थागत क्षेत्रको वितरणलाई हेर्दा, यस क्षेत्रको रोजगार संरचनामा घरायसी क्षेत्रको अत्यधिक बाहुल्यता रहेको देखिन्छ। कुल जनशक्तिको ठूलो हिस्सा अर्थात् ८०.८८ प्रतिशत (८,३४४ जना) नागरिक पारिवारिक वा घरायसीस्तरमा सञ्चालित अनौपचारिक क्रियाकलाप (जस्तै पारिवारिक कृषि वा घरेलु उद्यम) मा संलग्न रहेका छन्, जसमा पुरुषहरू (७८.६२%) को तुलनामा महिलाहरूको अनुपात (८२.७७%) बढी रहेको पाइन्छ। यसैगरी, दोस्रो ठूलो रोजगारदाताको रूपमा निजी तथा सार्वजनिक प्रकृतिका गैरवित्तीय संस्थाहरू रहेका छन्, जसले कुल रोजगारीको १५.४१ प्रतिशत (१,५९० जना) हिस्सा ओगटेका छन्। तुलनात्मक रूपमा बढी व्यवस्थित मानिने सरकारी क्षेत्रमा रोजगारी पाउने जनशक्ति केवल ३.२८ प्रतिशत (३३८ जना) मात्रै रहेको छ, जहाँ पुरुष र महिलाको सहभागिता लगभग समान (१७४ पुरुष र १६४ महिला) छ। बाँकी वित्तीय संस्था र नाफा नकमाउने गैरसरकारी संस्थाहरूको रोजगारीमा योगदान भने संयुक्त रूपमा १ प्रतिशतभन्दा पनि कम देखिन्छ। यसको विस्तृत विवरण तलको तालिका ७.७ मा दिइएको छ ।

**तालिका ७.७ आर्थिक रुपले सक्रिय जनसंख्याको मुख्य कामको संस्थागत क्षेत्र अनुसारको विवरण (१० वर्ष वा सो भन्दा बढी उमेरका)**

| रोजगारीको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | १०३१७ | १०० | ४७०६ | १०० | ५६११ | १०० |
| सरकारी | ३३८ | ३.२८ | १७४ | ३.७० | १६४ | २.९२ |
| वित्तीय संस्था | ३४ | ०.३३ | १४ | ०.३० | २० | ०.३६ |
| गैरवित्तीय संस्था | १५९० | १५.४१ | ८१३ | १७.२८ | ७७७ | १३.८५ |
| नाफा नकमाउने संस्था | १० | ०.१० | ५ | ०.११ | ५ | ०.०९ |
| घरायसी क्षेत्र | ८३४४ | ८०.८८ | ३७०० | ७८.६२ | ४६४४ | ८२.७७ |
| उल्लेख नभएको | १ | ०.०१ | ० | ० | १ | ०.०२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ७.८ गाउँपालिकामा कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको विवरण

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार भिमसेनथापा गाउँपालिकामा कुल ५,२३९ परिवारहरूमा साना घरेलु व्यवसायको विस्तार र उपस्थितिको अवस्था निकै न्यून रहेको देखिन्छ। कुल परिवारमध्ये अत्यधिक ठूलो हिस्सा अर्थात् ९६.३५ प्रतिशत (५,०४८ परिवार) मा कुनै पनि प्रकारका साना घरेलु व्यवसायहरू सञ्चालनमा नरहेको पाइन्छ। यसको विपरीत, केवल ३.११ प्रतिशत अर्थात् १६३ परिवारले मात्र आफ्नो स्तरबाट साना घरेलु व्यवसायहरू सञ्चालन गरिरहेको अवस्था छ भने बाँकी ०.५३ प्रतिशत परिवारको विवरण खुलेको छैन। साना घरेलु व्यवसाय अनुसारको विवरण तलको तालिका ७.८ मा दिइएको छ ।

**तालिका ७.८ .गाउँपालिकामा साना घरेलु ब्यवसाय सञ्चालन गर्ने परिवार संख्या र प्रतिशत**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जम्मा परिवार | ५२३९ | १०० |
| साना घरेलु ब्यवसाय नभएका परिवार संख्या | ५०४८ | ९६.३५ |
| साना घरेलु ब्यवसाय भएका परिवार संख्या | १६३ | ३.११ |
| उल्लख नभएको | २८ | ०.५३ |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## ७.९ गाउँपालिकामा साना घरेलु ब्यवसाय सञ्चालन गर्ने संख्या(लिङ्ग अनुसार) र प्रतिशत

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार भिमसेनथापा गाउँपालिकामा कुल १६३ साना तथा घरेलु व्यवसायहरूको विधागत र लैङ्गिक संरचनालाई हेर्दा व्यापार/व्यवसाय (थोक तथा खुद्रा व्यापार) क्षेत्रको स्पष्ट बाहुल्यता रहेको देखिन्छ, जसले कुल व्यवसायको ६८.७१ प्रतिशत (११२ वटा) हिस्सा ओगटेको छ। साना व्यवसायको स्वामित्व वा नेतृत्वको सवालमा पुरुष (७८ जना) को तुलनामा महिलाहरू (८५ जना) बढी सक्रिय देखिन्छन्, र विशेष गरी व्यापार/व्यवसाय क्षेत्रमा महिला सञ्चालकहरूको अनुपात (७४.१२%) पुरुषहरू (६२.८२%) को तुलनामा उल्लेखनीय रूपमा बढी छ। यसैगरी, दोस्रो ठूलो क्षेत्रका रूपमा घरेलु उद्योगहरू रहेका छन्, जसको हिस्सा १४.११ प्रतिशत (२३ वटा) रहेको छ, तर यस विधामा भने महिलाहरू (९.४१%) को तुलनामा पुरुषहरूको संलग्नता (१९.२३%) झण्डै दोब्बर देखिन्छ। यसबाहेक सेवा क्षेत्रमा ६.७५ प्रतिशत र यातायात क्षेत्रमा केवल २.४५ प्रतिशत व्यवसाय सञ्चालित छन्, जहाँ यातायात विधामा पुरुष सञ्चालककै बाहुल्यता छ। जसको विस्तृत विवरण तलको तालिका ७.९ मा राखिएको छ ।

**तालिका ७.९ : गाउँपालिकामा साना घरेलु व्यवसाय सञ्चालन गर्ने पुरुष र महिलाको संख्या र प्रतिशत**

| साना तथा घरेलु व्यवसाय | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| घरेलु उद्योग | २३ | १४.११ | १५ | १९.२३ | ८ | ९.४१ |
| व्यापार/व्यवसाय | ११२ | ६८.७१ | ४९ | ६२.८२ | ६३ | ७४.१२ |
| यातायात | ४ | २.४५ | ३ | ३.८५ | १ | १.१८ |
| सेवा | ११ | ६.७५ | ५ | ६.४१ | ६ | ७.०६ |
| अन्य | १३ | ७.९८ | ६ | ७.६९ | ७ | ८.२४ |
| जम्मा | १६३ | १०० | ७८ | १०० | ८५ | १०० |

*स्रोत : राष्ट्रिय जनगणना २०७८*

## ७.१० आर्थिक काम नगर्नुको कारण

जनगणनामा १० वर्ष वा सोभन्दा माथिका जनशक्ति कुनै पनि आर्थिक काममा संलग्न नभएकालाई आर्थिक काम नगर्नुको कारण सोधिएको थियो त्यही आधारमा यहाँ १० वर्ष वा सोभन्दा माथि उमेरका कुनै पनि आर्थिक रूपले निष्क्रिय कुल ७,४९१ जनशक्तिको क्रियाकलापगत विवरणलाई विश्लेषण गर्दा निष्क्रियताको सबैभन्दा ठूलो कारण विद्यार्थी जीवन रहेको देखिन्छ, जसले कुल निष्क्रिय जनसंख्याको ३४.०१ प्रतिशत (२,५४८ जना) हिस्सा ओगटेको छ। यस विद्यार्थी समूहमा संख्यात्मक रूपमा महिला (१,३६० जना) बढी भए तापनि प्रतिशतका आधारमा पुरुषहरू (३८.६७%) महिला (३०.७८%) भन्दा अगाडि छन्। निष्क्रियताको दोस्रो ठूलो कारण वृद्ध अवस्था (१८.८४%) रहेको छ भने तेस्रो प्रमुख कारण घरधन्दा (१५.१६%) देखिन्छ। घरधन्दाका कारण आर्थिक रूपमा निष्क्रिय हुनेहरूमा परम्परागत सामाजिक संरचना अनुरूप नै पुरुषहरू (६.१५%) को तुलनामा महिलाहरूको अनुपात (२१.४३%) निकै उच्च (९४७ जना) रहेको पाइन्छ। यसैगरी, पारिवारिक हेरचाहमा ४.६६ प्रतिशत र अशक्त वा बिरामी भएका कारण ३.६३ प्रतिशत नागरिक आर्थिक कार्यमा संलग्न हुन सकेका छैनन् भने पेन्सन वा सामाजिक स्वयंसेवामा लाग्नेहरूको हिस्सा निकै न्यून छ। समग्रमा, यो तथ्याङ्कले निष्क्रिय जनशक्तिको ठूलो हिस्सा अध्ययन गरिरहेका युवा र वृद्धावस्थाका ज्येष्ठ नागरिकहरू जस्ता स्वभाविक आश्रित समूहमा रहेको देखाए तापनि घरायसी कार्य र पारिवारिक हेरचाहकै कारण अझै पनि महिलाहरूको ठूलो हिस्सा श्रम बजारभन्दा बाहिरै रहनुपरेको यथार्थलाई प्रष्ट पार्छ। जसको विस्तृत विवरण तलको तालिका ७.१० मा राखिएको छ ।

## तालिका ७.१० आर्थिक काम नगर्नुको कारण अनुसार जनसंख्याको विवरण (१० वर्ष वा सो भन्दा माथि)

| क्षेत्र | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | ७४९१ | १०० | ३०७२ | १०० | ४४१९ | १०० |
| विद्यार्थी | २५४८ | ३४.०१ | ११८८ | ३८.६७ | १३६० | ३०.७८ |
| घरधन्दा | ११३६ | १५.१६ | १८९ | ६.१५ | ९४७ | २१.४३ |
| पारिवारिक हेरचाह | ३४९ | ४.६६ | ९९ | ३.२२ | २५० | ५.६६ |
| वृद्ध अवस्था | १४११ | १८.८४ | ५४९ | १७.८७ | ८६२ | १९.५१ |
| अशक्त/ विरामी | २७२ | ३.६३ | १३० | ४.२३ | १४२ | ३.२१ |
| पेन्सन/आयस्ता | १३६ | १.८२ | १०४ | ३.३९ | ३२ | ०.७२ |
| सामाजिक | १५ | ०.२० | ९ | ०.२९ | ६ | ०.१४ |
| अन्य | १५३७ | २०.५२ | ७५२ | २४.४८ | ७८५ | १७.७६ |
| उल्लेख नभएको | ८७ | १.१६ | ५२ | १.६९ | ३५ | ०.७९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## ७.११ स्थानीय तहमा रहेका बैंक तथा वित्तीय संस्थासम्वन्धी विवरण २०८२

| बैंक तथा वित्तीय संस्था | संख्या |
|---|---|
| बैंक शाखा | ४ |
| वित्तिय संस्था | ५ |
| बीमा कम्पनी | ० |
| सहकारी संस्थाको संख्या | ७ |
| इन्टरनेट सेवा प्रदायक | |

*स्रोत : भिमसेन थापा गाउँपालिका*

## खण्ड ८

# कृषि वन तथा वातावरण तथ्याङ्क

## ८.१ गाउँपालिकामा उत्पादन हुने मुख्य ५ बाली

**खाद्यान्न बाली**

| सि.नं. | बाली | आ.व. २०७९/८० | | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | |
|---|---|---|---|---|---|---|---|
| | | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन | क्षेत्रफल | उत्पादन |
| १ | धान | | | | | ९०० | ३४५६ |
| २ | गँहु | | | | | २०० | ४७४ |
| ३ | मकै | | | | | १३९० | ३२९४.३ |
| ४ | कोदो | | | | | ६०० | ७२६ |
| **जम्मा** | | | | | | | |

*स्रोतः कृषि विकास शाखा, भिमसेन थापा गाउँपालिका*

## ८.२ पछिल्लो तीन आ.व. को पशु संख्या सम्बन्धी विवरण

| सि.नं. | पशुको किसिम | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|
| १ | गाई/गोरु | | १५८५ (पशु गणना २०८१-८२ अनुसार) |
| २ | भैसी/रांगा | | ५२७३ (पशु गणना २०८१-८२ अनुसार) |
| ३ | बाखा/खसी/ बोका | | २२३७० (पशु गणना २०८१-८२ अनुसार) |

*स्रोत : पशु सेवा शाखा ,भिमसेन थापा गाउँपालिका*

## ८.३ दुध तथा मासुको उत्पादनसम्बन्धी विवरणः आ व २०८१।८२ सम्म

| पशुजन्य पदार्थ | हालको अवस्था | आवश्यकता | वढि घटी | उपलब्ध प्रतिशत | अपुग प्रतिशत |
|---|---|---|---|---|---|
| दुध लीटरमा | अनुमानित ५ हजार लिटर प्रति दिन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| मासु केमा.जी. | अनुमानित १ लाख देखि १ लाख ५० हजार के.जी. | | | | |
| फुल संख्यामा | | | | | |
| माछा | अनुमानित १०-१५ हजार के.जी. वार्षिक | | | | |

*स्रोत : पशु सेवा शाखा ,भिमसेन थापा गाउँपालिका*

## ८.४ कृषक परिवार संख्या सहितको कृषि भूमीको विवरण

राष्ट्रिय कृषि गणना २०७८ अनुसार भिमसेनथापा गाउँपालिकामा कुल ४,६१८ कृषक परिवारले २,५०७.७ हेक्टर जग्गा चलन (उपभोग) गरिरहेको देखिन्छ। यस गाउँपालिकामा कुल कृषि कित्ता संख्या १६,१३५ रहेको छ, जस अनुसार प्रति कृषक परिवार औषत कित्ता संख्या ३.५ हुन आउँछ; जुन गोरखा जिल्लाको औषत (३.३ कित्ता) र गण्डकी प्रदेशको औषत (३.० कित्ता) भन्दा बढी हुनुले यहाँ जग्गाको खण्डीकरण (Plotting/Fragmentation) अलि बढी रहेको संकेत गर्छ। कृषिमा सिँचाइको उपलब्धतालाई हेर्दा, यस गाउँपालिकाका कुल कृषक परिवारमध्ये केवल ३२.८९ प्रतिशत (१,५१९ परिवार) ले मात्र सिँचाइ सुविधा पाइरहेका छन् भने कुल कृषियोग्य जग्गाको मात्र १७.०३ प्रतिशत (४२७.२ हेक्टर) भूभाग सिँचित क्षेत्र भित्र पर्दछ। जिल्लागत स्तरमा गोरखाका ४६.१३ प्रतिशत कृषक परिवार र प्रदेशगत स्तरमा गण्डकीका ६१.०७ प्रतिशत परिवारले सिँचाइ सुविधा उपभोग गरिरहेको तुलनात्मक अवस्थालाई हेर्दा भिमसेनथापा गाउँपालिकामा सिँचाइ सुविधाको पहुँच अझै पनि निकै कमजोर देखिन्छ। यस सम्वन्धी विस्तृत विवरण तालिका नं. ८.१ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. ८.१ कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता संख्या, औषत कित्ता संख्या तथा सिंचित क्षेत्रफल**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा कित्ता संख्या | औषत कित्ता संख्या | सिंचाई सुविधा प्रयोग गर्ने कृषक परिवारको संख्या | सिंचित क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|---|---|---|
| गण्डकी | ४१२६७७ | १७३७७३ | १२३३२४१ | ३ | २५२०३० | ६२४०१.२ |
| गोरखा | ६००२८ | २६०९४.४ | २००३३१ | ३.३ | २७६९१ | ७१३३.१ |
| भिमसेन थापा गाउँपालिका | ४६१८ | २५०७.७ | १६१३५ | ३.५ | १५१९ | ४२७.२ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.५ जग्गाको स्वामित्वअनुसार जग्गा कमाउने परिवार संख्या र जग्गाको क्षेत्रफल

राष्ट्रिय कृषि गणना २०७८ अनुसार जग्गाको स्वामित्व र उपभोगको प्रकृतिलाई हेर्दा भिमसेनथापा गाउँपालिकामा जग्गाको रैथाने स्वामित्व र एकल उपभोग प्रकृतिको स्पष्ट बाहुल्यता रहेको देखिन्छ। यस गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये अत्यधिक ठूलो हिस्सा अर्थात् ८७.०७ प्रतिशत (४,०२१ परिवार) ले आफ्नै हकको जग्गा मात्र कमाउने गरेका छन्, जसले गाउँपालिकाको कुल कृषि क्षेत्रफलको ८६.८४ प्रतिशत (२,१७७.६ हेक्टर) भूभाग ओगटेको छ। यसको विपरीत, आफ्नो स्वामित्व नभई पूर्ण रूपमा अरूको जग्गा मात्र भाडा वा मोहीमा कमाउने कृषकहरू केवल १.३६ प्रतिशत (६३ परिवार) मात्र रहेका छन्। अर्कोतर्फ, आफ्नो स्वामित्वको

जग्गाका साथै थप जग्गा समेत भाडा वा मस्याकटमा लिएर खेती गर्ने (एकभन्दा बढी प्रकारको स्वामित्व भएका) कृषकहरू ११.५६ प्रतिशत (५३४ परिवार) रहेका छन्, जसले गाउँपालिकाको ३०२.८ हेक्टर जग्गा चलन गरिरहेका छन्। जिल्लागत (१६.६८%) र प्रदेशगत (२०.०९%) औसतको तुलनामा भिमसेनथापा गाउँपालिकामा मिश्रित वा भाडाको जग्गामा खेती गर्ने कृषकहरूको अनुपात केही न्यून हुनुले यहाँका नागरिकहरू आफ्नै पारिवारिक स्वामित्वको भूमिमा बढी आत्मनिर्भर रहेको यथार्थलाई प्रष्ट पार्छ। यस सम्बन्धि थप विवरण तालिका नं. ८.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८.२ जग्गाको स्वामित्वअनुसार जग्गा कमाउने परिवार संख्या तथा कमाएको जग्गाको क्षेत्रफल**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर.) | एक प्रकारको स्वामित्व | | | | | | एकभन्दा बढी प्रकारको स्वामित्व | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिवारको हकको जग्गामात्र कमाउने | | अरुको हकको जग्गामात्र कमाउने | | अन्य प्रकारको उपभोगअन्तरगत | | | |
| | | | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
| गण्डकी | ४१२६७७ | १७३७७३ | ३२११०२ | १३०९७३ | ७६६२ | २३५३ | ९९० | २३१ | ८२९२३ | ४०२१६ |
| गोरखा | ६००२८ | २६०९४.४ | ४९६०० | २०९८०.१ | ३७० | ११९.२ | ४३ | ६.३ | १००१५ | ४९८८.८ |
| भिमसेन थापा गाउँपालिका | ४६१८ | २५०७.७ | ४०२१ | २१७७.६ | ६३ | २७.३ | ० | - | ५३४ | ३०२.८ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.६ कृषिचलनले चलन गरेको जग्गाको उपयोग

राष्ट्रिय कृषि गणना २०७८ बाट प्राप्त तथ्याङ्कलाई हेर्दा भिमसेनथापा गाउँपालिकामा कृषकहरूले चलन गरेको कुल २,५०७.७ हेक्टर जग्गामध्ये अधिकांश हिस्सा खेतीयोग्य जमिनले ओगटेको देखिन्छ। गाउँपालिकाको कुल क्षेत्रफलो ८५.७९ प्रतिशत अर्थात् २,१५१.३ हेक्टर जग्गा खेतीयोग्य रहेको छ, जसमा ४,५७६ कृषक परिवार आवद्ध छन्। खेतीयोग्य जमिनमध्ये पनि अस्थायी बाली (खाद्यान्न, तरकारी आदि) ले कुल जग्गाको

७४.३७ प्रतिशत (१,८६५.१ हेक्टर) ठूलो हिस्सा ओगटेको छ भने सुन्तला, कागती वा अन्य फलफूल जस्ता स्थायी बाली अन्तर्गत केवल २.१४ प्रतिशत (५३.६ हेक्टर) जग्गा मात्र उपयोग भएको देखिन्छ। यसबाहेक, खेतीयोग्य भएर पनि विभिन्न कारणले उपयोगमा नआएको अन्य जग्गा (बाँझो वा झाडी) ११.४१ प्रतिशत (२८६.२ हेक्टर) रहेको छ भने खेती नगरिएको वन, चरन, वा घर/गोठले ओगटेको अन्य गैर-कृषि जग्गाको हिस्सा १२.०७ प्रतिशत (३०२.८ हेक्टर) रहेको छ। यस सम्बन्धि थप विवरण तालिका नं. ८.३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८.३ कृषिचलनले चलन गरेको जग्गाको उपयोग**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | जम्मा खेतीयोग्य जग्गा | | अस्थायी बाली लागेको जग्गा | | अन्य खेतीयोग्य जग्गा | | स्थायी बाली लागेको जग्गा | | अन्य जग्गा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
| गण्डकी | ४१२६७७ | १७३७७३ | ४०८५३१ | १२६४२९ | ४०८१३८ | ११४५८० | ८१८४४ | ११८४८.१ | १२८५३९ | १६१९४.९ | ४१२६७७ | ३११४९.५ |
| गोरखा | ६००२८ | २६०९४.४ | ५९५७९ | २१४५८.४ | ५९४८२ | १९०८५.३ | १५१८० | २३७३.१ | १०४६५ | ९३४.० | ६००२८ | ३७०२.० |
| भिमसेन थापा गाउँपालिका | ४६१८ | २५०७.७ | ४५७६ | २१५१.३ | ४५७६ | १८६५.१ | १४६७ | २८६.२ | ८४८ | ५३.६ | ४६१८ | ३०२.८ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.७ विभिन्न अस्थायी बालीको क्षेत्रफल तथा कृषक परिवार संख्या

भिमसेनथापा गाउँपालिकामा अस्थायी बालीतर्फ खाद्यान्न उत्पादनको हिस्सा सबैभन्दा आक्रामक र बढी वर्चस्वशाली रहेको देखिन्छ। गाउँपालिकाका कुल कृषकहरूमध्ये लगभग शतप्रतिशत अर्थात् ४,५५५ परिवार खाद्यान्न बाली (धान, मकै, गहुँ आदि) खेतीमा संलग्न छन्, जसले अस्थायी बाली अन्तर्गतको सबैभन्दा ठूलो हिस्सा अर्थात् २,८२१.७ हेक्टर जमिन ओगटेको छ। खाद्यान्न पछि दोस्रो ठूलो क्षेत्रफल कोसे/दाल बालीले ओगटेको छ, जहाँ १,८४३ परिवारले २०८.९ हेक्टरमा खेती गरेका छन्। कृषकहरूको संलग्नताका आधारमा तरकारी बाली

(२,७९६ परिवार) र अन्य अस्थायी बाली (३,१५१ परिवार) मा आकर्षण राम्रो देखिए तापनि क्षेत्रफलका हिसाबले यिनले क्रमशः ५०.६ हेक्टर र १०१.१ हेक्टर मात्र ओगटेका छन्, जसले व्यावसायिक र ठूलो परिमाणमा भन्दा पनि घरयासी उपभोग (किचन गार्डेन) का लागि तरकारी लगाउने चलन बढी रहेको संकेत गर्छ। यसैगरी, कन्दमूल (आलु, पिँडालु आदि) ९०.६ हेक्टर र तेलबाली ८८.९ हेक्टर क्षेत्रफलमा सीमित रहेका छन्। यस सम्बन्धि थप विवरण तालिका नं. ८.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ८.४ विभिन्न अस्थायी बालीको क्षेत्रफल तथा कृषक परिवार संख्या**

| क्षेत्र | खाद्यान्न बाली | | कोसे/दाल बाली | | कन्दमूल बाली | | तेल बाली | | तरकारी बाली | | अन्य अस्थायी बाली | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
| गण्डकी | ३९५,३१० | १६५,१९५.०० | २११,२७५ | १३,९६५.७० | २४१,५३६ | ८,९३२.२० | १०८,८५३ | १४,३११.२० | २८५,१२३ | ११,४३३.२० | ३,५४८ | २३० |
| गोरखा | ५८६३७ | २६८८५.७ | २६८१६ | २३५०.३ | २८४४३ | १३४३.७ | १२८८६ | १३२१.९ | ३३५२२ | १६३६.९ | ४०४२७ | ९७८.३ |
| भिमसेन थापा गाउँपालिका | ४५५५ | २८२१.७ | १८४३ | २०८.९ | १८४२ | ९०.६ | ८७१ | ८८.९ | २७९३ | ५०.६ | ३१५६ | १०१.१ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.८ मुख्य अस्थायी बाली लागेका जग्गाको क्षेत्रफल तथा कृषक परिवार संख्या

राष्ट्रिय कृषि गणना २०७८ को तथ्याङ्क अनुसार भिमसेन थापा गाउँपालिकामा लगाइने अस्थायी बालि मध्ये मकै सबैभन्दा बढी २०२९.३ हेक्टर क्षेत्रफलमा लगाइएको छ भने त्यसपछि धान १६६५ हेक्टर, कोदो ६०४.३ हेक्टर र गहुँ ८३.८ हेक्टर क्षेत्रफलमा लगाइएको पाइएको थियो । यस सम्बन्धि थप तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८.५ स्थानीय तहअनुसार मुख्य अस्थायी बाली लागेका जग्गाको क्षेत्रफल तथा कृषक परिवार संख्या**

| क्षेत्र | धान | | गहुँ | | मकै | | कोदो | | जौ/उवा | | फापर | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | परिवार संख्या | क्षेत्रफल (हेक्टर) |
| गण्डकी | २४०,२९४ | ६०,८६३ | ८५,५१६ | ११,११३ | ३७४,५३६ | ६७,२६८ | १९६,२७० | २२,५४४ | २९,४५२ | २,६१५ | १,१२० | ६२८ |
| गोरखा | ३३७३० | ८३२२.० | ७८५७ | १०५६.४ | ५६५६३ | १२१३८.१ | ३४९५० | ५०१५.८ | २७२१ | २५३.८ | ४१६ | ६३.५ |
| भिमसेन थापा गाउँपालिका | ३२१५ | १७१.६ | ३५६ | २८.९ | ४४८२ | १२१०.७ | ३५०८ | ६०३.७ | १० | ०.१ | ६३ | १.६ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.९ बगैचाको रुपमा लगाइएका जम्मा स्थायी बाली र कृषक परिवार संख्या

भिमसेनथापा गाउँपालिकामा स्थायी बाली (फलफूल) को खेती व्यावसायिक भन्दा बढी परम्परागत र घरयासी उपभोगको स्वरूपमा रहेको देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये ८०.९४ प्रतिशत (३,७३८ परिवार) कुनै न कुनै रूपमा स्थायी बाली खेतीमा आबद्ध भए तापनि यसले ओगटेको जम्मा क्षेत्रफल केवल ५३.६ हेक्टर मात्र रहेको छ। स्थायी बाली लगाउने कृषकहरूमध्ये केवल १७.०६ प्रतिशत (६३८ परिवार) ले मात्र व्यवस्थित बगैंचाका रूपमा व्यावसायिक खेती सुरु गरेका छन्, जसमध्ये फल लाग्ने उमेरका बगैंचाले ४२.८ हेक्टर (१,१२,५५० बोट) र नयाँ फल नलाग्ने उमेरका बगैंचाले १०.८ हेक्टर (९,२८३ बोट) क्षेत्र ओगटेका छन्। यसको विपरीत, गाउँपालिकामा व्यवस्थित बगैंचा बाहेक खेतबारीको कान्ला वा घरवरपर छरिएका बोटहरू (Scattered Trees) रोप्ने लहर बढी देखिन्छ, जसमा फल लाग्ने उमेरका ६५,८५३ बोट र फल नलाग्ने उमेरका १६,५७० बोटहरू रहेका छन्।

**तालिका ८.६ बगैचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल, बोट संख्या, छरिएर रहेका बोट संख्या र कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषक परिवारले चलन गरेकोजग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | स्थायी बाली | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कृषक परिवार संख्या | बगैचाको रुपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल (हेक्टर) | बगैचाको रुपमा लगाइएका | | | | | | छरिएका बोट संख्या | |
| | | | | | फल लाग्ने उमेरको | | | फल नलाग्ने उमेरको | | | | |
| | | | | | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | बोट संख्या | परिवार संख्या | क्षेत्रफल (हेक्टर) | बोट संख्या | फल लाग्ने उमेरको | फल नलाग्ने उमेरको |
| गण्डकी | ४१२,६७७ | १७३,७७३ | २८५,३०४ | १६,१९५ | ८३,४५८ | ५,६६० | ४,१६२,३५४ | ८४,९७२ | १०,५३५ | २,६८०,५०३ | ३,०९०,४८८ | १,१२५,९६१ |
| गोरखा | ६००२८ | २६०९४.४ | ३४८९२ | ९३४.० | ८१३८ | ५१७.८ | ४६६३३६ | ४८१४ | ३३६.२ | १९८२९० | ४७६२९१ | १६२३६६ |
| भिमसेन थापा गाउँपालिका | ४६१८ | २५०७.७ | ३७३८ | ५३.६ | ६३८ | ४२.८ | ११२५५० | २८३ | १०.८ | ९२८३ | ६५८५३ | १६५७० |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१० बगैचाको रुपमा लगाइएका मुख्य स्थायी बालीको विवरण

राष्ट्रिय कृषिगणना, २०७८ को तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकामा परम्परागत फलफूल खेतीको तुलनामा केरा खेती व्यावसायिकतातर्फ बढी उन्मुख र लोकप्रिय देखिन्छ। गाउँपालिकामा कुल १,६८५ कृषक परिवारले केरा खेती गरेका छन्, जसले फलफूल बालीमध्येकै सबैभन्दा धेरै १४.७ हेक्टर क्षेत्रफल ओगटेको छ र यसमा ३८,५६२ बोटहरू बगैंचाका रूपमा र १७,९०६ बोटहरू छरिएका रूपमा रहेका छन्। यसैगरी, दोस्रो प्राथमिकतामा रहेको आँप खेतीमा ९९५ परिवार आबद्ध भए तापनि यसको बगैंचा क्षेत्रफल केवल ३.८ हेक्टर (३,३४८ बोट) मात्र छ, जसले आँप अझै पनि परम्परागत प्रकृतिको रहेको देखाउँछ। कागती र सुन्तला खेती क्रमशः ७२२ र ३७७ कृषक परिवारले समान ३.५—३.५ हेक्टर क्षेत्रफलमा लगाएका छन्। यहाँ कागतीको

क्षेत्रमा बगैंचाका बोट (१,३०९) भन्दा कान्ला र घरवरपर छरिएका बोटहरूको संख्या (३,८८७) झन्डै तेब्बर हुनुले कागती खेती मुख्यतः घरयासी उपयोग र जीविकोपार्जनमा सीमित रहेको बुझाउँछ। यस सम्बन्धि गण्डकी प्रदेश, गोरखा जिल्ला र भिमसेनथापा गाउँपालिकाको तुलनात्मक तथ्याङ्क तलको तालिकाहरुमा उल्लेख गरिएको छ ।

**तालिका ८.७ बगैचाको रुपमा लगाइएका मुख्य स्थायी बालीको विवरण**

| क्षेत्र | सुन्तला | | | | कागती | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषक परिवार संख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट संख्या | कृषक परिवार संख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट संख्या |
| | | क्षेत्रफल (हेक्टर) | बोट संख्या | | | क्षेत्रफल (हेक्टर) | बोट संख्या | |
| गण्डकी | ८३,५१३ | २,०८९ | १,४०८,९२० | ४०१,२०२ | ६४,६७३ | ५०४ | ३३७,२४० | १७१,७६५ |
| गोरखा | ६५०९ | ७५.९ | ६०२०१ | ३७८९९ | ५९०९ | ४७.८ | ३१३०४ | १८६६६ |
| भिमसेनथापा गाउँपालिका | ३७७ | ३.५ | २५२२ | ९०० | ७२२ | ३.५ | १३०९ | ३८८७ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

| क्षेत्र | आँप | | | | केरा | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषक परिवार संख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट संख्या | कृषक परिवार संख्या | बगैचाको रुपमा लगाइएका | | छरिएका बोट संख्या |
| | | क्षेत्रफल (हेक्टर) | बोट संख्या | | | क्षेत्रफल (हेक्टर) | बोट संख्या | |
| गण्डकी | ७५,६३७ | २०३ | ७१,७०९ | १५१,०१२ | ९७,८४५ | १,३०३ | १,६५६,२३४ | ६२४,४१९ |
| गोरखा | ८९९८ | ३९.३ | १५८२१ | १९५०३ | १५४६६ | १९८.१ | २७९७७८ | १३२५६८ |
| भिमसेनथापा गाउँपालिका | ९९५ | ३.८ | ३३४८ | २०८५ | १६८५ | १४.७ | ३८५६२ | १७९०६ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.११ प्रमुख बालीहरुमा कृषि सामग्री प्रयोग गर्ने कृषक परिवार संख्या

राष्ट्रिय कृषि गणना २०७८ मा प्राप्त तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकामा धान, मकै र गहुं बालीको उत्पादनमा संलग्न कृषकहरूको संख्या र उनीहरूले अपनाएका कृषि प्रविधिहरूमा निकै ठूलो भिन्नता देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये सबैभन्दा बढी ९७.०५ प्रतिशत (४,४८२ परिवार) मकै खेतीमा आबद्ध छन् भने धान खेतीमा ६९.६२ प्रतिशत (३,२१५ परिवार) र हिउँदे बाली गहुँमा सबैभन्दा कम

केवल ७.७१ प्रतिशत (३५६ परिवार) को मात्र संलग्नता रहेको छ। यी तिनै बालीहरूमा रैथाने वा स्थानीय बीउकै बर्चस्व रहेको छ, जसअन्तर्गत मकैमा ७५.४६ प्रतिशत, धानमा ५५.३६ प्रतिशत र गहुँमा ५५.९० प्रतिशत कृषकहरूले स्थानीय बीउ प्रयोग गर्ने गरेका छन्; यद्यपि, धान बालीमा वर्णशंकर (हाइब्रिड) बीउको प्रयोग (८६९ परिवार) अन्य बालीको तुलनामा बढी आकर्षक बन्दै गएको देखिन्छ। उत्पादन बढाउनका लागि रासायनिक र स्थानीय/जैविक दुवै प्रकारका मलहरू मिसाएर प्रयोग गर्ने प्रचलन तीनवटै बालीमा अत्यधिक छ (मकैमा ४,०७३, धानमा २,८५९ र गहुँमा २९३ परिवार)। कीटनाशक विषादीको प्रयोगतर्फ हेर्दा धान खेती गर्नेहरूमा यसको प्रयोग सबैभन्दा बढी ५९.२८ प्रतिशत (१,९०६ परिवार) रहेको छ भने मकैमा ४४.३८ प्रतिशत र गहुँमा केवल १४.६१ प्रतिशत कृषकले मात्र विषादी प्रयोग गर्ने गरेका छन्। समग्रमा, यो तथ्याङ्कले भिमसेनथापा गाउँपालिकामा खाद्य सुरक्षाको मुख्य आधार मकै र धान खेती रहेको र कृषकहरू परम्परागत स्थानीय बीउ जोगाउँदै आधुनिक रासायनिक मल र विषादीको प्रयोगतर्फ क्रमशः आकर्षित भइरहेको प्रष्ट पार्छ।

**तालिका ८.८ प्रमुख बालीहरुमा कृषि सामग्री (बीउविजन, विषादी, मल) प्रयोग गर्ने कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | धान | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषक परिवार संख्या | विजनको किसिम प्रयोग गर्ने कृषक परिवार संख्या | | | कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या | मलको प्रयोग कृषक परिवार संख्या | | |
| | | | स्थानीय | उन्नत | वर्णशंकर (हाइब्रिड) | | स्थानीय/ जैविक मल | खनिज/ रासायनिक मल | दुवै |
| गण्डकी | ४१२६७७ | २४०२९४ | १५२५०४ | ४०५५५ | ४७२३५ | ५६५२५ | ७४०६८ | १६६८३ | १४९५४४ |
| गोरखा | ६००२८ | ३३७३० | १८६६४ | ५६२३ | ९४४३ | १२७०५ | ५९६९ | ३९४९ | २३८१२ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | ३२१५ | १७८० | ५६५ | ८६९ | १९०६ | ५२ | ३०४ | २८५९ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | मकै | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषक परिवार संख्या | विजनको किसिम प्रयोग गर्ने कृषक परिवार संख्या | | | कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या | मलको प्रयोग कृषक परिवार संख्या | | |
| | | | स्थानीय | उन्नत | वर्णशंकर (हाइब्रिड) | | स्थानीय/ जैविक मल | खनिज/ रासायनिक मल | दुवै |
| गण्डकी | ४१२६७७ | ३७४५३६ | ३०९४५९ | ३४७४२ | ३०३३५ | ४२०१४ | १९७०९५ | १२३३० | १६५१११ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गोरखा | ६००२८ | ५६५६३ | ४१९०३ | ६३५० | ८३१० | १३५६७ | १५८६८ | ४२४५ | ३६४५० |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | ४४८२ | ३३८२ | ५२४ | ५७६ | १९८९ | २२० | १८९ | ४०७३ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | गहुँ | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कृषक परिवार संख्या | विजनको किसिम — प्रयोग गर्ने कृषक परिवार संख्या | | कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या | मलको प्रयोग — कृषक परिवार संख्या | | |
| | | | स्थानीय | उन्नत | | स्थानीय/ जैविक मल | खनिज/ रासायनिक मल | दुवै |
| गण्डकी | ४१२६७७ | ८५५१६ | ७६५७६ | ६४२० | ३५७८ | ५३९९९ | २८९० | २८६२७ |
| गोरखा | ६००२८ | ७८५७ | ७००९ | ८४८ | ३३४ | ६०४५ | १४० | १६७२ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | ३५६ | १९९ | १५७ | ५२ | ३१ | ३१ | २९३ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१२ पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार

भिमसेनथापा गाउँपालिकाका ९३.२० प्रतिशत (४,३०४) कृषक परिवार पशुपंक्षी पालनमा आबद्ध छन्। विधागत रूपमा, यहाँ बाख्रा पालन सबैभन्दा लोकप्रिय छ, जसमा ३,८११ परिवारले २५,४२२ वटा बाख्रा पालेका छन्। दोस्रो स्थानमा रहेको भैंसी पालनमा ३,०४७ परिवार (६,२८२ भैंसी) र गाई/गोरु पालनमा १,२५७ परिवार (२,५९७ गाई/गोरु) आवद्ध देखिन्छन्। पन्छीपालनतर्फ कुखुरा पालन घरेलु तथा व्यावसायिक रूपमा अगाडि बढेको देखिन्छ, जसमा २,७८५ परिवारका ४४,१०५ वटा कुखुरा रहेका छन्। यसबाहेक सुँगुर (११५ परिवार), हाँस (२०९ परिवार) र भेडा पालनको हिस्सा निकै न्यून छ। राष्ट्रिय कृषि गणना २०७८ बाट प्राप्त पाल्तु चौपाया तथा पंक्षीको संख्या र कृषक परिवार सम्बन्धि तुलनात्मक तथ्याङ्क तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिक ८.९ पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार**

| क्षेत्र | कृषक परिवारको जम्मा संख्या | पाल्तु चौपाया | | | | | | | | | | | | | पाल्तु पन्छी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या | गाई/गोरु | | राँगा/भैंसी | | बाखा/च्याङ्ग्रा | | भेंडा/भेंडी | | सुगुँर/बंगुर | | अन्य पशु | | कुखुरा | | अन्य पन्छी | |
| | | | कृषक परिवार संख्या | गाई/गोरु संख्या | कृषक परिवार संख्या | राँगा/भैंसी संख्या | कृषक परिवार संख्या | बाख्रा/च्याङ्ग्रा संख्या | कृषक परिवार संख्या | भेंडा/भेंडी संख्या | कृषक परिवार संख्या | सुँगुर/बंगुर संख्या | कृषक परिवार संख्या | अन्य पशु संख्या | कृषक परिवार संख्या | अन्य पन्छी संख्या | कृषक परिवार संख्या | अन्य पन्छी संख्या |

| गण्डकी | गोरखा | भिमसेनथापा गाउँपालिका |
|---|---|---|
| ४१२,६७७ | ६००२८ | ४६१८ |
| ३३७,९६५ | ५२२४७ | ४३०४ |
| ९१,३१६ | १६१९८ | १२५७ |
| २४८,८९८ | ४५८३८ | २५९७ |
| २९६,९३१ | २६६०८ | ३०४७ |
| ४४८,२७३ | ५१२७७ | ६२८२ |
| २३७,३५३ | ४३७६८ | ३८११ |
| १,५७८,०११ | ३२३९२२ | २५४२२ |
| ५,०३७ | १४३३ | २९ |
| ६२,५२१ | १७३५७ | २९ |
| ३९,२०८ | ६२०० | ११५ |
| १३३,६४४ | १४४३७ | ३३५ |
| ४,२२६ | ११८२ | २९ |
| १५,८७६ | ६४५१ | ४२ |
| २४८७०७ | ४१५३३ | २७८५ |
| ७३९००२१ | ११०३९४९ | ४५१०५ |
| २५६२८ | ४८६३ | २०९ |
| २०३०१५ | २४७६३ | ८२७ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१३ कृषि कामदारको किसिम र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या

भिमसेनथापा गाउँपालिकाको कृषि क्षेत्र नियमित वा स्थायी कामदारभन्दा पूर्ण रूपमा मौसमी तथा अस्थायी कामदारमा आश्रित देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये केवल १० परिवारले मात्र स्थायी कामदार राखेका छन्, जसमा १० जना नै पुरुष कामदार रहेका छन् र महिला कामदार शून्य छ। यसको विपरीत, खेतीपातीको मुख्य सिजनमा अस्थायी कामदार प्रयोग गर्ने कृषकहरूको हिस्सा ६८.९२ प्रतिशत (३,१८३ परिवार) जति ठूलो रहेको छ। यस गाउँपालिकामा अस्थायी कामदारहरूको कुल श्रम उपयोग ३,३३,१७५ व्यक्ति दिन (Person Days) रहेको छ, जसमध्ये पुरुष कामदारको योगदान ४२.७७ प्रतिशत (१,४२,५०९ व्यक्ति दिन) हुँदा महिला कामदारको योगदान ५७.२३ प्रतिशत (१,९०,६६६ व्यक्ति दिन) रहेको छ। समग्रमा, यो तथ्याङ्कले भिमसेनथापा गाउँपालिकाको कृषि श्रमशक्तिमा महिलाहरूको सहभागिता पुरुषको तुलनामा निकै उच्च रहेको र कृषि कार्यमा लैंगिक श्रमको ठूलो योगदान रहेको यथार्थलाई प्रष्ट पार्छ।

**तालिका ८.१० कृषि कामदारको किसिम अनुसार कामदारहरुको संख्या र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | स्थायी कामदार | | | | अस्थायी कामदार | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कामदार प्रयोग गर्ने कृषक परिवार संख्या | स्थायी कामदार संख्या | | | कामदार प्रयोग गर्ने कृषक परिवार संख्या | अस्थायी कामदारको व्यक्ति दिन | | |
| | | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| गण्डकी | ४१२,६७७ | ३,७५६ | ६,४५८ | ४,४६० | १,९९८ | २२६,४५९ | ७,६००,६४० | २,८१२,४२६ | ४,७८८,२१४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| गोरखा | ६००२८ | ११९ | १९३ | १३५ | ५८ | २९५७२ | १२०८७९९ | ५३५१५८ | ६७३६४१ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | १० | १० | १० | ० | ३१८३ | ३३३१७५ | १४२५०९ | १९०६६६ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१४ कृषि कामदारको किसिम र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या

राष्ट्रिय कृषिगणना २०७८ को तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकाको कृषि श्रमशक्तिमा आधुनिक वा व्यावसायिक ठेक्का प्रणालीको तुलनामा परम्परागत पर्म (ऐँचो-पैँचो वा श्रम साटासाट) पद्धति अत्यधिक लोकप्रिय र बलियो सामाजिक आधारको रूपमा रहेको देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये ६०.७६ प्रतिशत (२,८०६ परिवार) ले कृषि कार्यका लागि पर्म कामदारको उपयोग गर्ने गरेका छन्, जसको कुल श्रम हिस्सा १,०९,९६६ व्यक्ति दिन (Person Days) रहेको छ। यसको विपरीत, व्यावसायिक रूपमा ठेक्कामा कामदार लगाउने कृषकहरूको हिस्सा केवल ०.९१ प्रतिशत (४२ परिवार) मात्र छ, जसको कुल श्रम उपयोग १,७४० व्यक्ति दिनमा सीमित देखिन्छ। लैंगिक सहभागिताका आधारमा दुवै पद्धतिमा पुरुषको तुलनामा महिला श्रमशक्तिको हिस्सा बढी छ; पर्ममा महिलाको योगदान ५६.७३ प्रतिशत (६२,३८५ व्यक्ति दिन) र ठेक्कामा ६०.८६ प्रतिशत (१,०५९ व्यक्ति दिन) रहेको छ।

**तालिका ८.११ कृषि कामदारको किसिमअनुसार कामदारहरुको संख्या र कामदार प्रयोग गर्ने कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | पर्ममा लगाएका कामदार | | | | ठेक्कामा लगाएका कामदार | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कामदार प्रयोग गर्ने कृषक परिवार संख्या | पर्ममा लगाएका कामदारको व्यक्ति दिन | | | कामदार प्रयोग गर्ने कृषक परिवार संख्या | ठेक्कामा लगाएका कामदारको व्यक्ति दिन | | |
| | | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| गण्डकी | ४१२,६७७ | २३२,५४१ | ६,२२२,४८० | २,२२५,६९५ | ३,९९६,७८५ | ६,७५१ | ११८,४०२ | ४९,७३९ | ६८,६६३ |
| गोरखा | ६००२८ | ३८०५५ | ११२८५११ | ४७३६४१ | ६५४८७० | ७९२ | १६३५८ | ५९६१ | १०३९७ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | २८०६ | १०९९६६ | ४७५८१ | ६२३८५ | ४२ | १७४० | ६८१ | १०५९ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१५ कृषि ऋण, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार संख्या

राष्ट्रिय कृषिगणना, २०७८ को तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकामा कृषकहरूको संस्थागत वित्तीय पहुँच र सरकारी प्रोत्साहनको अवस्था निकै कमजोर रहेको देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये

केवल ५.४४ प्रतिशत (२५१ परिवार) ले मात्र हाल कृषि ऋण प्राप्त गरेका छन्, जबकि २५.६२ प्रतिशत (१,१८३ परिवार) ले व्यावसायिक कृषि विस्तारका लागि थप ऋण वा वित्तीय लगानीको आवश्यकता रहेको औंल्याएका छन्। यसैगरी, कृषि व्यवसायको जोखिम न्यूनीकरणका लागि गरिने कृषि बीमाको पहुँचमा पनि निकै न्यून अर्थात् केवल २.९५ प्रतिशत (१३६ परिवार) कृषकहरू मात्र समेटिएका छन्। सरकारी स्तरबाट प्रदान गरिने वित्तीय प्रोत्साहन वा अनुदानको अवस्था झन् कमजोर देखिन्छ, जहाँ गाउँपालिकाभरिका कुल कृषकहरूमध्ये केवल २.०४ प्रतिशत (९४ परिवार) ले मात्र सरकारी अनुदान प्राप्त गर्न सकेका छन्।

**तालिका ८.१२ कृषि ऋण, थप ऋणको आवश्यकता, बिमा तथा अनुदान प्राप्त गर्ने कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषि ऋण लिएका कृषक परिवार संख्या | कृषि ऋण / थप ऋणको आवश्यकता उल्लेख गर्ने कृषक परिवार संख्या | कृषि क्रियाकलापको लागि बिमा गरेका कृषक परिवार संख्या | कृषि कार्यको लागि सरकारी अनुदान प्राप्त गरेका कृषक परिवार संख्या |
|---|---|---|---|---|---|
| गण्डकी | ४१२,६७७ | ३०,१३३ | १२२,१२९ | २८,१०७ | ३१,१४५ |
| गोरखा | ६००२८ | ४२५० | १६९२४ | ३८१३ | २२२६ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | २५१ | ११८३ | १३६ | ९४ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१६ जलवायु परिवर्तन बारेमा जानकार कृषक परिवार संख्या

राष्ट्रिय कृषिगणना, २०७८ को तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकाका कृषकहरूमा जलवायु परिवर्तनको असर र यसको प्रत्यक्ष अनूभुति उच्च रहेको देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये ३६.५३ प्रतिशत (१,६८७ परिवार) जलवायु परिवर्तनबारे सचेत छन्, जसमध्ये ९४.४३ प्रतिशत (१,५९३ परिवार) ले आफ्नो कृषि कार्यमा यसको प्रत्यक्ष प्रभाव महसुस गरेका छन्। जलवायु परिवर्तनका नकारात्मक असरहरूमध्ये सबैभन्दा बढी रोग/कीराको प्रकोपमा वृद्धि भएको कुरा ८६.८१ प्रतिशत (१,३८३ परिवार) ले उल्लेख गरेका छन्। यसैगरी, असमान वा धेरै/कम वर्षाको मार खेप्ने र उत्पादनमा कमी आएको महसुस गर्ने कृषकहरू समान रूपमा ७४.९५ प्रतिशत (१,१९४—१,१९४ परिवार) रहेका छन्। यसबाहेक बाली लगाउने समय तालमेल नमिलेको (७२३ परिवार), पशुहरूको ब्रिडिङ समय सरेको (६३९ परिवार) र रैथाने प्रजातिहरू लोप हुँदै गएको (१८९ परिवार) कृषकहरूले औंल्याएका छन्।

**तालिका ८.१३ जलवायु परिवर्तन बारे जानकारी राख्ने र कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभावअनुसार कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | जलवायु परिवर्तन बारे थाहा हुने कृषक परिवार संख्या | प्रभाव उल्लेख गर्ने कृषक परिवार | कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभावअनुसार कृषक परिवार | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | उत्पादनमा कमी | उत्पादनमा वृद्धि | फल/फसलको आकारमा परिवर्तन | स्वादमा परिवर्तन | बाली लगाउने समयमा फरक | धेरै वा कम वर्षा | रोग/किराको प्रकोपमा वृद्धि | ब्रिडिङ समयमा परिवर्तन | प्रजातिको लोप/उत्थान | अन्य |
| गण्डकी | ४१२,६३७ | १८२,८५६ | १५८,५९२ | १२८,११९ | १३,६९५ | ३२,८७२ | २६,४५६ | ५७,१७७ | ८९,८३४ | ९१,९७३ | ९,१३८ | ९,४४२ | ३५७ |
| गोरखा | ६००२८ | २११२७ | २००२७ | १५९०० | १५१३ | ४२४५ | ३६०३ | ८१९५ | ९६५० | १२६७६ | १४५४ | १०६३ | १९ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | १६८७ | १५९३ | ११९४ | ९४ | ८४ | २२० | ७२३ | ११९४ | १३८३ | ६३९ | १८९ | ० |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१७ कृषि चलनबाट निस्किएका फोहोरको व्यवस्थापन गरेका कृषक परिवार संख्या

राष्ट्रिय कृषिगणना ,२०७८ को तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकामा कृषिजन्य फोहोरको पुनरावृत्ति (Recycling) र पुनरुपयोग गर्ने सकारात्मक अभ्यास उच्च रहेको देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये सबैभन्दा बढी ५५.६१ प्रतिशत (२,५६८ परिवार) ले कृषिजन्य फोहोरलाई कम्पोष्ट मल बनाएर खेतबारीमा प्रयोग गर्ने गरेका छन् भने लगभग सोही अनुपातमा ५४.८९ प्रतिशत (२,५३५ परिवार) ले यसलाई इन्धन (दाउरा/गुइँठा आदि) को रूपमा उपयोग गर्ने गरेको देखिन्छ। फोहोर विसर्जनका अन्य परम्परागत माध्यमहरूमा जलाउने कृषकहरू ५०.५४ प्रतिशत (२,३३४ परिवार) र गाड्नेहरू २७.८७ प्रतिशत (१,२८७ परिवार) रहेका छन्। संस्थागत रूपमा फोहोर व्यवस्थापकलाई बुझाउने परिवार संख्या केवल १७८ (३.८५ प्रतिशत) मात्र छ भने कृषिजन्य फोहोरको कुनै पनि व्यवस्थापन नगर्ने कृषकहरू केवल ११५ परिवार (२.४९ प्रतिशत) मात्र रहेका छन्। समग्रमा, यो तथ्याङ्कले भिमसेनथापा गाउँपालिकाका बहुसंख्यक कृषकहरूले कृषिजन्य अवशेषलाई फोहोरका रूपमा फाल्नुभन्दा मल र इन्धनका रूपमा उत्पादनमूलक उपयोग गरिरहेको स्पष्ट पार्छ।

**तालिका ८.१४ कृषि चलनबाट निस्किएका फोहोरको निम्नअनुसार व्यवस्थापन गरेका कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषि चलनबाट निस्किएका फोहोरको निम्नअनुसार व्यवस्थापन गरेका कृषक परिवार संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | गाडेर | जलाएर | फोहोर व्यवस्थापकलाई पठाएर | कम्पोष्ट बनाएर | इन्धनको रुपमा प्रयोग गरेर | अन्य तरिकाले व्यवस्थापन गरेर | कुनै व्यवस्थापन नगरेको |
| गण्डकी | ४१२,६७७ | १५५,७९० | २१२,५०८ | २१,७७७ | २३२,३७४ | ६०,१४६ | ८६,१५० | २३,२७८ |
| गोरखा | ६००२८ | १५४६७ | ३७७०७ | ३७६२ | ३०५०३ | १४८४७ | १०२५२ | २२२० |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | १२८७ | २३३४ | १७८ | २५६८ | २५३५ | ९७३ | ११५ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१८ लिङ्गअनुसार मुख्य कृषक तथा कृषक परिवारको संख्या

राष्ट्रिय कृषिगणना, २०७८ को तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकामा निर्णय प्रक्रिया र कृषि व्यवस्थापनको नेतृत्व गर्ने मुख्य कृषकका रूपमा ६०.५६ प्रतिशत (२,७९७ परिवार) मा पुरुष र ३९.४४ प्रतिशत (१,८२१ परिवार) मा महिलाको नेतृत्व रहेको देखिन्छ। समग्रमा, यो तथ्याङ्कले गाउँपालिकाको कृषि श्रम र जनसाङ्ख्यिक बनोटमा महिलाको बाहुल्यता उच्च रहेको र ग्रामीण कृषि क्षेत्रमा महिला नेतृत्व क्रमशः बलियो बन्दै गइरहेको यथार्थलाई प्रष्ट पार्छ।

**तालिका ८.१५ लिङ्गअनुसार मुख्य कृषकको संख्या तथा कृषक परिवारको जनसंख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | लिङ्गअनुसार मुख्य कृषक संख्या | | कृषक परिवारको जनसंख्या | |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला |
| गण्डकी | ४१२,६७७ | २१५,९६४ | १९६,७१३ | ७३७,५२१ | ८३८,६४९ |
| गोरखा | ६००२८ | ३३६२१ | २६४०७ | ९७७६० | ११२१२६ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | २७९७ | १८२१ | ७२२५ | ८५१३ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.१९ लिङ्गअनुसार कृषि तालिम तथा कृषि क्रियाकलापमा सरदर दिएको समय उल्लेख गर्ने कृषक परिवारको जनसंख्या

राष्ट्रिय कृषिगणना ,२०७८ को तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकामा कृषि कार्यमा पूर्ण वा धेरै समय दिने व्यावसायिक जनसंख्या उच्च रहे पनि औपचारिक तालिमको पहुँच भने निकै न्यून देखिन्छ। गाउँपालिकामा कुल १,१४१ जना (७१२ पुरुष र ४२९ महिला) ले मात्र औपचारिक कृषि तालिम प्राप्त गरेका छन्। कृषि कार्यमा समय लगानीको पाटोलाई हेर्दा आफ्नो सबै समय (१००%) कृषिमा स्पेन्ड गर्ने जनसंख्या

४,०११ (१,७२८ पुरुष र २,२८३ महिला) रहेको छ भने ६०% देखि ९९% सम्म धेरै समय दिने ३,३५१ जना रहेका छन्। यी दुवै उच्च समय दिने श्रेणीहरूमा पुरुषको तुलनामा महिलाहरूको संख्या उल्लेखनीय रूपमा बढी छ, जसले गाउँपालिकाको कृषि श्रम र समयको ठूलो भार महिलाले नै धानेको देखाउँछ।

**तालिका ८.१६ लिङ्गअनुसार कृषि तालिम तथा कृषि क्रियाकलापमा सरदर दिएको समय उल्लेख गर्ने १० वर्ष वा सोभन्दा माथी उमेरका कृषक परिवारको जनसंख्या**

| क्षेत्र | औपचारिक कृषि तालिम लिएका कृषक परिवारको जनसंख्या | | कृषि क्रियाकलापमा सरदर दिएको समयअनुसार कृषक परिवारको जनसंख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कम (<४० प्रतिशत) | | करिब आधा (४० प्रतिशत-५९ प्रतिशत) | | धेरै (६० प्रतिशत-९९ प्रतिशत) | | सबै (१०० प्रतिशत) | | समय नै नदिएको | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| गण्डकी | ५०,०८० | ५१,५०६ | १३६,४०३ | १२५,४०६ | ९५,७२७ | ११०,१२७ | १५०,५६१ | १९८,०८३ | १२९,६८६ | २००,६२५ | ११६,१६८ | १०६,१५३ |
| गोरखा | ६५७७ | ६०८० | १७६१३ | १७४५६ | ११८३७ | १५३३४ | २२०६३ | २८२७३ | १८७२३ | २५५२५ | १४७४८ | १३१२५ |
| भिमसेनथापा गाउँपालिका | ७१२ | ४२९ | १३८३ | १४१४ | ६६० | ११२० | १४७७ | १८७४ | १७२८ | २२८३ | ११०८ | ८६८ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.२० कृषि चलनमा परिवारमूली र कृषि चलनको स्थिति

राष्ट्रिय कृषिगणना, २०७८ को तथ्याङ्क अनुसार भिमसेनथापा गाउँपालिकामा कुल ४,६१८ कृषक परिवारमध्ये ८८.४६ प्रतिशत (४,०८५ परिवार) मा कृषि कार्यको मुख्य निर्णय लिने व्यक्ति (मुख्य कृषक) आफैं परिवारको मूल मुली (Head of Household) रहेका छन्, जसले कृषि सम्बन्धी निर्णय लिन सहजता देखाउँछ। कृषि चलन (Agricultural Holding Operation) को पाटोलाई हेर्दा गाउँपालिकामा ९९.३३ प्रतिशत (४,५८७ परिवार) मा एकल कृषि चलन (एक-चलन) को बर्चस्व रहेको छ, जहाँ परिवार आफैंले मात्र स्वतन्त्र रूपमा खेतीपाती सम्हाल्छन्।

**तालिका ८.१७ कृषि चलनमा परिवारमूली र कृषि चलनको स्थिति**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | परिवारमूली | | कृषि चलनको स्थिति | | |
|---|---|---|---|---|---|---|
| | | मुख्य कृषक आफै परिवारमूली | परिवारमूली अन्य व्यक्ति | एक—चलन परिवार | बहु—चलन परिवार | साझा—चलन परिवार |
| गण्डकी | ४१२,६७७ | ३५२,२४१ | ६०,४३६ | ४०७,००९ | ४,७२९ | ९३८ |
| गोरखा | ६००२८ | ५३४६१ | ६५६७ | ५९६७४ | ३०१ | ५३ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | ४०८५ | ५३३ | ४५८७ | २१ | १० |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.२१ कृषि चलनको प्रमुख क्रियाकलापअनुसार कृषक परिवार संख्या

राष्ट्रिय कृषिगणना, २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा कृषि अर्थतन्त्र पूर्ण रूपमा परम्परागत र निर्वाहमुखी खाद्यान्न बाली उत्पादनमै केन्द्रित रहेको देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये अत्यधिक ९६.८४ प्रतिशत (४,४७२ परिवार) को मुख्य कृषि क्रियाकलाप खाद्यान्न बाली (धान, मकै, कोदो आदि) को खेती नै रहेको छ। यसको तुलनामा कृषि विविधीकरणको अवस्था निकै न्यून छ; जहाँ पशुपालनलाई प्राथमिक आम्दानीको स्रोत बनाउने ७३ परिवार र पन्छीपालनलाई मुख्य विधा बनाउने ४२ परिवार मात्र रहेका छन्। फलफूल खेतीमा केवल १० परिवार मुख्य रूपमा आबद्ध हुँदा व्यावसायिक तरकारी खेती र नगदे बालीलाई आफ्नो प्रमुख उत्पादन विधा मान्ने कृषकको संख्या यस गाउँपालिकामा शून्य रहेको छ।

**तालिका ८.१८ कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापअनुसार कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषि चलनको प्रमुख उत्पादन/क्रियाकलापअनुसार कृषक परिवार संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | खाद्यान्न बाली | तरकारी बाली | फलफूल बाली | नगदे बाली | पशुपालन | पन्छीपालन | अन्य |
| गण्डकी | ४१२,६७७ | ३५८,९३० | २६,६७१ | ५,०५६ | १,११८ | १४,९५२ | ४,६३२ | ४७१ |
| गोरखा | ६००२८ | ५५५९३ | २०१९ | ५९६ | १३ | १२६८ | ४६५ | ७४ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | ४४७२ | ० | १० | ० | ७३ | ४२ | २१ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.२२ कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या

राष्ट्रिय कृषिगणना, २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा कृषि उत्पादन मुख्यतः बजारमुखी नभई आत्मनिर्णय र पारिवारिक उपभोगमै सीमित अर्थात् निर्वाहमुखी प्रकृतिको देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये अत्यधिक ८५.७३ प्रतिशत (३,९५९ परिवार) ले आफ्नो सबै कृषि उत्पादन घरायसी उपभोगका लागि मात्र प्रयोग गर्ने गरेका छन्। उत्पादनको केही हिस्सा भए पनि बजारमा बेच्ने (मुख्य उपभोग

र केही बिक्री) कृषकहरू ११.७८ प्रतिशत (५४४ परिवार) रहेका छन् भने व्यावसायिक रूपमा मुख्य बिक्री र केही उपभोग गर्ने परिवार संख्या केवल २.४९ प्रतिशत (११५ परिवार) मात्र रहेको छ। उत्पादन गरिएका सबै वस्तु बजारमा बिक्री गर्ने (पूर्ण व्यावसायिक) कृषकको संख्या यस गाउँपालिकामा शून्य रहेको छ।

**तालिका ८.१९ कृषि चलनबाट भएको प्रमुख उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषि उत्पादनको मुख्य प्रयोगअनुसार कृषक परिवार संख्या | | | |
|---|---|---|---|---|---|
| | | सबै घरायसी उपभोग | मुख्य घरायसी उपभोग र केही बिक्री | मुख्य बिक्री र केही घरायसी उपभोग | सबै बिक्री |
| गण्डकी | ४१२,६७७ | ३१०,४९२ | ७८,२६४ | २२,१९७ | १,७२३ |
| गोरखा | ६००२८ | ४७४०६ | ९८७३ | २६१९ | १३० |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | ३९५९ | ५४४ | ११५ | ० |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

## ८.२३ कृषक परिवार र आम्दानी सम्वन्धी विवरण

राष्ट्रिय कृषिगणना, २०७८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा बहुसंख्यक परिवारको जीविकोपार्जनको मुख्य आधार कृषि नै रहे पनि उत्पादकत्व कम हुँदा ठूलो हिस्सामा खाद्य असुरक्षा कायम रहेको देखिन्छ। गाउँपालिकाका कुल ४,६१८ कृषक परिवारमध्ये ७६.१८ प्रतिशत (३,५१८ परिवार) को आम्दानीको मुख्य स्रोत कृषि व्यवसाय नै हो भने बाँकी २३.८२ प्रतिशत परिवार गैर-कृषि क्षेत्रमा आश्रित छन्। यद्यपि, आफ्नो कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषकहरूको संख्या ५७.१४ प्रतिशत (२,६३९ परिवार) जति ठूलो रहेको छ। समग्रमा, यो तथ्याङ्कले भिमसेनथापा गाउँपालिकामा कृषिको निर्भरता उच्च भए तापनि परम्परागत खेती प्रणालीका कारण झन्डै आधाभन्दा बढी कृषक परिवारहरू खाद्यान्नमा आत्मनिर्भर हुन नसकेको यथार्थलाई प्रष्ट पार्छ, जसले उत्पादकत्व बढाउन आधुनिक प्रविधि र सिँचाई सुविधाको विस्तार आवश्यक रहेको औंल्याउँछ।

**तालिका ८.२० कृषक परिवारको आम्दानीको मुख्य स्रोत, आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषि चलनको अवस्था तथा परिवारलाई खान नपुग्ने अवधिअनुसार कृषक परिवार संख्या**

| क्षेत्र | जम्मा कृषक परिवार संख्या | कृषक परिवारको आम्दानीको मुख्य स्रोत | | कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरी परिवारलाई खान नपुग्ने कृषक परिवार संख्या |
|---|---|---|---|---|
| | | कृषि | गैर कृषि | |
| गण्डकी | ४१२,६७७ | २७१,९२१ | १४०,७५६ | २६८,१८१ |
| गोरखा | ६००२८ | ४६५२८ | १३५०० | ४१५५७ |
| भिमसेनथापा गाउँपालिका | ४६१८ | ३५१८ | ११०० | २६३९ |

*स्रोत : राष्ट्रिय कृषिगणना २०७८*

# खण्ड ९

# सेवाप्रवाह र विविध

## ९.१ स्थानीय न्यायिक समितिको मुद्दा व्यवस्थापन सम्वन्धी

| क्र.स. | मुद्दाको विवरण | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|
| १ | गत आबाट जिम्मेवारी सारिएको .व. | ५ | ३ | ८ |
| २ | दर्ता भएका उजुरी संख्या | १२ | ३४ | १६ |
| ३ | जम्मा उजुरी संख्या | १७ | ३७ | २४ |
| ४ | फछ्यौट संख्या | १० | २७ | १८ |
| ५ | मिलापत्रबाट फछ्यौट भएको मुद्दा | १० | २७ | १८ |
| ६ | सर्वसम्मतबाट फछ्यौट भएको मुद्दा | १० | २७ | १८ |
| ७ | अन्य निकायमा पठाएको मुद्दा | ४ | २ | ० |
| ८ | प्रकृयामा रहेको मुद्दा | ३ | ८ | ६ |

*स्रोत- भिमसेन थापा गाउँपालिका*

## ९.२ स्थानीय तहको विगत पाँच वर्षको आय र व्ययको विवरण

| आ.व. | आय | व्यय |
|---|---|---|
| २०८१/०८२ | ५५,३४,७०,७०७.७२ | ५१,१३,८७,१८८.१५ |
| २०८०/०८१ | ५८,८९,१२,४२०.७६ | ५२,४२,१४,२३२.०३ |
| २०७९/०८० | ६०,१९,२४,२१२.४५ | ४९,२०,२९,१४५.३८ |
| २०७८/०७९ | ५९,३१,९४,०८८.०२ | ४७,५९,२४,१६३ |
| २०७७/०७८ | ५७,९२,७४,८७२.७२ | ४३,९३,६१,६६० |

*स्रोत- भिमसेन थापा गाउँपालिका*

## ९.३ व्यक्तिगत घटना दर्ताको तथ्याङ्क

| व्यक्तिगत घटना दर्ताको | जन्मदर्ता | | विवाह दर्ता | मृत्यु दर्ता | | पारपाचुके | बसाईसराई |
|---|---|---|---|---|---|---|---|
| आ.व. | पुरुष | महिला | | पुरुष | महिला | | |
| आ.व. २०७९/८० | ४५८ | ४०४ | ४२७ | १५२ | ११२ | २७ | २८३ |
| आ.व. २०८०/८१ | ३७३ | ३१६ | ३०८ | १५२ | ११८ | २० | २७९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आ.व. २०८१/८२ | ३२४ | २८२ | ३०६ | २०१ | ११५ | २४ | ३०५ |

*स्रोत- भिमसेन थापा गाउँपालिका*

# ९.४ भिमसेन थापा गाउँपालिकाभित्र वडाका मतदाता संख्या

**तालिका ९.१ वडा अनुसारको मतदाता संख्या**

| क.स. | वडा | मतदाता संख्या |
|---|---|---|
| १ | १ | ३७७९ |
| २ | २ | २२०७ |
| ३ | ३ | २१७४ |
| ४ | ४ | ३२३६ |
| ५ | ५ | २१०० |
| ६ | ६ | ३०६८ |
| ७ | ७ | २१४४ |
| ८ | ८ | २३१० |

*स्रोत- https://election.gov.np/np/page/voter-list-db*

# ९.५ भिमसेन थापा गाउँपालिकाका जनप्रतिनिधीहरु

**तालिका ९.२ भिमसेन थापा गाउँपालिकाका जनप्रतिनिधीहरु**

| सि.नं. | नाम थर | कार्यालय | फोन नं. |
|---|---|---|---|
| १ | लोक प्रसाद बन्जारा | भिमसेनथापा गाउँपालिका, | ९८५६०७०३३२ |
| २ | अमृता देवी भट्ट (वस्ती)_ | भिमसेनथापा गाउँपालिका, | ९८४६०३९७५४ |
| ३ | विकास श्रेष्ठ | वडा नम्बर १ | ९८५११५८०१० |
| ४ | नारायण प्रसाद भट्टराई | वडा नम्बर २ | ९८५१२१८५६५ |
| ५ | ऋषि राम लामिछाने | वडा नम्बर ३ | ९८५६०४३९८८ |
| ६ | धन बहादुर तामाङ | वडा नम्बर ४ | ९८२४११४३७८ |
| ७ | होम बहादुर बरामु | वडा नम्बर ५ | ९८४६७०४०३३ |
| ८ | रञ्जन रिमाल | वडा नम्बर ६ | ९८६५५९५८०६ |
| ९ | नारायण श्रेष्ठ | वडा नम्बर ७ | ९८५६०२७९९६ |
| १० | विष्णु कुमार श्रेष्ठ | वडा नम्बर ८ | ९८४१६११४५८ |
| ११ | पार्वती थापा | वडा नम्बर १ | ९८४६२५३९५८ |
| १२ | कमला खनाल | वडा नम्बर २ | ९८६०४७२४३३ |
| १३ | टंक कुमारी वि क | वडा नम्बर ४ | ९८२५१८३२७७ |

| | | | |
|---|---|---|---|
| १४ | सम्झना नेपाली बसेल | वडा नम्बर ८ | ९८६६३५७२०३ |
| १५ | गोपाल विश्वकर्मा | वडा नम्बर १ | ९८४६४३२९२८ |
| १६ | कृष्ण बहादुर सुर्खेती | वडा नम्बर ४ | ९८२४१४९८१५ |

*स्रोत- भिमसेन थापा गाउँपालिका*

**तालिका ९.६ स्थानीय तह निर्वाचन २०७९ को भिमसेन थापा गाउँपालिकाको मतपरिणाम**

| क्र.स. | पद | उम्मेदवारको नाम | राजनीतिक दल/स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | लोक प्रसाद बन्जारा | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ५६५१ | |
| २ | उपाध्यक्ष | अमृता देवी वस्ती भट्ट | नेपाली काँग्रेस | ५१४७ | |
| ३ | वडा अध्यक्ष | विकास श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ११३९ | वडा नं.१ |
| ४ | महिला सदस्य | पार्वती थापा | नेपाली काँग्रेस | १०६६ | वडा नं.१ |
| ५ | दलित महिला | सम्झना बयल्कोटी | नेपाली काँग्रेस | १०५३ | वडा नं.१ |
| ६ | सदस्य | महेन्द्र लाल बाडा | नेपाली काँग्रेस | १०२३ | वडा नं.१ |
| ७ | सदस्य | सितल गुभाजु | नेपाली काँग्रेस | ९८४ | वडा नं.१ |
| ८ | वडा अध्यक्ष | नारायण प्रसाद भट्टराई | नेपाली काँग्रेस | ७५२ | वडा नं.२ |
| ९ | महिला सदस्य | कमला खनाल | नेपाली काँग्रेस | ७०५ | वडा नं.२ |
| १० | दलित महिला | रिता सुनार | नेपाली काँग्रेस | ७४० | वडा नं.२ |
| ११ | सदस्य | डण्ड पाणि पाण्डे | नेपाली काँग्रेस | ६९६ | वडा नं.२ |
| १२ | सदस्य | लक्ष्मण लामिछाने | नेपाली काँग्रेस | ६३६ | वडा नं.२ |
| १३ | वडा अध्यक्ष | ऋषि राम लामिछाने | नेपाली काँग्रेस | ५८८ | वडा नं.३ |
| १४ | महिला सदस्य | सुमित्रा दाहाल | नेपाली काँग्रेस | ६८९ | वडा नं.३ |
| १५ | दलित महिला | कोपिला नेपाली | कोपिला नेपाली | ६९७ | वडा नं.३ |
| १६ | सदस्य | पुष्प राज भुजेल | नेपाली काँग्रेस | ७१४ | वडा नं.३ |
| १७ | सदस्य | दिननाथ अधिकारी | नेपाली काँग्रेस | ६२२ | वडा नं.३ |
| १८ | वडा अध्यक्ष | धन बहादुर तामाङ | नेपाली काँग्रेस | ७६१ | वडा नं.४ |
| १९ | महिला सदस्य | विन्दा परियार | नेपाली काँग्रेस | ७७३ | वडा नं.४ |
| २० | दलित महिला | टंक कुमारी बि.क. | नेपाली काँग्रेस | ७८३ | वडा नं.४ |
| २१ | सदस्य | चुडा मणी सिंखडा | नेपाली काँग्रेस | ७९९ | वडा नं.४ |
| २२ | सदस्य | सैलेन्द्र कुमार शाक्य | नेपाली काँग्रेस | ७६४ | वडा नं.४ |
| २३ | वडा अध्यक्ष | होम बहादुर बरामु | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ५०२ | वडा नं.५ |
| २४ | महिला सदस्य | सुस्मा भट्ट | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ५१२ | वडा नं.५ |
| २५ | दलित महिला | कल्पना बि.क. | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ५३१ | वडा नं.५ |
| २६ | सदस्य | सूर्य बहादुर बोहोरा | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ४८६ | वडा नं.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | सदस्य | काजी राम ढकाल | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ४७६ | वडा नं.५ |
| २८ | वडा अध्यक्ष | रञ्जन रिमाल | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ९०८ | वडा नं.६ |
| २९ | महिला सदस्य | मिना वाग्ले | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ९१७ | वडा नं.६ |
| ३० | दलित महिला | ईश्वरी नेपाली | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ८८५ | वडा नं.६ |
| ३१ | सदस्य | शंकर राना मगर | नेपाल कम्युनिष्ट पार्टी (एमाले ) | ८३७ | वडा नं.६ |
| ३२ | सदस्य | मोहोम्मद हकिम | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ८०७ | वडा नं.६ |
| ३३ | वडा अध्यक्ष | नारायण श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ६४९ | वडा नं.७ |
| ३४ | महिला सदस्य | मालती तिवारी ढकाल | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ५३५ | वडा नं.७ |
| ३५ | दलित महिला | मिना सार्की | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ५५१ | वडा नं.७ |
| ३६ | सदस्य | राम प्रसाद पाण्डे | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ५४७ | वडा नं.७ |
| ३७ | सदस्य | जिवन कुमाल | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ५२८ | वडा नं.७ |
| ३८ | वडा अध्यक्ष | विष्णु कुमार श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ४०५ | वडा नं.८ |
| ३९ | महिला सदस्य | सम्झना नेपाली वसेल | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ४४७ | वडा नं.८ |
| ४० | दलित महिला | चिनी माया नेपाली | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ४७० | वडा नं.८ |
| ४१ | सदस्य | समुन्द्र श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ४७३ | वडा नं.८ |
| ४२ | सदस्य | राम कुमार दरै | नेपाल कम्युनिष्ट पार्टी ( माओवादी | ४७० | वडा नं.८ |

*स्रोतः निर्वाचन आयोग नेपाल https://election.gov.np*

## अनुसूची १ : जनसंख्या प्रक्षेपण

भिमसेन थापा गाउँपालिकाको सन् २०२१ देखी सन् २०३५ सम्मको जनसंख्या प्रक्षेपण

| सन् | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| २०२१ | १७०४८ | ७७४० | ९३०८ |
| २०२२ | १६५७६ | ७४४३ | ९१३३ |
| २०२३ | १६१५३ | ७१७७ | ८९७६ |
| २०२४ | १५७१२ | ६९१९ | ८७९३ |
| २०२५ | १५२९९ | ६६७० | ८६२९ |
| २०२६ | १४८४८ | ६४१७ | ८४३१ |
| २०२७ | १४४६४ | ६१९९ | ८२६५ |
| २०२८ | १४१०४ | ५९९६ | ८१०८ |
| २०२९ | १३७४५ | ५८०५ | ७९४० |
| २०३० | १३३७१ | ५६१६ | ७७५५ |
| २०३१ | १३०१७ | ५४३६ | ७५८१ |
| २०३२ | १२७१६ | ५२८३ | ७४३३ |
| २०३३ | १२३६९ | ५१०९ | ७२६० |
| २०३४ | १२०७६ | ४९६२ | ७११४ |
| २०३५ | ११८१३ | ४८४२ | ६९७१ |

## अनुसूची २ : तथ्याङ्क समन्वय कार्यालयहरु तथा कार्यक्षेत्रहरु

| सि.नं. | प्रदेश | कार्यालय रहेको स्थान | कार्यक्षेत्र | समन्वय गर्नु पर्ने स्थानीय तहको संख्या |
|---|---|---|---|---|
| १ | कोशी | विराटनगर, मोरङ | मोरङ, सुनसरी, उदयपुर, धनकुटा, तेह्रथुम, संखुवासभा | ६० |
| २ | कोशी | इलाम, इलाम | इलाम, पाँचथर, ताप्लेजुङ, झापा | ४२ |
| ३ | कोशी | दिक्तेल, खोटाङ | खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, भोजपुर | ३५ |
| ४ | मधेश | जनकपुर, धनुषा | धनुषा, ससरी, सिराहा, महोत्तरी | ६८ |
| ५ | मधेश | बिरगञ्ज, पर्सा | पर्सा, बारा, रौतहट, सर्लाही | ६८ |
| ६ | बागमती | हेटौंडा, मकवानपुर | मकवानपुर, चितवन, सिन्धुली | २६ |
| ७ | बागमती | धुलिखेल, काभ्रेपलाञ्चोक | काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रामेछाप, दोलखा | ४२ |
| ८ | बागमती | काठमाडौं, काठमाडौं | काठमाडौं, ललितपुर, भक्तपुर, धादिङ, नुवाकोट, रसुवा | ५१ |
| ९ | गण्डकी | पोखरा, कास्की | कास्की, तनहुँ, नवलपरासी बर्दघाट)सुस्ता पूर्व( | २३ |
| १० | गण्डकी | गोरखा, गोरखा | गोरखा, लमजुङ, मनाङ | २३ |
| ११ | गण्डकी | बागलुङ, बागलुङ | बागलुङ, स्याङ्जा, पर्वत, म्याग्दी, मुस्ताङ | ३९ |
| १२ | लुम्बिनी | भैरहवा, रुपन्देही | रुपन्देही, नवलपरासी बर्दघाट )(सुस्ता पश्चिम, कपिलवस्तु | ३३ |

| | | | | |
|---|---|---|---|---|
| १३ | लुम्बिनी | तानसेन, पाल्पा | पाल्पा, गुल्मी, अर्घाखाँची | २८ |
| १४ | लुम्बिनी | घोराही, दाङ | दाङ, बाँके, बर्दिया, रोल्पा, प्यूठान, रुकुम (पूर्वी भाग) | ४८ |
| १५ | कर्णाली | विरेन्द्रनगर, सुर्खेत | सुर्खेत, सल्यान, जाजरकोट, रुकुम (पश्चिम भाग), दैलेख | ४३ |
| १६ | कर्णाली | खलङ्गा, जुम्ला | जुम्ला, मुगु, कालिकोट, हुम्ला, डोल्पा | ३६ |
| १७ | सुदुर पश्चिम | धनगढी, कैलाली | कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, बझाङ, दार्चुला | ६० |
| १८ | सुदुर पश्चिम | दिपायल, डोटी | डोटी, अछाम, बाजुरा | २८ |

## अनुसूची ३ : जनसांख्यिक सूचकहरु : परिभाषा र विधि

| क्रम संख्या | विषय | परिभाषा |
|---|---|---|
| १ | अक्सर आर्थिक रूपले सक्रिय जनसंख्या ( प्रतिशत) | कुनै पनि आर्थिक काम गरेको वा आर्थिक काम खोजेको समयको जोड ६ महिना वा सोभन्दा बढी भएका १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरू र सोही उमेर समूहका आर्थिक रूपले सक्रिय जनसंख्याको समानुपात प्रतिशत (काम गरेको महिना काम खोजेको अवधि १ महिना) |
| २ | अक्सर रोजगार जनसंख्या ( प्रतिशत) | १० वर्ष वा सोभन्दा माथि उमेरका अक्सर रोजगारमा रहेको जनसंख्या र सोही उमेर समूहका अक्सर आर्थिक रूपले सक्रिय जनसंख्याको समानुपात प्रतिशत। अक्सर रोजगार जनसंख्याको गणना गर्दा व्यक्तिले काम गरेको समय काम नगरेको समयभन्दा बढी भएको कुल जम्मा जनसंख्यालाई अक्सर रोजगारमा रहेको जनसंख्या मानिन्छ। अक्सर आर्थिक रूपले सक्रिय जनसंख्यालाई अक्सर रोजगार र अक्सर बेरोजगार गरी दुई समूहमा विभाजन गर्न सकिन्छ। (काम गरेको महिना काम खोजेको अवधि ६ महिना वा सो भन्दा बढी) |

| | | |
|---|---|---|
| ३ | १० वर्ष वा सोभन्दा माथि उमेरका अक्सर रोजगारमा रहेको जनसंख्या र अक्सर रोजगार सम्भावित श्रमशक्ति जनसंख्याको ( प्रतिशत) | सोही उमेर समूहका कुल जनसंख्या (कुल श्रमशक्ति) को समानुपात प्रतिशत। अक्सर रोजगार जनसंख्यालाई १० वर्ष वा सोभन्दा माथिको सम्भावित श्रमशक्तिले भाग गरी यो सूचक निकालिन्छ। यसले सम्भावित श्रमशक्तिमा कति मानिसहरू रोजगारमा रहेछन् भनि अनुमान गर्न सहज हुन्छ। |
| ४ | अक्सर बेरोजगार जनसंख्या ( प्रतिशत) | १० वर्ष वा सोभन्दा माथि उमेरका अक्सर बेरोजगारमा रहेको जनसंख्या र सोही उमेर समूहका अक्सर आर्थिक रूपले सक्रिय जनसंख्याको समानुपात प्रतिशत। अक्सर बेरोजगार जनसंख्याको गणना गर्दा व्यक्तिले काम गरेको समय काम नगरेको भन्दा कम भएको कुल जम्मा जनसंख्यालाई अक्सर बेरोजगारमा रहेको जनसंख्या मानिन्छ। |
| ५ | अनुपस्थित स्वदेश जनसंख्या ( प्रतिशत) | परिवारबाट छुट्टी भिन्न नभएका र परिवारमा पुनः फर्किआउने सम्भावना भएका कुनै सदस्य बसोबास गरिरहेको स्थान छोडी स्वदेशभित्रै अन्यत्र अक्सर बसोबास गरेको जनसंख्या र कुल जनसंख्याको समानुपात प्रतिशत |
| ६ | अनुपस्थित विदेश जनसंख्या ( प्रतिशत) | परिवारबाट छुट्टी भिन्न नभएका र परिवारमा पुनः फर्किआउने सम्भावना भएका कुनै सदस्य बसोबास गरिरहेको स्थान छोडी हाल विदेशमा अक्सर बसोबास गरेको जनसंख्या र कुल जनसंख्याको समानुपात प्रतिशत |
| ७ | आर्थिक रूपले सक्रिय जनसंख्या ( प्रतिशत) | कम्तीमा एक महिना जुनसुकै आर्थिक काम जतिसुकै अवधिको लागि गरेका वा कुनै पनि आर्थिक कामको खोजी गरेका १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरू र सोही उमेर समूहका कुल जनसंख्याको समानुपात प्रतिशत |
| ८ | औसत आयु | कुनै पनि व्यक्तिको औसत बाँच्ने अवधि नै औसत आयु हो। |
| ९ | कुल पुनरूत्पादन दर (GRR) | एउटा महिलाले आफ्नो प्रजनन अवधिभरमा (१५-४९ वर्षमा) जन्माउने जम्माजम्मी छोरीहरूको संख्या |
| १० | कुल बसाईँसराइ दर (Gross migration Rate) | कुनै एक वर्षमा कुनै देशमा बसाईँ सरेर आउने जनसंख्या र सोही अवधिमा सोही देशबाट बसाईँ सरेर जाने जनसंख्या र सो देशको मध्यवर्षको जनसंख्याको अनुपातलाई १००००० ले गुणन गरी आउने दर। यो दर निकाल्दा पछिल्ला पाँच वर्षमा बसाईँसरेका व्यक्तिहरूलाई समावेश गरिएको छ। |

| | | |
|---|---|---|
| ११ | कुल प्रजनन दर (Total Fertility Rate TFR) | १५ देखि ४९ वर्षका महिलाले विशिष्टीकृत उमेर समूह (पाँच वर्षको उमेर समूह) मा जन्माएका बच्चाहरूको संख्याको योगफल र उक्त उमेर समूहका महिलाको जनसंख्याको अनुपातलाई पाँचले गुणन गरी आउने दर। अर्थात् १५ देखि ४९ वर्षसम्मको एकजना महिलाले प्रजनन अवधिभर जन्माउने जीवित जन्मको जम्मा बच्चा संख्या नै कुल प्रजनन दर हो। राष्ट्रिय जनगणना २०५८ र २०६८ मा जस्तै बच्ट्र्याखब अनुमान विधिको प्रयोग गरी २०७८ मा पनि कुल प्रजनन दर तयार गरिएको छ। यस विधिमा जनगणना २०६८ र २०७८ को अवधिमा १५ देखि ४९ वर्षका महिलाले उक्त अवधिमा हालसम्म जन्माएका बच्चाहरू (Child Ever Born–CEB) को तथ्याङ्क प्रयोग गरिन्छ। |
| १२ | कोरा जन्मदर (प्रति १०००) (Crude Birth Rate– CBR) | कुनै निश्चित अवधिमा (एक वर्षमा) प्रतिहजार जनसंख्यामा जिउँदै जन्मेका शिशुहरूको जनसंख्या |
| १३ | कोरा मृत्युदर (CDR) | कुनै निश्चित ठाउँमा एक वर्षभरिमा प्रतिहजार जनसंख्यामा मृत्यु हुने व्यक्तिहरूको संख्या |
| १४ | खुद बसाइँसराइदर (Net migration Rate) | कुनै एक वर्षमा कुनै देशमा बसाइँ सरेर अन्य देशबाट आउने जनसंख्याबाट सोही अवधिमा सोही देशबाट बसाइँ सरेर अन्य देशमा जाने जनसंख्याको अन्तर र सो स्थानको मध्यवर्षको जनसंख्याको अनुपातलाई १००००० ले गुणन गरी आउने दर। यो दर निकाल्दा पछिल्ला पाँच वर्षमा बसाइँसरेका व्यक्तिहरूलाई समावेश गरिएको छ। |
| १५ | खुदः पुनरूत्पादन दर (NRR) | कुनै १५-४९ वर्षका बाँचेको महिला (Surviving Women) ले आफ्नो प्रजनन अवधिमा जन्माउने छोरीहरूको वास्तविक संख्या। |
| १६ | एकल परिवार | परिवारमा एक जना मात्र भएको र परिवारमा बाबु र/वा आमा र अविवाहित छोरा र/वा छोरी मात्र भएको परिवारको संख्या र जम्मा परिवारको समानुपात प्रतिशत |
| १७ | संयुक्त परिवार | एकल परिवार बाहेक बाँकी सबै परिवार र जम्मा परिवारको समानुपात प्रतिशत |
| १८ | पहिलोपटक विवाह गर्दाको औसत उमेर | १० वर्षभन्दा माथि उमेर भएका विवाहित व्यक्तिहरूको पहिलोपटक विवाह गर्दाको औसत उमेर |

| | | |
|---|---|---|
| १९ | पहिलो विवाह गर्नु अघिको सरदर उमेर (Singulate mean age at marriage) | पहिलो विवाह अघि महिला र पुरूषको समूहले विवाह नगरी बिताएको औसत समयावधि अर्थात् विवाहपूर्व एकल अवस्थामा बसेको औसत उमेर। यसले ५० वर्ष पुग्नुअघि १५ वर्ष वा सोभन्दा माथिका महिला वा पुरूषको विवाहको औसत उमेर भन्ने जनाउँछ। यस विधिमा उमेरको आधारमा वैवाहिक स्थितिको तथ्याङ्क प्रयोग गरेर अप्रत्यक्ष विधिद्वारा पहिलो विवाहको औसत उमेर अनुमानित गरिन्छ जसलाई विवाहको औसत उमेर (Singulate mean age at marriage – SMAM) भनिन्छ |
| २० | प्राकृतिक वृद्धि दर (Rate of Natural Increase– RNI) | कोरा जन्मदर र कोरा मृत्युदरको अन्तर। जनसंख्याको परिवर्तन जन्म र मृत्युको कारणले मात्र हुन्छ भने त्यसलाई प्राकृतिक वृद्धिदर भनिन्छ। यस मापनमा अन्तर्राष्ट्रिय बसाइँसराइको प्रभाव शून्य हुन्छ र जनसंख्याको परिवर्तन जन्म र मृत्युको कारणले मात्र हुन्छ भन्ने मान्यता राख्दछ। |
| २१ | बच्चा जन्माउने औसत उमेर (Mean Age of Child Bearing– MACB) | १५-४९ उमेरका महिलाले बच्चा जन्माउने औसत उमेर हो। यो सूचकको गणना उमेर समूहको मध्य अंक र उमेर विशिष्टीकृत प्रजनन दरको गुणनको योगफललाई उमेर विशिष्टीकृत प्रजनन दरको योगफलले भाग गरी १००० ले गुणन गरिन्छ। |
| २२ | बाल—आश्रित अनुपात | काम गर्ने उमेरका (१५-६४ वर्षको) जनसंख्यामा बालबालिका (०-१४ वर्ष) को जनसंख्याको अनुपात प्रतिशत |
| २३ | बालबालिका र महिलाको अनुपात | शून्यदेखि चार वर्षका बालबालिकाको जनसंख्या र १५ देखि ४९ वर्षका महिलाहरूको जनसंख्याको अनुपात प्रतिहजार |
| २४ | बालविवाहको अनुपात | २० देखि २४ वर्ष उमेरका महिलाले १८ वर्ष नपुग्दै विवाह गरेको अनुपात प्रतिशत |
| २५ | बाल मृत्युदर | एक वर्षदेखि पाँच वर्षमुनिका (१-४ वर्ष) प्रतिहजार बालबालिकामध्ये कुनै एक वर्षभित्र मृत्यु हुने बालबालिकाको संख्या |
| २६ | बाहिरी बसाइँसराइदर (Out-migration Rate) | कुनै एक वर्षमा कुनै स्थानबाट कुनै निश्चित भौगोलिक क्षेत्र पार गरेर बाहिर अन्यत्र ठाउँमा बसोबास गर्न जाने जनसंख्या र उक्त क्षेत्रको जम्मा जनसंख्याको अनुपात प्रतिलाख जनसंख्यामा। यो दर निकाल्दा पछिल्ला पाँच वर्षमा बसाइँसरेका व्यक्तिहरूलाई समावेश गरिएको छ। |
| २७ | वृद्धौली सूचकाङ्क | उमेर ६० वर्ष वा सोभन्दा माथिको जनसंख्यामा ० देखि १४ वर्षका बालबालिका जनसंख्याको अनुपात प्रतिशत |

| | | |
|---|---|---|
| २८ | वृद्ध—आश्रित अनुपात | काम गर्ने उमेरका (१५-६४ वर्षका) जनसंख्यामा वृद्ध (६५ वर्ष वा सोभन्दा माथि) को जनसंख्याको अनुपात प्रतिशत |
| २९ | भित्री बसाइँसराइ दर (In-migration Rate) | कुनै एक वर्षमा कुनै स्थानमा कुनै निश्चित भौगोलिक क्षेत्र पार गरेर बाहिरको ठाउँबाट त्यस ठाउँमा बसोबास गर्न आउने मानिसहरूको जनसंख्या र सोही अवधिको सो क्षेत्रको जम्मा जनसंख्याको अनुपात प्रति लाख जनसंख्यामा। यो दर निकाल्दा पछिल्ला पाँच वर्षमा बसाइँसरेका व्यक्तिहरूलाई समावेश गरिएको छ। |
| ३० | मातृ मृत्यु अनुपात (Maternal Mortality Ratio–MMR) | प्रति १ लाख बच्चाको जन्ममा महिला गर्भवती भएदेखि वा बच्चा जन्माउने क्रममा वा सुत्केरी भएको ४२ दिनसम्म प्रसुतिको कारणले मृत्यु भएका आमाको संख्याको अनुपात मातृ मृत्यु अनुपात (Maternal Mortality Ratio–MMR हो)। |
| ३१ | लैङ्गिक अनुपात | पुरूषको जनसंख्या र महिलाको जनसंख्या अनुपात अर्थात् प्रति १०० जना महिलामा पुरूषको संख्या |
| ३२ | विशिष्टीकृत कोरा मृत्युदर (Standardised Crude Death Rate–SCDR) | उमेर समूह अनुसारको समायोजित जनसंख्याको मृत्यु दर हो। यो जनसंख्याको उमेर-विशिष्ट मृत्युदर र सोही उमेर समूहको गहनको योगफललाई स्तरीकृत जनसंख्याले भाग गरी प्रति हजार जनसंख्यामा दर निकालिन्छ। मृत्युका धेरैजसो कारणहरू मानिसहरूको उमेर र लिङ्ग अनुसार फरक-फरक हुने हुनाले, स्तरीकृत मृत्युदरको प्रयोगले समय र देशहरू बिचको तुलनात्मकता सुधार गर्छ। |
| ३३ | शिशु मृत्युदर | प्रतिहजार जीवित जन्मेका शिशुहरूमध्ये एक वर्षको उमेर नपुग्दै (शिशु उमेरमा) मृत्यु हुने शिशुहरूको संख्या |
| ३४ | सहरी जनसंख्या ( प्रतिशत) | न्युनतम ३ देखि १५ भन्दा बढी व्यक्ति/हेक्टर जनघनत्व र ५,००० भन्दा बढी जनसंख्यासहित ४ ग्रिडको निकटता भएको जनसंख्या र कुल जनसंख्याको समानुपात प्रतिशत |
| ३५ | सहरोन्मुख जनसंख्या ( प्रतिशत) | ३ देखि १५ व्यक्ति/हेक्टरका बिचमा जनघनत्व र जनसंख्याको न्युनतम सिमाविना ८ ग्रिडको निकटता भएको जनसंख्या र कुल जनसंख्याको समानुपात प्रतिशत |
| ३६ | ग्रामीण जनसंख्या ( प्रतिशत) | ३ व्यक्ति/हेक्टर वा सोभन्दा कम जनघनत्व र ५,००० भन्दा बढी जनसंख्या नभई ८ ग्रिडको निकटता भएको जनसंख्या र कुल जनसंख्याको समानुपात प्रतिशत |

| | | |
|---|---|---|
| ३७ | स्तरीकृत कोरा जन्मदर (Standardised Crude Birth Rate– SCBR) | उमेर समूह अनुसारको समायोजित जनसंख्याको जन्म दर हो। यो जनसंख्याको उमेर-विशिष्ट जन्मदर र सोही उमेर समूहका महिला गुणनफलको योगलाई कुल जनसंख्याले भाग गरी प्रतिहजार जनसंख्यामा दर निकालिन्छ। जन्मका उमेर र लिङ्गअनुसार फरक-फरक हुने हुनाले, स्तरीकृत जन्म दरको प्रयोगले समय र देशहरूको बिचको तुलनात्मकता अध्ययन गर्न मद्दत गर्दछ। |

## अनुसूची ४: अवधारणा र परिभाषा

**घरपरिवारः** एउटा घरमुलीको आम्दानी र खर्चमा भर परि एउटै घरको छाना मुनि अक्सर बसोबास गरि एउटै चुलोमा खाना खाने व्यक्तिहरूको समूहलाई घर परिवार भनिन्छ । घर परिवारमा १ जना मात्र वा सो भन्दा बढी सदस्यहरू बस्न सक्छन् । नाता पर्ने वा नपर्ने सदस्यहरू पनि घरपरिवारका सदस्य हुन सक्छन् ।

**घरपरिवार मुलीः** घर परिवारको आम्दानी खर्चको चाँजोपाँजो मिलाउने र आवश्यक पर्ने घर परिवारको सम्पुर्ण कुराको निर्णय गर्ने परिवारको सदस्यलाई परिवारमुली भनिन्छ ।

**जनसंख्याः** निश्चित क्षेत्र भित्र अक्सर बसोबास (स्थायी वा अस्थायी रुपमा ) गरेका घरपरिवारका सदस्यहरूलाई जनसंख्यामा गणना गरिएको छ । लामो समयका लागि घरपरिवारबाट बाहिर गएका सदस्यलाई अनुपस्थित जनसंख्याको रुपमा गणना गरिएको छ ।

**विदेशमा रहेको जनसंख्या वा अनुपस्थित जनसंख्याः** गणनाको समयमा कुनै परिवारको सदस्य लामो समयदेखि वा लामो समयका लागि ( छ महिना वा सो भन्दा बढी ) विदेशमा रहेको वा छोटो समयको लागि घरमा आएको भए पनि विदेशमा रहेको जनसंख्यामा गणना गरिएको छ । छोटो समयको लागि तीर्थाटन, भ्रमण वा उपचारका लागि विदेश गएका वा पुन नजाने गरि आएका परिवार सदस्यहरूलाई विदेशमा रहेको जनसंख्यामा गणना गरिएको छैन ।

**संस्थागत जनसंख्याः** नेपाली सेना, जनपथ प्रहरी र शसस्त्र प्रहरीमा रहेका ,कारागारमा रहेका, छात्राबास, धर्मशाला आदिमा सामुहिक रुपमा बसेका व्यक्तिहरूलाई संस्थागत जनसंख्यामा गणना गरिएको छ ।

**वार्षिक जनसंख्या बृद्धिदरः** दुई जनगणना वर्षको जनसंख्यालाई आधार लिई Population Models अन्तर्गतको सूत्रहरू प्रयोग गरि वार्षिक रुपमा जनसंख्यामा थपघटको प्रतिशतमा निकालिने बृद्धिदरलाई वार्षिक जनसंख्याबृद्धिदर भनिन्छ ।

**जनघनत्त्वः** कुनै निश्चित ठाउको कुल जनसंख्यालाई त्यस स्थानको कुल क्षेत्रफलले भाग गरि आउने मानलाई त्यस ठाउँको जनघनत्त्व भनिन्छ ।

**लैङ्गिक अनुपातः** कुनै निश्चित ठाउको पुरुष जनसंख्यालाई महिला जनसंख्याले भाग गरि १०० ले गुणन गरि आउने मान लैङ्गिक अनुपात हो । यसले १०० जना महिला जनसंख्यामा पुरुष जनसंख्या भन्ने जनाउँछ ।

**बाल निर्भरता दरः** कुनै ठाउ ०-१४ वर्ष सम्मको जनसंख्यालाई १५ -४९ वर्ष सम्मको जनसंख्याले भाग गरि आउने प्रतिशतको मानलाई बाल निर्भरता दर भनिन्छ ।

**प्रौढ निर्भरता दरः** कुनै ठाउको ६० वर्ष वा सो भन्दा माथिको कुल जनसंख्यालाई १५ देखि ५९ वर्षसम्मको कुल जनसंख्याले भाग गरि आउने प्रतिशतको मानलाई प्रौढ निर्भरता दर भनिन्छ ।

**कुल निर्भरता दरः** कुनै ठाउको ०-१४ वर्ष सम्मको र ६० वर्ष वा सो भन्दा माथिको दुवैको कुल जनसंख्यालाई १५ देखि ५९ वर्षसम्मको कुल जनसंख्याले भाग गरि आउने प्रतिशतको मानलाई कुल निर्भरता दर भनिन्छ ।

**प्रजनन् योग्य उमेरः** १५ देखि ४९ वर्षसम्मका महिलाहरूको जनसंख्यालाई प्रजनन् योग्य उमेरको जनसंख्या भनिन्छ । मातृ'शिशु अनुपातः कुनै ठाउँको ०-१४ वर्ष सम्मको बाल जनसंख्यालाई १५ देखि ४९ बर्ष सम्मको महिलाको कुल जनसंख्याले भाग गरि १००० ले गुणान गरि आउने मान मातृशिशु अनुपात हो ।

**पढ्न लेख्न जान्नेः** गणना गर्ने परिवारका ५ बर्ष वा सो भन्दा बढी उमेरका सदस्यहरू जुनसुकै भाषामा पढ्न लेख्न जान्नेलाई पढ्नलेख्न जान्नेमा उल्लेख गरिएको छ ।

**साक्षरता दरः** नेपालको सन्दर्भमा राष्ट्रिय जनगणना २०६८ अनुसार कुनै ठाउको ५ बर्ष वा सो भन्दा माथिको उमेर समूहको साक्षर जनसंख्या (पढ्न लेख्न र साधरण हरहिसाव गर्न जान्ने) लाई सोही उमेर समूहको जम्मा जनसंख्याले भाग गरि १०० ले गुणान गरि आउने मान साक्षरता दर हो ।

**प्रौढ साक्षरता दरः** कुनै ठाउको १५ बर्ष वा सो भन्दा बढी उमेरका साक्षर पौढहरूको जनसंख्यालाई सोही उमेर समूहको कुल पौढहरूको जनसंख्याले भाग गरि १०० ले गुणान गरि आउने प्रतिशतको मानलाई प्रौढ साक्षरता दर भनिन्छ ।

**कुलभर्ना दरः** कुनै विद्यालयको कुनै तहको कुल विद्यार्थी भर्ना सङ्ख्यालाई सोही तहको उमेर समूह देखि ५वर्ष देखि ९ वर्षसम्माको जनसंख्याले भाग गरि १०० ले गुणान गर्दा आउने प्रतिशत नै कुल भर्ना दर हो । नेपालको प्राथमिक तहको आधिकारिक उमेर ५ देखि ९ बर्ष सम्म रहेको छ । कुल भर्नादर १०० भन्दा बढी पनि हुन सक्दछ ।

**खुद भर्ना दरः** कुनै विद्यालयको कुनै तहको कुल विद्यार्थी भर्ना सङ्ख्या (आधिकारिक उमेरका मात्र) लाई सोही तहको उमेर समूह (आधिकारिक उमेर) को जम्मा जनसंख्याले भागगरि १०० ले गुणान गर्दा आउने प्रतिशत नै खुद भर्नादर हो । खुद भर्नादर १०० भन्दा बढी हुन सक्दैन ।

**परिवार नियोजन साधन प्रयोगकर्तादरः** परिवार नियोजनका स्थायी वा अस्थायी साधन प्रयोग गर्ने विवाहित जनसंख्यालाई जम्माविवाहित जनसंख्याले भाग गरि १०० ले गुणन गर्दा आउने प्रतिशत नै परिवार नियोजन साधन प्रयोगकर्तादर हो ।

**आर्थिक क्रियाकलाप दरः** १० वर्ष वा सो भन्दा माथिको उमेर समूहको आर्थिक रुपमा सक्रिय जनसंख्यालाई सोही उमेर समूहको जम्मा जनसंख्याले भाग गरि १०० ले गुणन गर्दा आउने प्रतिशत नै आर्थिक क्रियाकलाप दर हो । आर्थिक रुपमा सक्रिय जनसंख्यामा रोजगार र बेरोजगार दुबै जनसंख्यालाई समावेश गरिन्छ ।

**कुल रोजगार दरः** १० वर्ष वा सो भन्दा माथिको उमेर समूहको जम्मा रोजगार जनसंख्यालाई सोही उमेर समूहको जम्मा आर्थिक रुपमा सक्रिय जनसंख्याले भाग गरि १०० ले गुणन गर्दा आउने प्रतिशत नै कुल रोजगारी दर हो ।

**कुल बेरोजगार दरः** १० वर्ष वा सो भन्दा माथिको उमेर समूहको जम्मा बेरोजगार जनसंख्यालाई सोही उमेर समूहको जम्मा आर्थिक रुपमा सक्रिय जनसंख्याले भाग गरि १०० ले गुणन गर्दा आउने प्रतिशत नै कुल बेरोजगारी दर हो ।

**कृषि चलनः** पहाड तथा हिमालमा ४ आना र तराइमा ८ धुर वा सो भन्दा बढी कृषि कार्यका लागि जग्गा उपयोग गर्ने वा कम्तीमा १ ठुलो चौपाया वा कम्तीमा ५ वटा साना चौपाया वा कम्तीमा २० वटा कुखुरा हाँस जस्ता पक्षीपालन गर्ने कृषक परिवारलाई कृषि चलन भनिन्छ ।

**प्रतिष्ठानः** एउटा प्रशासनिक इकाइमा रही एउटा प्रमुख वस्तु तथा सेवाको उत्पादन गर्ने कुनै एक स्थानमा रहेको निकाय तथा उद्योगलाई प्रतिष्ठान भनिन्छ । औद्योगिक गणनाको परिभाषा अनुसार १० जना वा सो भन्दा बढी व्यक्ति संलग्न रहेको उत्पादन मुलक उद्योगलाई ठूला प्रतिष्ठानमा गणना गरिन्छ ।

## सन्दर्भ सूची


१. *राष्ट्रिय जनगणना २०७८ को नतिजा प्रतिवेदनहरू, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाडौं।*

२. *भिमसेन थापा गाउँपालिकाको वेबसाइट (https://bhimsenthapamun.gov.np/), भिमसेन थापा गाउँपालिका।*

३. *राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा तयार गरिएको अन्य पालिकास्तरीय जनसांख्यिक प्रतिवेदनहरू*

४. *www.nsoneral.gov.np*

५. *www.censusnepal.cbs.gov.np*

६. *www.agricensusnepal.gov.np*

७. *निर्वाचन आयोग, नेपाल /https://election.gov.np/np*